# शैल्यशिखर नगरपालिकाको दस वर्षीय नगर शिक्षा योजना

## Ten Year Minicipal Education Plan of Shailyashikhar Municipality

**आर्थिक तथा प्राविधिक सहयोग**

शैल्यशिखर नगरपालिका

EU UNICEF

सामुदायिक विकास केन्द्र डोटी

गुणस्तरीय सिकाईका लागि विद्यालय शिक्षा क्षेत्र योजना तथा बजेट निर्माणमा स्थानिय सरकारको क्षमता अभिबृद्धि कार्यक्रम

**योजना तर्जुमा सहजीकरण**

शैल्यशिखर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रकाशक** : शैल्यशिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोकुलेश्वर, दार्चुला
**सर्वाधिकार** : प्रकाशकमा
**प्रकाशन मिति** : २०८१
**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय,
गोकुलेश्वर, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन न. : ०९३-४०००८६
इमेल : shailyashikhar.gov@gmail.com
मुद्रण : ... प्रति
प्रथम संस्करण : २०८१

)शैल्यशिखर नगरपालिकाको लिखित स्वीकृति विना यसको पूरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन। गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिने छ। (

# शैल्यशिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोकुलेश्वर, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल



## नगर प्रमुखको सन्देश

देश बिकासको मूल आधार शिक्षा हो । गुणस्तरिय शिक्षा बिना ब्यक्ति , परिवार र समाजको सर्वाङ्गिण बिकास बिकास संभव छैन । समाज बिकासका हरेक कालखण्डमा शिक्षाको महत्वपूर्ण स्थान रहदै आएको छ ।आजको बिश्वब्यापिकरण आधुनिक युगमा शिक्षाका आयामहरु दिन प्रतिदिन फराकिला हुँदै गै रहेका छन् । गुणस्तरिय शिक्षाका लागि शिक्षणकलाको महत्वपुर्ण भूमिका हुन्छ । सरल तरिकाबाट ज्ञान , सीप , कला र अवधारणाहरुलाई पुस्ता पुस्तामा हस्तान्तरण गर्ने कला नै शिक्षण कला हो । शिक्षण कलाको प्रमुख ब्यक्ति शिक्षक हो । बाल बालिकामा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वाताबरण घर परिवार र बिद्यालयमा सृजना गर्न सक्नु हामी सबैको कर्तब्य हो । जीवन निर्वाह गर्न सजिलो बनाउन शिक्षाले सहयोग गर्न सक्नु पर्छ । आदर्श , नैतिकवान , चारित्रिक र बैज्ञानिक चिन्तन भएको मानिस निर्माण गर्न शिक्षाले सघाउनुपर्छ । शिक्षाको दार्शनिक तथा सामाजिक र मनोबैज्ञानिक आधारमा बिद्यालयको समग्र ब्यबस्थापन गर्नु आजको आवश्यकता हो । बिद्यालयको भौतिक सुधार मात्र गुणस्तरिय शिक्षाको मापन होइन भन्ने मेरो बिचार रहेको छ । पहिलो कुरा त बिद्यालयको कक्षा कोठामा शिक्षकले गर्ने कुशल शिक्षण कला हो । कुशल शिक्षण कलामा बाल मनोबिज्ञानको प्रयोग , शैक्षिक सामाग्रीको प्रयोग , बाल बालिकाहरुले गरेर सीक्ने प्रकृया , कक्षाकोठाको अनुशासन र सरसफाई , बाल बालिका तथा शिक्षकको नियमितता महत्वपुर्ण स्थान रहन्छ । यी सवै प्रकृयालाई प्रभावकारी बनाउन बिद्यालयको भौतिक पुर्वाधारको बिकास गरिनु पर्दछ । भौतिक पुर्वाधार राम्रो हुँदा हुदै पनि कक्षाकोठामा कुशल शिक्षण कलाको प्रयोग नगरिनु आफैमा चिन्ताको बिषय बनेको छ ।

शिक्षाका निति नियम, शिक्षण कला प्रकृया र मुल्याँकन प्रणाली , बिद्यालय प्रशासन , अनुगमन तथा निरिक्षण जस्ता पक्षहरुले शिक्षण सीकाइमा ब्यापक प्रभाव पर्दछ । यस त्रिवर्षिय नगर शिक्षा योजनाले कक्षाकोठामा शिक्षण कलाको प्रयोग र बिकास गर्न प्रेरित गर्ने छ । यसका लागि आवश्यक पर्ने बिद्यालयको भौतिक सुधार , शिक्षक तालिमको ब्यबस्थापन , शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल बिकास , शिक्षण सामाग्रीको उपलब्धता , बिद्यालय प्रशासन तथा ब्यबस्थापन सुधार , अभिभावक क्षमता बिकास र समुदाय परिचालन जस्ता अन्य शैक्षिक क्षेत्रको बिकासमा पनि सहयोग पुग्ने छ भन्ने आशा लिएको छु । गुणस्तरिय शिक्षाका लागि सबै बाल बालिकाहरुलाई बिद्यालयको पहुँचमा लिएर , उनीहरुलाई नियमित

गराउँदै बिद्यालय तहहरु पार गराउनु पर्ने चुनौती पनि हाम्रा सामु रहेको छ । यस चुनौतीलाई समुदाय परिचालन र अभिभावक सचेतनाका माद्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुर्याउने छ । शिक्षाको बिकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकिकृत रुपमा हेर्ने दृष्टिकोणको बिकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु ।योजनाको सफल कार्यान्वयनका लागि शिक्षक बर्ग , बिद्यालय ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु ,शिक्षाप्रेमी बुद्धिजिवी ब्यक्तित्वहरु , समाजसेवीहरु , राजनैतिक दलका पदाधिकारीहरु , सामाजिक संघ संस्थाका पदाधिकारीहरु र शिक्षा एकाईका राष्ट्रसेवक कर्मचारीहरुको एकाकार अथक परिश्रम र लगनशिलताले महत्वपुर्ण भूमिका खेल्ने नै छ । हाम्रो नगर क्षेत्रको शैक्षिक बिकासमा यस योजनाले शिक्षा बिकासमा सहयोग पुग्नुका साथै सामाजिक आर्थिक बिकासमा समेत सकारात्मक प्रभाव पार्ने छ भन्ने आशा लिएको छुँ । अन्तममा नगर शिक्षा योजना जस्तो बहुआयामिक योजना तयार गर्नु आफैमा चुनौतिपूर्ण कार्य हो ।योजना निर्माणकार्यका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने European Union,युनिसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटी अहोरात्र खटीएर काम गर्नु हुने नगर शिक्षा योजना मस्यौदा लेखन उपसमितिका सम्पूर्ण सदस्यज्यूहरू धन्यबादका पात्र हुनुहुन्छ । योजना निर्माणका लागि सल्लाह सुझाव दिनुहुने शिक्षाप्रेमी महानुभावहरुमा कृतज्ञता प्रकट गर्दछु । धन्यबाद ।

अन्त्यमा, शैल्यशिखर नगरपालिकाको यस नगर शिक्षा योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको साथसहयोग रहने अपेक्षा गर्दछु ।

विजय सिंह धामी
नगर प्रमुख

शैल्यशिखर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल



## नगर उपप्रमुखको सन्देश

यस नगरपालिकाले शिक्षा क्षेत्रको समग्र विकासलाई प्राथमिकतामा राख्दै आगामी **१० वर्षे नगर शिक्षा योजना** तर्जुमा गरी सार्वजनिक गर्न लागिएको छ। शिक्षा मानव जीवनको आधारभूत अधिकार मात्र नभई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक रुपान्तरणको मूल आधार हो भन्ने विश्वासका साथ यो योजना निर्माण गरिएको हो।

यस योजनाले विद्यालयको पहुँच, गुणस्तर, दिगोपन र लैङ्गिक समानतालाई सुनिश्चित गर्दै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। साथै, स्थानीय स्तरमै पठनपाठनलाई प्राविधिक, व्यावसायिक तथा व्यवहारिक जीवनसँग जोड्ने गरी रुपरेखा तय गरिएको छ।

यस नगरपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई अवसरमा परिणत गरि शैक्षिक गुणस्तरमा सुधार ल्याउनु यस योजनाको प्रमुख प्राथमिकता हो । शैल्यशिखर नगरगाउँपालिकालाई संवृद्ध र शैल्यशिखर बासीलाई सुखी बनाउन शिक्षा क्षेत्रमा गरेको लगानीले जनताको जीवनस्तर उकास्न अतुलनीय सहयोग पुग्नेछ । यस योजनालाई उच्च प्राथमिकता दिई यस पालिकाको शैक्षिक वातावरणलाई सन्तोषजनक बनाउने प्रयास गरिएको छ । अबको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयुक्त जनशक्ति उत्पादन भई श्रम बजारमा काम पाउने रोजगारी सिर्जना हुने आयआर्जन र आम्दानीमा बढोत्तरी भई समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा चर्चामा आएका जीवनोपयोगी सीपहरु यस नगरपालिका क्षेत्रका परम्परागत मौलिक ज्ञान, सीप, संस्कृति र सभ्यता असल पक्षहरुलाई संरक्षण र संवर्द्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत र संवृद्ध पालिका बनाउने पवित्र सोच बोकेको यस योजनाले शैल्यशिखरको आमुल परिवर्तनमा निकै सहयोग पुर्याउनेछ ।

अन्तमा योजना निर्माणमा आर्थिक तथा प्रविधिक सहयोग गर्नुहुने European Union,युनिसेफ नेपाल सामुदायिक विकास केन्द्र डोटी र शिक्षा योजना निर्माणमा खटिनु भएका कार्यदलका सदस्यहरु,योजना लेखन उप समिति, सबै पदाधिकारीहरु तथा सल्लाह र सुझाव प्रदान गर्नु हुने सबै सरोकारवाला वर्गलाई विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छुँ

शान्ति खडायत, नगर उपप्रमुख

# शैल्यशिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोकुलेश्वर, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल



## प्रमुख प्रशासकीय अधिकृतको सन्देश

शिक्षा क्षेत्रलाई सबल, समावेशी र दिगो बनाउँदै नगरको सामाजिक तथा आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने उद्देश्यका साथ यस नगरपालिकाले **१० वर्षे नगर शिक्षा योजना** तयार गरेको छ। यस योजनाले आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षामा पहुँच, गुणस्तर, समानता, पारदर्शिता र दिगोपन सुनिश्चित गर्ने कार्यमा मार्गदर्शन गर्ने विश्वास लिएको छ।

यस योजनालाई उच्च प्राथमिकता दिई यस नगरपालिकाको शैक्षिक वातावरणलाई सन्तोषजनक बनाउने प्रयास गरिएको छ । वर्तमान समयमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नागरिकका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क रुपमा प्राप्त गर्न पाउने मौलिक हकको प्रत्याभूति गरेको छ ।

यो योजना तयार पार्न सहयोग गर्नु हुने European Union, युनीसेफ नेपाल र सामुदायिक विकास केन्द्र डोटीले पुऱ्याउनु भएको योगदान लागि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, योजना तर्जुमाको क्रममा आफ्नो अथक मिहिनेत र अमूल्य समय प्रदान गर्ने शिक्षा शाखाका कर्मचारी तथा रचनात्मक सुझाव प्रदान गर्ने यस नगरपालिका अन्तरगतका विभिन्न विद्यालयमा कार्यरत शिक्षक, अभिभावक, विद्यार्थी र अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु।

नगरपालिकाको शैक्षिक विकासलाई दीर्घकालीन दृष्टिकोणसहित अगाडि बढाउन, यो योजना महत्त्वपूर्ण नीतिगत दस्तावेजका रूपमा रहनेछ। यस योजनाको सफल कार्यान्वयनका लागि विद्यालय, अभिभावक, विद्यार्थी, शिक्षक, समुदाय, संघ–संस्था तथा सबै सरोकारवालाको साझा प्रतिबद्धता अपरिहार्य छ।यस अवसरमा, योजना निर्माणमा संलग्न सम्पूर्ण टिमप्रति धन्यवाद ज्ञापन गर्दै, यसलाई कार्यान्वयनमा ल्याउने क्रममा सबै नगरवासीको सक्रिय सहभागिता रहने विश्वास लिएको छु।

१० वर्षे नगर शिक्षा योजना नगरपालिकाको शैक्षिक विकासमा मार्गदर्शक दस्तावेज बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

सुरेन्द्र बहादुर बिष्ट, प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची

नगर प्रमुखको सन्देश ........ I
नगर उपप्रमुखको सन्देश ........ III
प्रमुख प्रशासकीय अधिकृतको सन्देश ........ V
विषयसूची ........ VI
नगर प्रमुखको सन्देश I ........ ERROR! BOOKMARK NOT DEFINED.
तालिका सूची ........ X
परिच्छेद १ : परिचय ........ 1
*(क) भौगोलिक अवस्थितिको विश्लेषण* ........ *2*
*(ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण* ........ *3*
वडागत आधारमा जनसङ्ख्याको विश्लेषण ........ 3
पाँच वर्ष उमेर समूह तथा लिङ्गअनुसार जनसङ्ख्या विवरण ........ 4
वैवाहिक स्थिति ........ 4
घरको स्वामित्वअनुसार परिवार सङ्ख्या ........ 4
खानेपानीको स्रोत अनुसार परिवार जनसङ्ख्या वितरण ........ 5
परिवारमा उपलब्ध साधन तथा सुविधा ........ 6
जातजातिका आधारमा जनसङ्ख्या विवरण ........ 6
*(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण* ........ *7*
*(घ) आर्थिक अवस्थाको विश्लेषण* ........ *7*
*(ङ) शैक्षिक अवस्थाको विश्लेषण* ........ *8*
शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण ........ 8
वडागत रूपमा विद्यालयहरूको विवरण ........ 9
नगरपालिकाको कक्षागत विद्यार्थी विवरण ........ 10
नगरपालिकामा रहेका अपाङ्गता भएका वालवालिकाहरू ........ 11
नगरपालिकाको शिक्षक दरबन्दी ........ 11
नगरपालिकाको विद्यालय कर्मचारी दरबन्दी ........ 11
विद्यालय - विद्यार्थी अनुपात ........ 11
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 12
*(क) मुख्य समस्याहरू* ........ *13*
*ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण* ........ *13*
सबल पक्षहरु ........ 13
दुर्बल पक्षहरु ........ 14
अवसरहरु ........ 14
चुनौतीहरु ........ 14
परिच्छेद -२ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 15

**२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु** ... 15

*२.१.१ संवैधानिक प्रावधान* ... *15*

*२.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४* ... *16*

*२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):* ... *17*

*२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७* ... *18*

**२.२ दूरदृष्टि** ... 18

**२.३ लक्ष्य** ... 19

**२.४ उद्देश्य** ... 19

**२.५ रणनीति** ... 19

**२.६ कार्यनीति** ... 19

**२.७ अपेक्षित उपलब्धि** ... 20

१. सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षा सहित कक्षा १ मा भर्ना भएका हुनेछन्। ... 21

२. गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ। ... 21

३. माध्यमिक शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि भएको हुनेछ। ... 21

४. कार्यमूलक साक्षरताको अभिवृद्धि भई निरन्तर शिक्षाको अवसर उपलब्ध भएको हुनेछ। ... 21

५. सूचना तथा प्रविधिमैत्री शिक्षण–सिकाइ क्रियाकलाप, विद्यालय सञ्चालन तथा व्यवस्थापनको अभिन्न अङ्गको रूपमा स्थापित भएको हुनेछ। ... 21

६. आपतकालीन परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ। ... 21

७. सबै विद्यार्थीहरूले भौतिक तथा शैक्षिक रूपमा सुरक्षित विद्यालयमा पढ्न पाउने अवसर प्राप्त गरेका हुनेछन्। ... 21

८. प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चितताको आधार तयार एवं सञ्चालन भएको हुनेछ। ... 21

९. सक्षम, समर्पित र मर्यादित शिक्षकहरूद्वारा विद्यार्थीहरूको सिकाइमा सुधार आएको हुनेछ। ... 21

१०. बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार आई सिकाइ स्तर अभिवृद्धि भएको हुनेछ। ... 21

११. आवश्यकता अनुसार विद्यालयहरू तथा बालविकास केन्द्रहरू विस्तार एवं मर्ज भएका हुनेछन्। ... 21

१२. विद्यालयहरूलाई उपयोगिताको आधारमा विषयान्तर (एक विद्यालय–एक मुख्य विषय) गरिएको हुनेछ। ... 21

१३. संस्कृत, योग तथा आयुर्वेदिक महाविद्यालय सञ्चालन भएको हुनेछ। ... 21

१४. यस नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा–सुविधा तथा प्रोत्साहन तुलनात्मक रूपमा राम्रो गरिएको हुनेछ। ... 21

३.१ प्रारम्भिक बालविकास र शिक्षा ..... 35
*३.१.१ वर्तमान अवस्था* ..... *35*
*३.१.२ उद्देश्य* ..... *35*
*३.१.३ रणनीतिहरु* ..... *35*
*३.१.४ प्रमुख उपलब्धि तथा नतिजा* ..... *36*
*३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ..... *37*
३.२ आधारभूत शिक्षा ..... 40
*३.२.१ वर्तमान अवस्था* ..... *40*
*३.२.२ उद्देश्य* ..... *41*
*३.२.३ रणनीतिहरु* ..... *41*
*३.२.४ प्रमुख उपलब्धि तथा नतिजा* ..... *42*
३.३ माध्यमिक शिक्षा ..... 45
*३.३.१ वर्तमान अवस्था* ..... *45*
*३.३.२ उद्देश्यहरु* ..... *46*
*३.३.३ रणनीतिहरू* ..... *46*
*३.३.४ प्रमुख उपलब्धि तथा नतिजा* ..... *47*
*३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ..... *48*
३.४ प्राविधिक तथा व्यवसायिक तालिम ..... 50
*३.४.१ वर्तमान अवस्था* ..... *50*
*३.४.२ उद्देश्य:* ..... *51*
*३.४.३ रणनीतिहरु* ..... *51*
*३.४.४ प्रमुख उपलब्धि तथा नतिजा* ..... *51*
*३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ..... *52*
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई ..... 53
*३.५.१ वर्तमान अवस्था* ..... *54*
*३.५.२ उद्देश्य* ..... *54*
*३.५.३ रणनीतिहरु* ..... *55*
*३.५.४ प्रमुख उपलब्धि तथा नतिजा:* ..... *55*
*३.५.५ क्रियाकलाप र परिमाणात्मक लक्ष्य:* ..... *56*
**परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र ..... 58**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन ..... 58
*४.१.१ वर्तमान अवस्था:* ..... *58*
*४.१.२ उद्देश्य* ..... *60*
*४.१.३ रणनीतिहरु* ..... *61*

*४.१.४ प्रमुख उपलब्धि तथा नतिजा* ... *61*
*४.१.५ प्रमुख क्रियाकलाप र परमाणात्मक लक्ष्य* ... *63*
४.२ शिक्षक व्यवस्थापन र विकास ... 64
*४.२.१ वर्तमान अवस्था* ... *64*
*४.२.२ उद्देश्य* ... *66*
*४.२.३ रणनीतिहरु* ... *66*
*४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः* ... *67*
*४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ... *68*
**४.३ शैक्षिक समता र समावेशीकरण** ... 69
४.३.१ वर्तमान अवस्थाः ... 69
४.३.२ उद्देश्य ... 70
४.३.३ रणनीतिहरू ... 71
४.३.४ प्रमुख उपलब्धि तथा नतिजाः ... 71
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम ... 75
४.४.४ प्रमुख उपलब्धि तथा नतिजाः ... 77
**४.५ विद्यालय सुरक्षा ,विपद् न्यूनीकरण तथा उत्थानशीलता** ... 81
४.५.१ वर्तमान अवस्था ... 81
*४.५.२ उद्देश्य* ... *82*
*४.५.३ रणनीति* ... *82*
*४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ... *85*
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ... 85
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ... 89
४.७.२ उद्देश्य ... 90
*४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्यः* ... *91*
*४.७.६ मुख्य क्रियाकलाप तथा लक्ष्यः* ... *91*
परिच्छेद : ५ अन्य उपक्षेत्र ... **93**
५.१ माध्यमिक शिक्षा र उच्च शिक्षासम्बन्ध ... 93
५.२ रणनितिहरु ... 94
५.३ क्याम्पसका चुनौतिहरु ... 94
५.४ क्याम्पस का अवसरहरु ... 95
५.५ क्याम्पस का लक्ष्यहरु ... 95
५.६ क्याम्पसका रणनीतिहरु ... 97
५.७ अपेक्षित उपलब्धि ... 97

५.९ नतिजा तथा परिमाणात्मक लक्ष्य ... 98
५.१० प्रमुख क्रियाकलाप तथा लक्ष्य ... 91
परिच्छेद : छ सुशासन तथा व्यवस्थापन ... 92
६.१ परिचय ... 92
शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ... 93
*६.१.१ वर्तमान अवस्था* ... 93
*६.१.२ उद्देश्य* ... 94
*६.१.३ रणनीतिहरू* ... 94
*६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप* ... 95
*६.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य* ... 97
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ... 120
*६.२.१ वर्तमान अवस्था* ... 120
*६.३.२ .समस्या तथा चुनौतीहरू* ... 121
*६.३.३ योजना कार्यान्वयनको प्रबन्ध* ... 121
परिच्छेद : ७ लगानी र श्रोत व्यवस्थापन ... 125
७.१ वर्तमान अवस्था ... 125
७.२ उद्धेश्यहरु ... 129
७.४ प्रमुख उपलब्धि ... 130
परिच्छेद :आठ अनुगमन तथा मूल्याङ्कन ... 123
८.१ वर्तमान अवस्था ... 123
८.२ उद्देश्य ... 125
८.३ रणनीतिहरू ... 125
८.४ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ... 127
८.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ... 127
अनुसूचीहरु ... 131
अनुसूची — १ : शिक्षा योजना तर्जुमाका लागि गठित कार्यदलका सदस्यहरूको नामावली ... 131
अनुसूची ३ विद्यालयगतरुपमा विद्यार्थी विवरण ... 132
अनुसूची ४ तहगत शिक्षक तथा कर्मचारी विवरण (संघीय अनुदान प्राप्त) ... 134
अनुसूची ५ तहगत शिक्षक तथा कर्मचारी विवरण (पालिकाबाट अनुदान प्राप्त) ... 136

तालिका सूची

तालिका :1

तालिका :2

# परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था


राष्ट्को विकास, समृद्धि र सुशासनको मूल आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगार तथा श्रम बजारमा उपलब्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । यसवाट मर्यादित एवम् सम्मानजनक जीवन जिउन सहयोग पुग्न जान्छ । मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणको मूल आधार शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ । सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संविधानले स्पष्ट पारेको छ । नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न हक समेत संविधानले प्रत्याभूत गरेको छ ।

समृद्ध नेपाल सुखी नेपाली (समुन्नत, स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त स्वस्थ्य, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक) सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संसाधनको भूमिका महत्त्वपूर्ण रहन्छ । मानव संसाधन विकासको मूल आधार शिक्षा नै हो । शैल्यशिखर नगरपालिकाको आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सिर्जना गर्न शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको महत्त्वपूर्ण भूमिका रहन्छ । शैल्यशिखर नगरपालिकाको दीर्घकालीन सोच "समृद्ध शैल्यशिखर निर्माणको आधार : कृषि, गुणस्तरीय शिक्षा, पर्यटन र जलविद्युत् पूर्वाधार" शैल्यशिखर नगरलाई साकार पार्न समेत शैल्यशिखर नगरपालिकाको शिक्षा सम्बन्धी दीर्घकालीन योजना अपरिहार्य छ । नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारको शिक्षा नीति, सुदूरपश्चिम प्रदेशको शिक्षा नीति एवं शैल्यशिखर नगरपालिकाको दीर्घकालीन सोच, शैल्यशिखर नगरपालिकाको शिक्षा सम्बन्धी नीति समेतलाई सम्बोधन हुने गरी शैल्यशिखर नगरपालिकाले दस वर्षे (२०८१/०८२ - २०९१/०९२) शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाडि बढाएको छ ।

शैल्यशिखर नगरपालिकाले तयार गरेको यस दस वर्षे शिक्षा क्षेत्रको योजनाले संघीय सरकार र प्रदेश सरकारबाट शैल्यशिखर नगरपालिकालाई प्राप्त हुने स्रोत र साधनको समुचित प्रयोग गर्नेछ । योजना अनुसारको कार्यक्रम कार्यान्वयन गर्न नपुग स्रोत र साधन आन्तरिक स्रोतबाट व्यवस्थापन गरी सन् २०३० सम्म दीगो विकासको लक्ष्य बमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँच तथा निरन्तर सिकाइ र सिप विकासका अवसर सबै नगरबासीमा पुर्‍याउन सहयोग पुग्ने छ ।

## (क) भौगोलिक अवस्थितिको विश्लेषण

नेपाल राज्यको पुनः संरचनासँगै नेपाल राज्यको सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको साविकका गोकुलेश्वर, बोहरीगाँउ, ग्वानी, देथला, शिखर र रानीशिखर गरी ६ वटा गा.वि.स. को साविकको संरचनालाई गाभी मिति २०७३ फागुन २७ मा शैल्यशिखर नगरपालिकाको स्थापना भएको हो । यसरी स्थापना भएको शैल्यशिखर नगरपालिका हिन्दूहरूको मुख्य एवम् पवित्र धार्मिक तीर्थस्थल जगतपुरी शिवधामको प्रवेशद्वारको रूपमा बैतडी जिल्लासँग सिमाना जोडिई चौलानी नदीको किनारमा अवस्थित छ । यो नगरपालिका विश्वमानचित्रमा २९ डिग्री ४० मिनेट उत्तरी अक्षांश र ८० डिग्री ३३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। यस नगरपालिकाको पूर्वमा मार्मा गाउँपालिका, पश्चिममा लेकम गाउँपालिका र मालिकार्जुन गाउँपालिका, उत्तरमा नौगाड गाउँपालिका र शैल्यशिखर नगरपालिका, दक्षिणमा दार्चुला र बैतडी जिल्लाको सिमानामा बग्ने चौलानी नदी एवम् बैतडी जिल्लासँग सिमाना जोडिएको छ। शैल्यशिखर नगरपालिकाको कूल क्षेत्रफल ११७.८१ वर्ग कि.मि. . रहेको शैल्यशिखर नगरपालिका हिउँ पर्ने उच्च हिमाली क्षेत्रदेखि नदी किनारामा रहेका फाँटहरू समेटिएर बनेको छ ।किंवदन्तीअनुसार दार्चुला जिल्ला सदरमुकाम खलङ्गास्थित नेपालतर्फका दुई पहाड र भारत तर्फको एक पहाड फेदीबाट हेर्दा धार परेको जस्तो स्थानीय चुल्होको आकारमा रहेको देखिन्छ।प्राचीन कालमा शैल्यशिखर पर्वतबाट एक ऋषि तपस्या गरी फर्कंदा यी तीन धारहरूको चुल्हो बनाई भात पकाई खाएको पौराणिक कथन रहेको छ ।स्कन्द पुराणमा अर्जुन पर्वतको बारेमा उल्लेख गरेको पाइन्छ । हालको शैल्यशिखर नगरपालिका अन्तर्गत दत्तु र धापको टुप्पो, मालिकार्जुन गाउँपालिका अन्तर्गत मडको टुप्पो र शैल्यशिखर नगरपालिका अन्तर्गत ग्वानीको टुप्पो शिखर रहेको करिब १२ देखि १५ कि.मि. .को दुरीमा फैलिएको लामो नागवेलि आकारका बलशिखर, न्वालिपानि, मौतामौती शिखरहरूको मिश्रित रूप नै पौराणिक अर्जुन पर्वत हो । यी पौराणिक घटनाहरू र हालको अवस्थितिलाई दृष्टिगत गर्दा पौराणिक कालमा यस क्षेत्रमा मानव वसोवास रहेको र यो क्षेत्र ऋषिमुनिहरूको तपोभूमि र देवताहरूको निवासस्थलको रूपमा रहेको देखिन्छ। भगवान् शिव मालिकार्जुन अवतारको रूपमा यस क्षेत्रमा विराजमान रहेको कुरा स्कन्द पुराण मानसखण्डले पनि पुष्टि गरेको छ । यसै पर्वतमा पार्वती रूप मालिकादेवीले समेत वास गरेको र अर्जुन तथा मालिकाको समेत वास भएकोले यी दुवैको योगबाट यस क्षेत्रको नाम शैल्यशिखर मालिकार्जुन रहन गएको किंवदन्ती रहेको पाइन्छ । धार्मिक एवं सांस्कृतिक शक्तिपीठहरू मौलिक संस्कृति, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको शैल्यशिखर नगरपालिकाले पर्यटनको प्रचुर सम्भावना बोकेको छ । प्रकृतिको अनुपम नमुनाको रूपमा जैविक विधितता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाति, भाषाभाषी, धर्मावलम्बीहरूको साझा बसोबास रहेको र दार्चुला जिल्लाको सदरमुकामपछिको दोस्रो ठूलो सहरको रूपमा चिनिने गरिन्छ ।जनसङ्ख्या, उत्पादन र भू-बनौटका आधारमा यस नगरपालिकालाई ३ भागमा बाँड्न सकिन्छ :




**चौलानी नदी किनारा क्षेत्र** : वडा न १ को बारिल, बलाँच, वडा न. २ को देथला, छोला क्षेत्र, वडा न. ३ को लुइटा, ओसप, वडा न. ८ को देवल र वडा न ९ को नाइलदेखि बसकोटसम्मको क्षेत्र चौलानी नदीको किनारामा अवस्थित क्षेत्र हो। यस क्षेत्रमा जोशी, भट्ट, तितरा, खडायत, चन्द, पाल, नाथ, गोयला ,विश्वकर्मा, ब्राह्मण विष्ट, क्षेत्री

विष्ट, धामी, खत्री, साउँद, भण्डारी लगायतका मिश्रित जातिहरूको बसोबास रहेको छ । यस क्षेत्रमा सिँचाइको सुविधा र उर्वर माटो भएकाले खाद्यान्न उत्पादनको सम्भावना बढी रहेको देखिन्छ । यहाँ बसोवास गर्ने मानिसहरूको आर्थिक अवस्था मध्यम रहेकोले यस क्षेत्रका वासिन्दाहरूको जीवनशैली पनि सामान्य रहेको छ। यहाँका मानिसहरूले आयआर्जनका लागि व्यापार, कृषि, ससाना उद्योग तथा सहकारी र वैदेशिक रोजगारी (विशेष गरी भारत) तथा अन्य मुलुकमा गई जीवनयापन गरिराखेको पाइन्छ । कृषिबाट यहाँको बेंसी क्षेत्रमा वर्षको ३ पटकसम्म उत्पादन गर्न सकिन्छ ।

**मध्य क्षेत्र :** वडा न. १ को थला सैनवनदेखि वडा न. २ को तारुली ताकु, वडा न. ३ को दार्मा, वडा न. ४ को तल्लो काँडापारी, ओसिल, वडा न. ५ को बसखेत, वडा न. ६ को केही भाग, वडा न. ७ को खोल्सी, वडा न. ८ को तलचौरा, पपरथला, अम्तोली र वडा न. ९ को नक्तड, धानाखेती, ठुलसैन क्षेत्रलाई मध्य भूभागमा पर्ने क्षेत्र मान्न सकिन्छ। यस क्षेत्रमा विशेष गरी जोशी, भट्ट, विष्ट, बोहरा, कपाडी, पार्की, खत्री, रावल, डागा, साउँद, धामी आदि जातजातिको मिश्रित बसोवास रहेको छ। यहाँका मानिसहरू कृषि तथा मौसमी तरकारी, गाई, भैंसी, बाख्रापालन, भारत तथा अन्य मुलुकमा वैदेशिक रोजगार, चिउरी, उखु र महजस्ता आर्थिक आर्जनका क्रियाकलापमा संलग्न रहेको पाइन्छ।

**उच्च क्षेत्र** : वडा न. ४ को माथिल्लो काँडापारी, ओसिल, सेतकला, रातापानी, वडा न. ५ को सेतकला, बर्मुडे, वडा न. ६ र ७ को माथिल्लो भूभाग यहाँका उच्च भूभाग हुन् । यस उच्च क्षेत्रमा जोशी, ठगुन्ना, बोहरा धामी, रावल, डागा, साउँद, मिश्र खत्री आदि जातजातिको बसोबास रहेको छ । यो क्षेत्रमा विशेष गरी सुख्खा र चिसो बढी हुन्छ । खाद्यान्न उत्पादन धेरै कम हुने र पानीका स्रोतको समेत कमी हुने यस भेगका मानिसहरू ओखर, उखु, मौरी र बाख्रापालनजस्ता आर्थिक क्रियाकलापमा संलग्न रहेको पाइन्छ।

## (ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

### *वडागत आधारमा जनसङ्ख्याको विश्लेषण*


जम्मा ९ वटा वडाहरू रहेको शैल्यशिखर नगरपालिकामा वडा न. १ मा २४८६, वडा न. २ मा २०२३, वडा न. ३ मा १६६१, वडा न. ४ मा २६३८, वडा न. ५ मा २१८९, वडा न. ६ मा २८९०, वडा न. ७ मा १९५१, वडा न. ८ मा २०४६ र वडा न. ९ मा ३९२३ गरी जम्मा २१,८०७ जनसङ्ख्या रहेको छ। यस नगरपालिकामा कूल जनसङ्ख्याको ४८.४ प्रतिशत पुरुष र ५१.६ प्रतिशत महिला रहेका छन् भने लैङ्गिक अनुपात ९३.९८ रहेको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार यस नगरपालिकामा जनघनत्व १८५ जना र घरधुरी ४,५०१ रहेको पाइन्छ । भौगोलिक धरातलअनुसार फरकफरक जनसङ्ख्याको बनोट रहेको छ । चौलानी नदी किनारा क्षेत्रमा उत्पादनयोग्य उर्वर जमिन, व्यापार व्यवसायका लागि उपयुक्त बजार, शिक्षा, स्वास्थ्य र यातायात सुविधाको पहुँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनघनत्व बढी रहेको छ भने उल्लिखित सुविधाहरूको कमीका कारणले नगरपालिकाको मध्य र उच्च भूभागमा जनघनत्व क्रमशः न्यून छ।

| वडा न. | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ५५१ | १२०६ | १२८० | २४८६ |
| २ | ४०४ | ९७० | १०५३ | २०२३ |
| ३ | ३४२ | ७६० | ९०१ | १६६१ |
| ४ | ४७८ | १२६० | १३७८ | २६३८ |
| ५ | ४२४ | १०७३ | १११६ | २१८९ |
| ६ | ५७९ | १३९३ | १४९७ | २८९० |
| ७ | ४०१ | ९३८ | १०१३ | १९५१ |
| ८ | ४१७ | ९८८ | १०५८ | २०४६ |
| ९ | ९०५ | १९७७ | १९४६ | ३९२३ |
| जम्मा | ४५०१ | १०५६५ | ११२४२ | २१८०७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०७८*

राष्ट्रिय जनगणना २०७८ का आधारमा शैल्यशिखर नगरपालिकाको जनगणनाको विश्लेषण गर्दा यहाँको जम्मा जनसङ्ख्या २१,८०७ रहेको छ।जसमा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ। कूल जनसङ्ख्यामा पुरुषको सङ्ख्या १०,५६५ रहेको छ भने महिलाको जनसङ्ख्या ११,२४२ छ ।यस तथ्याङ्कलाई हेर्दा पुरुषभन्दा महिलाको सङ्ख्या ६७७ ले बढी छ । नौ वटै वडाहरूको जनसङ्ख्यालाई विश्लेक्षण गर्ने हो भने सबैभन्दा बढी जनसङ्ख्या भएको वडा ९ नम्बर हो; जहाँको जनसङ्ख्या ३,९२३ रहेको छ । यसैगरी सबैभन्दा कम जनसङ्ख्या भएको वडा वडा नम्बर ३ हो; जहाँ जम्मा जनसङ्ख्या १,६६१ छ । यसैगरी जनसङ्ख्याको हिसाबले अर्को ठूलो वडा ६ नम्बर हो । यहाँको जनसङ्ख्या २,८९० छ । वडा नम्बर ९ बाहेक सबै वडामा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ । वडा नम्बर ९ मा पुरुषको जनसङ्ख्या १,९७७ रहेको छ भने महिलाको जनसङ्ख्या १,९४६ रहेको छ । बाँकी सबै वडाहरूमा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढी छ।

## *पाँच वर्ष उमेर समूह तथा लिङ्गअनुसार जनसङ्ख्या विवरण*




राष्ट्रिय जनगणना २०७८ का आधारमा यस शैल्यशिखर नगरपालिकाको जनगणनाको विश्लेषण गर्दा यहाँको जम्मा जनसङ्ख्या २१,८०७ रहेको छ । जसमा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ । उमेर समूहगत रूपमा जनसङ्ख्याको विश्लेषण गर्ने हो भने यस पालिकामा १० - १४ उमेर समूहको जनसङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ; जहाँ सो उमेर समूहमा पुरुषको जनसङ्ख्या प्रतिशत ६.४ र महिलाको जनसङ्ख्या प्रतिशत ६.३ रहेको छ । उमेर समूहगत जनसङ्ख्याको विश्लेषण गर्दा विगत केही वर्षदेखि कूल प्रजनन दर घटेको प्रष्ट आकलन गर्न सकिन्छ । उमेर समूहगत जनसङ्ख्याको विश्लेषणलाई यहाँ जनसङ्ख्या पिरामिडमा प्रस्तुत गरिएको छ ।

## *वैवाहिक स्थिति*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार शैल्यशिखर नगरपालिकामा विवाह गर्न उमेर पुगेकाहरूमध्ये ६२.९ प्रतिशतले विवाह गरेका छन् भने ३३.२ प्रतिशत अविवाहित रहेका छन् । यसैगरी यस नगरपालिकामा ३.७ प्रतिशत मानिसहरू एकल (विधुर(विधवा/ रहेको तथ्याङ्कले देखाउँछ भने पारपाचुके भएर बसेको ०.१ प्रतिशत मात्रै देखिन्छ र छुट्टिएर बसेको जम्मा ०.२ प्रतिशत रहेको छ । महिला र पुरुषको तुलना गर्ने हो भने अविवाहित महिलाको प्रतिशत पुरुषको तुलनामा कम रहेको छ तर अरु सबैमा महिला प्रतिशत बढी देखिन्छ ।

| **वैवाहिक स्थिति** | **कूल** | **पुरुष** | **महिला** |
|---|---|---|---|
| अविवाहित | ३३.२ | ३७.९ | २८.८ |
| विवाहित | ६२.९ | ६०.३ | ६५.२ |
| एकल (विधुर(विधवा/ | ३.७ | १.५ | ५.६ |
| पारपाचुके | ०.१ | ०.१ | ०.०४ |
| छुट्टिएको | ०.२ | ०.१ | ०.३ |

## *घरको स्वामित्वअनुसार परिवार सङ्ख्या*

शैल्यशिखर नगरपालिका धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक तवरले रमणीय स्थलमा अवस्थित छ । यस नगरपालिकाले आफ्ना छुट्टै विशेषताहरू बोकेको छ । यहाँका मानिसहरू आफ्नै घर बनाएर बस्न मन पराउने हुनाले जम्मा घरधुरीको ९७ प्रतिशतले आफ्नै घर बनाएर बसेका छन् । यसैगरी भाडामा बसोबास गर्नेको प्रतिशत १.९ छ भने संस्थागत र अन्यमा क्रमश: ०.८ र ०.३ प्रतिशत रहेको छ तर यस पालिकाको विपत प्रतिकार्य योजना २०८० का

| **बसाइँको अवस्था** | **प्रतिशत** |
|---|---|
| आफ्नै | ९७ |
| भाडामा | १.९ |
| संस्थागत | ०.८ |
| अन्य | ०.३ |

अनुसार नगरपालिकामा रहेका घरहरूको बनावटलाई हेर्दा ७ रेक्टर स्केलको भूकम्प गएको खण्डमा १,५०० भन्दा बढी घरहरू बस्न लायक नहुने उल्लेख छ ।

## *खानेपानीको स्रोत अनुसार परिवार जनसङ्ख्या वितरण*

| **खानेपानीको अवस्था** | **प्रतिशत** |
|---|---|
| धारापाइप/ (घरपरिसरभित्र( | ४७.१ |
| धारापाइप/ (घरपरिसरबाहिर) | ४३.४ |
| ढाकिएको इनारकुवा/ | ०.१ |
| खुला इनारकुवा/ | ०.६ |
| मूल धारा | ६ |
| खोलाझरना/ | २.७ |
| अन्य | ०.२ |

शैल्यशिखर नगरपालिकाको खानेपानीको अवस्थाका सम्बन्धमा राष्ट्रिय जनगणना २०७८ को नतिजाका आधारमा विश्लेषण गर्ने हो भने यहाँका जनताहरूमध्ये आफ्नै घरपरिसरभित्रै धाराको पानी प्रयोग गर्नेको प्रतिशत अत्यधिक अर्थात् ४७.१ रहेको छ भने ढाकिएको इनार वा कुवाबाट पानीको प्रयोग गर्नेको प्रतिशत सबैभन्दा कम वा ०.१ प्रतिशत मात्रै रहेको छ । यसैगरी आफ्नै घरपरिसरबाहिर धाराको पानी प्रयोग गर्नेको प्रतिशत ४३.३, मूल धाराबाट पानी प्रयोग गर्ने ६ प्रतिशत, खोलाझरना/बाट खानेपानी प्रयोग गर्ने २.७ प्रतिशत, ढाकिएको इनारकुवा/बाट खानेपानी प्रयोग गर्ने ०.६ प्रतिशत र अन्य स्रोतबाट खानेपानी प्रयोग गर्नेको सङ्ख्या ०.२ प्रतिशत रहेको छ ।

## परिवारमा उपलब्ध साधन तथा सुविधा

| उपलब्ध सुविधा | प्रतिशत |
|---|---|
| कुनै पनि सुविधा नभएको घरपरिवार | ५.८ |
| कम्तीमा एउटा सुविधा भएको घरपरिवार | ९४.२ |
| रेडियो सुविधा | ६६.९ |
| टेलिभिजन | १५.४ |
| ल्यान्डलाइन टेलिफोन | २ |
| मोबाइल फोन (साधारण) | ८८.२ |
| स्मार्ट मोबाइल फोन | ५६.९ |
| कम्प्युटरल्यापटप/ | ३.४ |
| इन्टरनेट सुविधा | ११.३ |
| कारभ्यान/जीप/ | ०.५ |
| मोटरसाइकलस्कुटर/ | २.८ |
| साइकल | ०.७ |
| विद्युतीय पङ्खा | १४.४ |
| रेफ्रिजरेटर | ३.२ |
| वासिङ्ग मसिन | ०.१ |
| एयर कन्डिसनर | ०.०२ |

राष्ट्रिय जनगणना २०७८ को नतिजाका आधारमा शैल्यशिखर नगरपालिकाका घरपरिवारहरूले प्रयोग गर्ने साधन तथा सुविधाको विश्लेषण गर्ने हो भने यहाँका प्रायः जसो घरपरिवारले मोबाइल फोन (साधारण) सुविधाको उपभोग गर्ने गरेको देखिन्छ; जसको प्रतिशत अत्यधिक अर्थात् ८८.२ रहेको छ। वासिङ्ग मसिन र एयर कन्डिसनरको सुविधा प्रयोग गर्ने थोरै अर्थात् कूल जनसङ्ख्याको क्रमश ०.१ र ०.०२ प्रतिशत रहेको छ । यसैगरी रेडियो सुविधा भएका घरपरिवार ६६.९ प्रतिशत, स्मार्ट मोबाइल फोनको सुविधा भएका ५६.९ प्रतिशत, टेलिभिजनको सुविधा भएका १५.४ प्रतिशत, विद्युतीय पङ्खाको सुविधा भएका १४.४ प्रतिशत, इन्टरनेटको सुविधा भएका ११.३ प्रतिशत, कम्प्युटरल्यापटप/को सुविधा भएका ३.४ प्रतिशत, रेफ्रिजरेटर सुविधा भएका ३.२ प्रतिशत, मोटरसाइकलस्कुटर/को सुविधा भएका २.८ प्रतिशत, ल्यान्डलाइन टेलिफोनको सुविधा भएका २ प्रतिशत र साइकलको सुविधा उपभोग गर्ने घरपरिवार ०.७ प्रतिशत रहेका छन् ।

## जातजातिका आधारमा जनसङ्ख्या विवरण

केन्द्रीय तथ्याङ्क विभागले २०७८ सालमा लिएको जनगणनाको नतिजाको विश्लेषण गर्ने हो भने शैल्यशिखर नगरपालिकामा सबैभन्दा बढी क्षेत्री जातिहरूको बसोबास रहेको देखिन्छ । यहाँ कूल जनसङ्ख्याको ५२.२ प्रतिशत क्षेत्रीहरू बसोबास गर्दछन् भने दोस्रो बढी जनसङ्ख्या भएको जातजाति पहाडी ब्राह्मण हो। ब्राह्मणको जनसङ्ख्या २८.२ प्रतिशत रहेको देखिन्छ । यसैगरी केन्द्रीय तथ्याङ्क विभागले २०७८ सालमा लिएको जनगणनाको नतिजाको आधारमा यस पालिकामा तेस्रो सबैभन्दा बढी जनसङ्ख्या भएको जातजाति विश्वकर्मा हो । विश्वकर्माको जनसङ्ख्या प्रतिशत ११.५ रहेको छ । यसैगरी परियार, ठकुरी, बादी, सन्यासी/दसनामी, मगर, अन्य र कोइरी/कुसवाहाको जनसङ्ख्या प्रतिशत क्रमश: ३.८, २.९, ०.६, ०.४, ०.२, ०.१ र ०.१ रहेको छ ।

| जातजातिको नाम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| क्षेत्री | ५३.१ | ५२.२ | ५२.७ |
| ब्राह्मण – पहाड | २८.१ | २८.२ | २८.२ |
| विश्वकर्मा | १०.९ | ११.५ | ११.२ |
| परियार | ४.२ | ३.८ | ४ |
| ठकुरी | २.६ | २.९ | २.७ |
| बादी | ०.४ | ०.६ | ०.५ |
| सन्यासी/दसनामी | ०.३ | ०.४ | ०.३ |
| मगर | ०.२ | ०.२ | ०.२ |
| अन्य | ०.२ | ०.१ | ०.१ |
| कोइरी/कुसवाहा | ०.०४ | ०.१ | ०.०५ |

## (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

शैल्यशिखर नगरपालिकामा ब्राह्मण, क्षेत्री तथा दलित, जनजातिहरुको बसोबास रहेको छ । यस नगरपालिकाको वडा नं. १ मा खडायत, भट्ट, बोहरा, लुहार, दमाई, तितरा, ओड, नाथ, महर, खत्री, धामी, साउँद जातजातीहरू बसोबास गर्दछन् भने वडा नं. २ मा जोशी, पाल, चन्द, कपाडी, भट्ट, ओड, लुहार, महर, धामी, ठगुन्ना, खत्री, पार्की, भाट, कोली, शौका (भोटे), लामा समेतको बसोबास छ । यसै गरी वडा नं. ३ मा चन्द, विष्ट, खत्री, गोयला, भट्ट, लुहार, लावड, कार्की, ओड, कुँवर, भूल, दमाई, धामी, साउँद, वडा नं. ४ मा भट्ट, महर, धामी, दमाई, सार्की, ठगुन्ना, बोहोरा, बिष्ट, महरा, थापा, खत्री, डागा, वडा नं. ५ मा रावल, डागा, साउँद, बोहरा, ऐरी, वादी, लुहार, महर, टमटा, दमाई, जोशी, धामी, ठगुन्ना, भट्ट वडा नं. ६ मा धामी, खत्री, विष्ट, खाती, लुहार, दमाई, कार्की, ठगुन्ना, रावल, राउत, लावड, बाग्चन, वडा नं. ७ मा जोशी, धामी, खत्री, मिश्र, विष्ट, ओझा, भट्ट, लावड, लुहार, महर, दमाई , वडा नं. ८ मा जोशी, पन्त, धामी, खत्री, बिष्ट, महर, पार्की, दमाई, हुडके, वादी, भट्ट, लाबड, लुहार र वडा नं. ९ मा विष्ट (बाहुन), विष्ट (क्षेत्री), पाण्डे, जोशी, लेखक, शाहू, महर, लुहार, लावड, वोहरा, वादी, कोली, धामी, राना, हुड्के, खत्री, भण्डारी, ओझा, साउँद, चन्द, भट्ट, झा, ओड, पार्की आदि हुन् ।नगरका प्रायः सबै जातजातिहरु (९९.९ %) हिन्दु धर्मालम्बीहरु हुन । पुरुषहरुले कोट, पैन्ट, कमिज, जाकेट, टोपी, गलबन्दी, दाउरा, सुरुवाल, भोटो पहिरन्छन् भने महिलाहरुले मेक्सी, ब्लाउज, सारी, धोती, कुर्ता, सुरुवाल, घागरो, आङडो, स्काफ, लुगा पहिरन्छन् । यहाँको प्रमख चाँड गौरापर्व हो । यसका साथै दशैं, तिहार, माघी, गोबे तिहार, श्री पन्चमी, गौरा अष्टमी नयाँ वर्ष विशुतिहार यहाँका चाडपर्वहरु हुन् । हिन्दु धर्मका संस्कार अनुसार विवाह व्रतबन्ध,अन्नप्राशन पूजा पाठ गरिन्छ।

## (घ) आर्थिक अवस्थाको विश्लेषण

शैल्यशिखर नगरपालिकाको मुख्य पेशा कृषि हो । यस नगरपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरूपमा पनि विविधता पाइन्छ । यहाँ कतै खोंच, कतै लेक, कतै पहाड, कतै छहरा, कतै गल्छी आदि विविध प्रकृतिको बनोट रहेको पाइन्छ । यहाँको जमिनको प्रकृति प्रायः भिरालो किसिमको रहेको छ । भूउपयोगको अवस्था हेर्ने हो भने ३० प्रतिशत जति भूभाग खेती गरिएको कृषि जमिन रहेको छ । नगरवासीहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसायिक खेतीतर्फ प्रयासहरू सुरू हुन थालेका छन् । कृषितर्फ खाद्यान्न बाली, तरकारी तथा अमिलो जातका फलफूल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको छ भने पशुपक्षी पालनतर्फ मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रूपमा रहेको छ । कृषिको यान्त्रीकरण तथा उन्नत जातका बिउको प्रयोगबाट यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

यस नगरपालिकामा जौ, गहुँ, धान, मकै, फापर, कोदो, आलु, सिमी आदि कृषि उपजको उत्पादन हुन्छ । नगरपालिका क्षेत्रभित्र नगदे बालीका रूपमा आलु, टमाटर, काउली, सिमीजस्ता तरकारी बालीहरूको उत्पादन हुने गरेको छ । त्यसैगरी आरु, आँप, केरा, अमिलो लगायतका फलफूलहरू उत्पादन हुने गरेको छ । दलहनमा राजमा, मास र भटमास लगायतका बालीहरूको उत्पादन हुने देखिन्छ भने तेलहनमा केही मात्रामा तोरी उत्पादन हुने गरेको छ ।

शैल्यशिखर नगरपालिकामा पशुपक्षी पालनको अवस्थालाई हेर्दा भैंसी, गाई र बाख्राको पालन यहाँका कृषकका मुख्य व्यवसाय हुन् । भौगोलिक रूपमा सबैभन्दा विकट वडा नम्बर ४ लगायत शैल्यशिखर नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा कृषकहरूले पराम्परागत रूपमा उल्लिखित पशुपालन व्यवसाय अपनाउँदै आएको पाइन्छ । विगतमा सडकको पहुँचबाट निकै टाढा रहेको यस शैल्यशिखर नगरपालिकामा खच्चरहरूबाट मालसामान ढुवानी गर्ने गरिन्ध्यो तर अहिले सडक सञ्जालको विस्तारले गर्दा गाडीको सुविधा वृद्धि भइरहेको छ । विगतको तुलनामा

अहिले भैंसीपालनमा केही कमी आएको छ भने किसानहरू गाईबाखा, कुखुरा र मौरीपालनतर्फ सक्रिय भएको पाइन्छ ।

यहाका केही मानिसहरु यस नगरपालिकाको मुटुमा रहेको गकुलेश्वर बजारमा व्यापार व्यवसायमा समेत संलग्न रहेको छ। युवाहरु वैदेशिक रोजगारमा रहेकाले केहि हदसम्म वेरोजगारीको समस्या हल भएको छ ।

## (ङ) शैक्षिक अवस्थाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ को नतिजाका आधारमा शैल्यशिखर नगरपालिकाको कूल साक्षरता दर ७४.९ प्रतिशत रहेको छ। यसमध्ये पुरुष साक्षरता दर ८४.४ प्रतिशत र महिला साक्षरता दर ६६.१ प्रतिशत रहेको देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागले २०७८ सालमा लिएको जनगणनाको नतिजाको विश्लेषण गर्ने हो भने शैल्यशिखर नगरपालिकामा पढ्न र लेख्न दुवै जानेको जनसङ्ख्याको प्रतिशत ७४.९ रहेको देखिन्छ; जसमा महिला ६६.१ प्रतिशत र पुरुष ८४.४ प्रतिशत रहेको छ । यसैगरी पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या २४.६ प्रतिशत रहेको छ भने पढ्न मात्र जान्ने जनसङ्ख्या ०.५ रहेको छ ।
नेपाल सरकारको प्रत्येक १०/१० वर्षमा जनगणना लिने नीति अनुरूप केन्द्रीय तथ्याङ्क विभागले २०७८ सालमा लिएको जनगणनाअनुसार ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसङ्ख्या नतिजालाई विश्लेषण गर्दा शैल्यशिखर नगरपालिकामा प्राथमिक तह मात्र पास गरेको जनसङ्ख्या सबैभन्दा बढी (४,५४५) छ । यसैगरी निम्नमाध्यमिक तह मात्र उत्तीर्ण गरेको जनसङ्ख्या ३,१८४ रहेको छ भने उच्च माध्यमिक तह मात्र उत्तीर्ण गरेको जनसङ्ख्या २,८२६ रहेको छ । यसैगरी स्नातक तह र स्नाकोत्तर सरह वा सोभन्दा बढी उत्तीर्ण गरेको जनसङ्ख्या क्रमश: ५०५ र २६२ रहेको देखिन्छ।

यस नगरपालिकामा बाल विकास कक्षा देखि कक्षा १२ सम्मका विद्यालयहरु रहेका छन् । विद्यालयमा आधारित ५१ वटा बालविकास केन्द्र रहेका छन् । सामुदायिक तर्फ कक्षा (१–३) सञ्चालित ११, सामुदायिक कक्षा (१-५) सञ्चालित १७ कक्षा (१-८)सञ्चालित ९, कक्षा (१ -१०) सञ्चालित ५ कक्षा (१- १२) सञ्चालित ९ वटा गरि ५१ सामुदायिक विद्यालयहरु रहेका छन् ।कक्षा (१–३) को १, कक्षा (१- ५) २ वटा र कक्षा (१ -१०) का १ वटा संस्थागत सञ्चालित विद्यालय रहेका छन् । दुइ वटा सामुदायिक सिकाई केन्द्र रहेका छन् । CTEVT अन्तरगत सिभिल इन्जिनियरिङ, वनविज्ञान, इलेक्टिकल इन्जिनियरिङ, भेटरीनरी, जेमहिने प्राविधिक तथा १८ए .टि. सञ्चालनमा रहेको छन् । यस नगरपालिकामाव्यवसायिक शिक्षाको कक्षाउच्च शिक्षा अध्ययनका लागि स्नातकोत्तर सम्म पठनपाठनका लागि सुदूरपश्चिम विश्वविद्यालयको आंगिक गोकुलेश्वर बहुमुखी क्याम्पस रहेको छ ।

### *शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण*

यस नगरपालिकामा विधमान अवस्थामा रहेको विद्यालय, विद्यार्थी, विद्यार्थी भर्नादर, विद्यालय छोड्नेदर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचाङ्क, प्राविधिक र उच्च शिक्षाको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ....: शैक्षिक कार्यक्रम तथा शिक्षण संस्था**

| शैक्षिक कार्यक्रम तथा शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक वालविकास कक्षा | ५१ | ० | ५१ | |
| आधारभूत विद्यालय (कक्षा १-३) | ११ | १ | १२ | |
| आधारभूत विद्यालय (कक्षा १-५) | १७ | ३ | १९ | |
| आधारभूत विद्यालय (कक्षा १-८) | ९ | ० | ९ | |
| माध्यमिक विद्यालय (कक्षा १-१०) | ५ | १ | ६ | |
| माध्यमिक विद्यालय (कक्षा १-१२) | ९ | ० | ९ | |
| गुरूकुल | १ | ० | १ | |
| प्राविधिक धार मा.वि. | ० | ० | ० | |
| नमूना विद्यालयमा सूचीकृत मा.वि. | १ | ० | १ | |
| क्याम्पस | १ सरकारी | ० | १ | |

**स्रोत : EMIS २०८१**

उपरोक्त शैक्षिक अवस्थाबाट नगरपालिकामा प्रारम्भिक बालविकास शिक्षाको सङ्ख्या सवैभन्दा बढी रहेको अवस्था देखिन्छ । यी कार्यक्रमहरूको व्यवस्थापन तथा गुणस्तरीय सुधारमा थप सुधार हुन सकेमा गुणस्तरीय शिक्षाको आधार निर्माण हुन जाने अवस्था छ। १२ ओटा आधारभूत तर्फका कक्षा १-३ सञ्चालित विद्यालयहरू रहेका छन् भने सोही तहका कक्षा १-५ सञ्चालन हुने र कक्षा १-८ सञ्चालन हुने विद्यालयहरू क्रमशः १९ र ९ ओटा रहेका छन । त्यसैगरी कक्षा १-१० र कक्षा १-१२ सञ्चालन हुने विद्यालयहरूको सङ्ख्या क्रमशः ६ र ९ ओटा रहेका छन् । नगरपालिकामा १ नमुना विद्यालय र १ सरकारी क्याम्पस रहेका छन् । सङ्ख्यात्मक रूपमा शैक्षिक सस्थाहरूको अवस्था पर्याप्त नै देखिन्छ। यी संस्थाहरूको शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन सकेमा नगरपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति उत्पादन हुन जाने अवस्था देखिन्छ ।

## *वडागत रूपमा विद्यालयहरूको विवरण*

**तालिका ....: वडागत विद्यालय विवरण**

| वडा नं. | सामुदायिक | | | संस्थागत | | | सामुदायिक र संस्थागत जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा |
| १ | ६ | १ | ७ | ० | ० | ० | ६ | १ | ७ |
| २ | ३ | २ | ५ | ० | ० | ० | ३ | २ | ५ |
| ३ | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| ४ | ४ | २ | ६ | ० | ० | ० | ४ | २ | ६ |
| ५ | ४ | १ | ५ | ० | ० | ० | ४ | १ | ५ |
| ६ | ३ | २ | ५ | ० | ० | ० | ३ | २ | ५ |
| ७ | ४ | २ | ६ | ० | ० | ० | ४ | २ | ६ |
| ८ | ६ | २ | ८ | ० | ० | ० | ६ | २ | ८ |
| ९ | ५ | २ | ७ | ३ | १ | ४ | ८ | ३ | ११ |
| **जम्मा** | **३७** | **१४** | **५१** | **३** | **१** | **४** | **४०** | **१५** | **५५** |

स्रोत: शिक्षा शाखा, शैल्यशिखर न.पा., २०८१

वडा न ९ बाहेक कुनै पनि वडामा संस्थागत विद्यालय नभएको अवस्था देखिन्छ भने वडा नं ८ र ९ मा सबैभन्दा बढी सामुदायिक विद्यालय (८/८ ओटा) रहेको देखिन्छ । त्यसै गरी वडा नं ३ मा माध्यमिक विद्यालय नरहेको र वडा नं १ र ५ बाहेक सबैमा २/२ ओटा माध्यमिक विद्यालय रहेका छन् । यद्यपि, यसबाट उक्त वडाहरूमा

विद्यालय उमेर समुहका स साना बालबालिकाहरूका लागि सँगै रहेको नजिकैको अर्को वार्डमा रहेका माध्यमिक विद्यालयमा सहज पहुँच भएकोले खासै कठिनाइ रहेको देखिँदैन ।

## *नगरपालिकाको कक्षागत विद्यार्थी विवरण*

**तालिका १: कक्षागत विद्यार्थी विवरण**

| कक्षा | जम्मा | | | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | अन्य | जम्मा | छात्र | छात्रा | अन्य | जम्मा |
| ECD | ४११ | ५७० | | ९८१ | ९८ | ८५ | | १८३ |
| १ | ४२१ | ४०९ | | ८३० | १०३ | १०७ | | २१० |
| २ | २२४ | २८९ | | ५१३ | ५८ | ६४ | | १२२ |
| ३ | २६० | २६४ | | ५२४ | ३७ | ५५ | | ९२ |
| ४ | २५३ | २५८ | | ५११ | ४५ | ६० | | १०५ |
| ५ | २७६ | २३२ | | ५०८ | ४४ | ४३ | | ८७ |
| ६ | २६२ | २५३ | | ५१५ | ४५ | ३६ | | ८१ |
| ७ | २७७ | २५६ | | ५३३ | ५४ | ५६ | | ११० |
| ८ | २५४ | २४७ | | ५०१ | ३० | ४१ | | ७१ |
| **०-८ जम्मा** | **२६३८** | **२७७८** | | **५४१६** | **५५८** | **५६०** | | १११८ |
| ९ | २४८ | २७० | | ५१८ | ३८ | ५२ | | ९० |
| १० | २७४ | २८३ | | ५५७ | ५३ | ३६ | | ८९ |
| ११ | १८१ | २०० | | ३८१ | ३६ | ३२ | | ६८ |
| १२ | १४७ | १५९ | | ३०६ | १४ | १४ | | २८ |
| **९-१२ जम्मा** | **८५०** | **९१२** | | **१७६२** | **१४१** | **१३४** | | २७५ |
| **०-१२ जम्मा** | **३४८८** | **३६९०** | | **७१७८** | **६९९** | **६९४** | | १३९३ |

## *नगरपालिकामा रहेका अपाङ्गता भएका वालवालिकाहरू*

तालिका २ : अपाङ्गता भएका बालबालिकाको विवरण

| कक्षा | अपाङ्गता भएका बालबालिका | | | |
|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा |
| ० | १७ | २४ | | ४१ |
| १ | २१ | १७ | | ३८ |
| २ | ४ | १ | | ५ |
| ३ | २ | २ | | ४ |
| ४ | ३ | ० | | ३ |
| ५ | ० | ५ | | ५ |
| ६ | ० | २ | | २ |
| ७ | ० | १ | | १ |
| ८ | १ | ० | | १ |
| ०-८ जम्मा | ४८ | ५२ | | १०० |
| ९ | ० | २ | | २ |
| १० | १ | १ | | २ |
| ११ | १ | १ | | २ |
| १२ | ० | १ | | १ |
| ९-१२ जम्मा | २ | ५ | | ७ |
| ०-१२ जम्मा | ५० | ५७ | | १०७ |

## *नगरपालिकाको शिक्षक दरबन्दी*

तालिका ३ : सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी विवरण

| विद्यालय विवरण | दरबन्दी | | | संघीय अनुदान | पालिका करार | निजी | स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | राहत | करार | | | | | |
| वालविकास | ० | ० | ० | ४२ | १३ | ० | | ५५ |
| आधारभूत (१-५) | १०२ | २६ | ४ | ० | २८ | | | १६० |
| आधारभूत (६-८) | २० | १६ | १ | | ४५ | | | |
| माध्यमिक (९-१०) | १५ | १२ | ० | | २२ | | | |
| माध्यमिक (११-१२) | दरबन्दी | राहत | जम्मा | | ९ | | | |
| | ३ | ११ | १४ | | | | | |
| जम्मा | | | | | | | | |

## *नगरपालिकाको विद्यालय कर्मचारी दरबन्दी*

तालिका ४ : सामुदायिक विद्यालयहरूको कर्मचारी दरबन्दी विवरण

| कर्मचारी विवरण | संघीय अनुदान प्राप्त | पालिका करार | नीजि | जम्मा |
|---|---|---|---|---|
| परिचर | ५१ | १३ | | ६४ |
| लेखा सहायक/सहायक कर्मचारी | १२ | ९ | | २१ |

## *विद्यालय - विद्यार्थी अनुपात*

**तालिका ५: सामुदायिक विद्यालय तर्फको विद्यालय-विद्यार्थी अनुपात**

| तह | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | प्रति विद्यालय विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| वालविकास | ५१ | ९८१ | १९.२४ | |
| आधारभूत (१-३) | ११ | १५६७ | १४२.४५ | |
| आधारभूत (१-५) | १७ | २८८६ | १६९.७६ | |
| आधारभूत (६-८) | ९ | १५४९ | १७२.११ | |
| माध्यमिक (९-१०) | ५ | १०७५ | २१५ | |
| माध्यमिक (११-१२) | ९ | ६८७ | ७६.२४ | |

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

समग्रमा हेर्दा शैल्शिखर नगरपालिका शैक्षिक दृष्टिले अगाडी रहेको देखिए ता पनि जनसंख्या वितरणको अवस्था सन्तुलित छैन जसको कारणले शिक्षामा असर पारेको छ । जनसङ्ख्या वितरणको अवस्था हेर्ने हो भने एउटा वडाको जनसंख्या र अर्को वडाको जनसंख्यामा ठूलो अन्तर देखिन्छ । विद्यालयको संख्या हेर्यो भने पनि कुनै कुनै वडामा धेरै सामुदायिक विद्यालय र बालविकास केन्द्र छन्। भौगोलिक बनौटको हिसावले कुनै वडा अति सानो छ भने कुनै अत्यन्तै ठूलो । भूगोल र जनसंख्याको हिसावले पनि निकै अन्तर रहेको छ । साक्षर नगर घोषणाको प्रक्रियामा भए पनि निरक्षरको जनसंख्या पनि चुनौतिपूर्ण रहेको छ । जनसंख्या वृद्धि ह्रासन्मुख छ भने वसाई सराइ गरी आउने, अस्थायी वसोबास गरी वालवच्चा पढाउनेदेखि रोजगार पेशा व्यवसायले पनि जनसंख्याको सहि आँकलन गर्न सक्ने अवस्था छैन । शैक्षिक दृष्टीकोणले शैल्यशिखर नगरको जनसंख्या, विद्यालय उमेरको जनसंख्यालाई हेरेर मात्र योजना बनाउन चुनौती मात्र होइन ठूलो समस्याको रूपमा रहेको छ । एक दुई संस्थागत विद्यालयमा मनपरी चर्को शुल्क लिने गरिएको छ । आफनो नगर तथा सेवा क्षेत्र भन्दा बाहिरका विद्यार्थीहरू तल्लो कक्षा देखि नै वढि रहेका छन् । यस्तो अवस्थामा विद्यालयको सेवा क्षेत्र र विद्यार्थी संख्या न्यूनतम एवं अधिकतमलाई विचार नपुर्याउने हो भने गुणस्तरीय शिक्षा प्रदान गर्न समेत समस्या देखिन्छ । केही सामुदायिक विद्यालयहरूमा विद्यार्थीको चाप अत्याधिक छ भने केहीमा अति न्यून विद्यार्थी संख्याले गर्दा प्रविधिमैत्री शैक्षिक वातावरण तयार गर्न नसक्नु र विभिन्न विदाका विषय पनि प्रमुख समस्याको रूपमा रहेको छ ।यी विभिन्न आधारमा यस नगरपालिकाका शिक्षा क्षेत्रमा देखिएका प्रमुख समस्याहरू यस प्रकार उल्लेख गर्न सकिन्छ ।

## (क) मुख्य समस्याहरू

१. सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँचसहभागिता र गुणस्तरको सूनिश्चितता गर्न नसक्नु , ।
२. सबै विद्यालयहरूमा उपयुक्त भौतिक पुर्वाधारको विकास हुन नसक्नु ।
३. तहगत र विषयगत रुपमा शिक्षकको दरबन्दी नहुनु ।
४। शैक्षिक क्रियाकलापहरुमा अभिभावकहरुको न्यून सहभागिता हुन नसक्नु ।
५। SIP निर्माण तथा अन्य विद्यालय विकासका कार्यक्रमहरुमा अभिभावक तथा वि .स .व्य . पदाधिकारीहरुको सहभागितानै नहुनु ।
६. पाठ्यक्रमले तोकिए बमोजिमका सिकाई उपलब्धि हासिल गर्न नसक्नु ।
७. बालमैत्री बिद्यालय निर्माण गरि सिकाई बाताबरण निर्माण गर्न नसक्नु ।
८. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
९. स्थानीय पाठ्यक्रम मात्र निर्माण हुनु तर स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक बन्ननसक्नु ।
१०।अभिभावकहरुलाई विद्यार्थीको सिकाइ उपलब्धि सँग जोडन नसक्नु ।
११. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहूँच नहुनु र प्रभावकारि रुपमा कार्यान्वयन गर्न नसक्नु ।
१२. वैकल्पिक सिकाईको प्रभावकारि रुपमा कार्यान्वयन गर्न नसक्नु ।
१३. अनुगमन तथा सुपरीवेक्षण प्रणाली प्रभावकारी नहुनु।
१४. विद्यार्थीहरुले नियमित रुपमा तह पूरा गर्न नसक्नु।

## ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

कुनै पनि बिषय क्षेत्र तथा कार्यको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतिहरुको चीरफार SWOT विश्लेषणमा गरिन्छ । सबल पक्ष र समस्या जहिले पनि सस्थाको आन्तरिक पक्षसंग सम्बन्धित हुन्छन भने अवसर र चुनौती बाह्य पक्षसंग सम्बन्धित हुन्छन। योजना कार्यान्वनमा SWOT विश्लेषणको महत्वपूर्ण भूमिका हुने भएकोले यहा शिक्षाक्षेत्रको SWOT विश्लेषण गरिएको छ । यो SWOT विश्लेषण शैल्यशिखर नगरपालिकाको समग्र शैक्षिक अवस्थाको सुधारका लागि गरिएको छ । यसका लागि आवस्यक पर्ने तथ्यांक र जानकारी शैल्यशिखर नगरपालिका शिक्षा शाखा तथा यस नगरपालिका अन्तरगत संचालित बिभिन्न बिद्यालयबाट प्राप्त गरियो ।

### *सबल पक्षहरु*

प्राप्त तथ्यांक र जानकारी विश्लेषण गर्दा सम्मबन्धित बिषय क्षेत्रका सबल पक्षहरुः

१. विद्यालय शिक्षा स्थानीय निकायको मातहतमा हुनु,
२. प्राय: विद्यालयहरूमा तालिम प्राप्त शिक्षकहरु हुनु,
३. प्राय: भौतिक पूर्वाधार तथा कक्षाकोठाहरु आवस्यक मात्रामा पुग्नेगरी रहनु वा निर्माणाधीन रहनु,
४. शैक्षिक सामग्रीको व्यवस्था हुनु,
५. बिधार्थी संख्या पर्याप्त हुनु,
६. खेलमैदान पर्याप्त रहनु,
७. स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयनमा रहनु,

८. शैक्षिक विकासका लागि सबै पक्ष सकारात्मक हुनु, आदि ।

### *दुर्बल पक्षहरु*

१. बिद्यालय छोड्ने दर बढी हुनु,
२. न्यून बिद्यार्थी उपस्थिति हुनु,
३. बिको नतिजा संतोसजनक नहुनु .सी .एल .र एस .ई .ई .एस ,ई.एल.,
४. प्रबिधिमैत्री सिकाइ नहुनु,
५. सरोकारवालाहरु बाट प्रभावकारी अनुगमन एवं निगरानी नहुनु,
६. शिक्षा विकासका लागि पर्याप्त बजेटको व्यवस्था नगरिनु| आदि ,

### *अवसरहरु*

१. संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,
२. शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सक्नु ,
३. स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
४. तीन तहको सरकार तथा अन्य सङ्ग संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
५. सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा बिस्तार हुनु,
६. विभिन्न गैहसरकारी संघ संस्थाहरुले पनि विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरु संचालन गर्नु,
७. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण,
८. जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु ,
९. स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्न,
१०. बैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ,

### *चुनौतीहरु*

१. विपतको उच्च जोखिम,
२. बिद्यार्थी बिद्यालयमा टिकाउन नसकिने ,
३. अभिभावकको आर्थिक अवस्था कमजोर,
४. लैंगिक भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति आदिको विविधताका कारण सबै बालबालिकालाइ गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन,
५. जनसाङ्खिकीय प्रवृत्ति का कारण (र बसाँई सराई विशेषतः जन्म)ले व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन,
६. शिक्षा प्रतिको सकारात्मक चेतना अथवा शिक्षाको महत्व बुझाईको कमि,
७. बिद्यालयहरुको भौतिक ,लगायत व्यवस्थापकीय कमीकमजोरीहरु रहनु ,शैक्षिक ,आर्थिक ,
८. शिक्षा प्रतिको सकारात्मक सोच र व्यवहारको कमी| आदि ,

# परिच्छेद - २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

नेपालको संविधान (२०७२) लागू भई संघीयता कार्यान्वयनमा आए संगै राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्दै आएका छन । संघ प्रदेश र स्थानीय तहलाइ संविधानले निर्दिस्ट गरेका शिक्षा सम्बन्धी एकल तथा साझा अधिकारहरुलाई कार्यान्वयन गर्न सहकारीता सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गरी शिक्षाको राष्ट्रिय गन्तव्य एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्नुपर्ने हुन्छ । नेपाललाई सन २०२२ सम्म विकाससील तथा सन २०३० सम्म मध्यम आय भएको देशको रुपमा विकास गरी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नु पर्ने अभिभारा हाम्रो सामु छ । यसका लागि शिक्षाको क्षेत्रमा हालसम्म भए गरेका प्रयास उपलब्धि र पहिचान गरिएका समस्या एवं चुनौतिहरुको समीक्षा गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तिनै तहको शिक्षा क्षेत्रको योजनाको ढाँचामा एकरुपता ल्याउने गरी शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणको कार्यलाइ तिनै तहका सरकारहरु मार्फत अगाडि बढाएको छ । विगतमा पनि पञ्चवर्षीय, त्रिवर्षीय योजनाका अतिरिक्त सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (प्रथम), आधारभूत तथा प्राथमिक शिक्षा परियोजा (दोस्रो), सबैका लागि शिक्षा (EFA) कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना (SSEP), विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) लागु भए ।

यिनै योजना तथा कार्यक्रमहरूको परिणामस्वरूप नेपालको साक्षरता, सिपयुक्त जनशक्ति, रोजगारी, विकास र देशको आर्थिक समृद्धिले गति ल्याएको देखिन्छ । यी योजना तथा कार्यक्रमहरूका उपलब्धिको रक्षा तथा .संवैधानिक प्रावधान अनुसार "धारा ३१ मा भएको व्यवस्थामा " निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा एवं निशुल्क माध्यमिक शिक्षा उपलव्ध गराउने दायित्व, स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४ "दफा " (२) ११ ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार,( सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी) आयोजना तर्जुमा र कार्यान्वयनः (कः(दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था) र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ लाई आधार मान्दै शैल्यशिखर नगरपालिकाद्वारा यो दशवर्षे नयाँ शिक्षा योजना (२०८१ -२०९१ ) तयार पारिएको छ।

अबको शिक्षा योजनाले भविष्यका पिँढीहरूको आकाङ्क्षा र चाहनाहरूको सम्बोधन गरी अन्तर्राष्ट्रिय स्तरमा पहिचान भएका कुशल नागरिक उत्पादनमा सहयोग पुर्याउने छ। केन्द्रीकृत योजनाबाट स्थानीय आवश्यकता सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय तहमा आवश्यक्तानुसार योजना निर्माण गर्न र स्थानीय तहहरूको योजनाको आधारमा संघीय शिक्षा योजना बनाउन यस योजनाले सहयोग पुर्याउने छ । विगतका योजनाका उपलब्धिको रक्षा गर्दै भविष्यमा शिक्षालाई समयानुकूल, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, मूल्य उन्मुख, देशप्रेमी नागरिक उत्पादनमा सहयोग पुर्याउन यो योजना औचित्यपूर्ण हुनेछ। यो योजना निर्माणमा तपसिलका आधारहरुको प्रयोग गरिएको हो ।

### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ।

३. अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ।

धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५ धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २,३,७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियम
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ ।

२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुर्‍याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने

४. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

५. अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ

- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्नसक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

३. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।

४. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

५. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

६. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

७. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

८. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

९. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

१०.साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार (क) सामुदायिक सिकाई केन्द्र, (ख) आधारभूत प्रौढ शिक्षा, (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क, (ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ दूरदृष्टि

***"शैल्यशिखरवासीको एउटै अपेक्षा : सचेत, सक्षम र सिर्जनशील नागरिक उत्पादनका लागि शिक्षा"***

## २.३ लक्ष्य

**"प्रत्येक विद्यालयभित्र बालमैत्री, समावेशी सिकाइ वातावरण निर्माण तथा विकास गर्दै सुशासनयुक्त शैक्षिक प्रणालीको स्थापना गर्न प्रभावकारी शैक्षिक सेवा प्रवाहको माध्यमबाट गुणस्तरीय, प्रविधिमैत्री, व्यावहारिक शिक्षा प्रदान गरी नैतिकवान, स्वविवेकी, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने"**

## २.४ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु,
३. पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्नु,
४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु,
५. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. विषयगत र कक्षागत रूपमा शिक्षकको दरबन्दी व्यवस्थापन गर्नु,
७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
८. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
९. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

## २.५ रणनीति

१. पाठ्यक्रमलाई परिमार्जन गरी वातावरण संरक्षण, जलवायु परिवर्तन जस्ता विषय समावेश गरी समयानुकूल बनाइने ।
२. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
३. शिक्षकहरूको क्षमता विकास गर्ने ।
४. सबैका लागि आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क गर्नका लागि नि:शुल्क पाठ्यपुस्तक, दिवा खाजा र स्यानिटरी प्याड वितरण गर्ने ।
५. समतामूलक र समावेशी शिक्षाका लागि तथ्याङ्क सङ्कलन गर्ने,
६. प्रोत्साहनमूलक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
७. संरचनागत व्यवस्था, समन्वय तथा सहकार्य, समुदाय परिचालन, बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप, सामग्री र भौतिक संरचना, विपत् व्यवस्थापन जस्ता विषयहरूलाई समुचित व्यवस्थापन गर्दै लैजाने,
८. तह एवम् विषयगतरूपमा शिक्षकहरूको दरबन्दी व्यवस्थापन गर्ने,
९. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
१०. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्ने ।

## २.६ कार्यनीति

१. नक्साङ्कनका आधारमा विद्यालय र बालविकास केन्द्रको स्थापना गरिनेछ ।
२. प्रारम्भिक बाल विकास केन्द्रहरूलाई थप सुदृढ गरी विद्यार्थी भर्ना तथा टिकाई राखलाई जनप्रतिनिधिहरूको समेत सहभागितामा विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

३. विभिन्न कारणले विद्यालय बाहिर रहेका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरूका लागि समुदाय स्तरमै बालविकास सहजकर्ता शिक्षकको व्यवस्था गरिनेछ ।
४. सहजकर्ताहरूका लागि विभिन्न प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. विद्यालय तथा समुदायमा सञ्चालित बालविकास केन्द्रहरूको क्षमता विकासका लागि तालिम तथा बाल विकास केन्द्र सबलीकरण कार्यक्रममार्फत बालमैत्री वातावरण सिर्जना गरिनेछ ।
६. विद्यालय नक्साङ्कनका आधारमा आवश्यकताअनुसार विद्यालय स्थापना तथा समायोजन गरिनेछ ।
७. विद्यार्थी सङ्ख्या, विद्यालयको तह तथा अध्यापन गराइने विषय समेतका आधारमा विषयगत तहगत शिक्षक दरबन्दी पूनर्वितरण तथा थप ब्यवस्थापन गरिनेछ ।
८. विद्यालयमा लगानीको वातावरण तयार गरी सरकारी, गैरसरकारी सङ्घसंस्था र सरोकारवाला सबैको सहभागितामा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
९. वि.व्य.स. र शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि गरी विद्यार्थीको शैक्षिक गुणस्तर विकासमा जवाफदेही बनाइनेछ ।
१०. नगरपालिकाभित्रका विद्यालयहरूमा गरिएका असल अभ्यासहरूको अनुभव आदानप्रदान गर्न विद्यालयहरूमा अवलोकन भ्रमणको ब्यवस्था मिलाइनेछ ।
११. स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरी कक्षा ८ सम्म विस्तार गरिनेछ।
१२. विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि सह तथा अतिरिक्त कृयाकलाप सञ्चालन गरिनेछ ।
१३. माध्यमिक विद्यालयहरूमा आधुनिक प्रविधियुक्त गणित प्रयोगशाला, विज्ञान प्रयोगशाला, भाषा प्रयोगशाला, ICT Lab, र पुस्तकालय व्यवस्थापन गरिनेछ ।
१४. प्राविधिक तथा व्यावसायिक शिक्षामा निशुल्क पहुँचका लागि विभिन्न अनुदान तथा छात्रवृत्ति उपलब्ध गराइनेछ ।
१५. आवश्यकतानुसार प्राविधिक विद्यालयहरू सञ्चालन गरिनेछ ।
१६. युवाहरूलाइ लक्षित गरी विभिन्न छोटो अवधिका व्यावसायिक तथा सिपमूलक तालिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धि

यस योजना अवधिका मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरु देहाय वमोजिम निर्धारण गरि उक्त लक्ष्यहरु योजना अवधिमा पूरा हुने अपेक्षा गरिएको छ ।

## मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरु

योजना अवधिको अन्त्यमा प्रस्तुत योजना पूर्ण रूपमा कार्यान्वयनमा आई देहायअनुसारका उपलब्धिहरू प्राप्त हुनेछन्।

१. सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षा सहित कक्षा १ मा भर्ना भएका हुनेछन्।

२. गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ।

३. माध्यमिक शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि भएको हुनेछ।

४. कार्यमूलक साक्षरताको अभिवृद्धि भई निरन्तर शिक्षाको अवसर उपलब्ध भएको हुनेछ।

५. सूचना तथा प्रविधिमैत्री शिक्षण–सिकाइ क्रियाकलाप, विद्यालय सञ्चालन तथा व्यवस्थापनको अभिन्न अङ्गको रूपमा स्थापित भएको हुनेछ।

६. आपतकालीन परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ।

७. सबै विद्यार्थीहरूले भौतिक तथा शैक्षिक रूपमा सुरक्षित विद्यालयमा पढ्न पाउने अवसर प्राप्त गरेका हुनेछन्।

८. प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चितताको आधार तयार एवं सञ्चालन भएको हुनेछ।

९. सक्षम, समर्पित र मर्यादित शिक्षकहरूद्वारा विद्यार्थीहरूको सिकाइमा सुधार आएको हुनेछ।

१०. बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार आई सिकाइ स्तर अभिवृद्धि भएको हुनेछ।

११. आवश्यकता अनुसार विद्यालयहरू तथा बालविकास केन्द्रहरू विस्तार एवं मर्ज भएका हुनेछन्।

१२. विद्यालयहरूलाई उपयोगिताको आधारमा विषयान्तर (एक विद्यालय–एक मुख्य विषय) गरिएको हुनेछ।

१३. संस्कृत, योग तथा आयुर्वेदिक महाविद्यालय सञ्चालन भएको हुनेछ।

१४. यस नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा–सुविधा तथा प्रोत्साहन तुलनात्मक रूपमा राम्रो गरिएको हुनेछ।

१५यस नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा .–सुविधा तथा प्रोत्साहन तुलनात्मक रूपमा राम्रो गरिएको हुनेछ।

१६बालविकास ., सिकाइ केन्द्र, विद्यालय एवं क्याम्पसमा भौतिक विकास तथा शैक्षिक सामग्रीहरूको राम्रो एवं अपाङ्गमैत्री व्यवस्था भएको हुनेछ।

१७) आधुनिक सूचना तथा प्रविधिको ज्ञान एवं प्रयोगमा वृद्धिका साथै उन्नतता .Digitalization) कायम भएको हुनेछ।

१८नमुना विद्यालय स्थापना गर्ने आधार तयार भ .ई सञ्चालनमा ल्याउने क्रम सुरु गरिनेछ।

१९विद्यालयमा रेडक्रस तथा स्काउटका गठन ., सञ्चालन तथा नियमितता गरिएको हुनेछ।

२०विद्यालयहरूमा रहेका निजी प्रकृतिका शिक्षकहरूलाई नगर शिक्षकमा रूपान्तरण गरिएको हुनेछ। .

२१प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था सुनि .श्चित गरिएको हुनेछ।

२२भयरहित ., बालमैत्री, सुरक्षित, सफा एवं सुन्दर विद्यालय वातावरण निर्माण भएको हुनेछ।

२३नियमित खेलकुद कार्यक्रम ., सांस्कृतिक कार्यक्रम, प्रदर्शनी कार्यक्रम, शिक्षक शैक्षिक भ्रमण, विद्यार्थी शैक्षिक भ्रमण तथा विभिन्न परियोजना कार्य लगायतका कार्यक्रम सञ्चालन भएका हुनेछन्।

२४विधा विस्तार गर्ने कार्यको सुरुवात को सु (स्कुल बस) विद्यालयहरूमा क्रमशः यातायातका साधनहरू . गरिएको हुनेछ।

२५नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा तहगत र विषयगत शिक्षकहरूको पूर्ण व्यवस्था . गरिएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

### २.९ लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(%) | स्थानीय | ८६.४ | ९४.१ | | ९५ | ९६ | ९७ | १०० | IEMIS | IEMIS |
| | | प्रदेश | ९८.९ | | | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | | ९४.० | ९९.० | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | स्थानीय | ८८.१ | ८९ | | ९० | ९१ | ९३ | ९५ | | |
| | | प्रदेश | ८१.३ | | | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | | ८५.० | ९५.0 | | | | |
| २.आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९८.८ | ९८.८ | | ९८.९ | ९८.९ | ९९.० | ९९.५ | IEMIS | IEMIS |
| | | प्रदेश | ९६.० | | | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | | ९९.० | १०० | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १२० | १२० | | ११८ | ११६ | ११५ | ११५ | IEMIS | IEMIS |
| | | प्रदेश | ११५.० | | | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | | १०७.० | १०५.० | | | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६ | ९६ | | ९७ | ९८ | ९८ | ९९ | IEMIS | IEMIS |
| | | प्रदेश | ९५.७ | | | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | | ९९.५ | १०० | | | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १५०.६ | १५०.६ | | १४५.३ | १४०.३ | १३५.३ | १३२.५ | IEMIS | IEMIS |
| | | प्रदेश | १२७.३ | | | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ६५ | ६५ | | ६८ | ७० | ७५ | ८० | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९८.३ | | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | स्थानीय | १४०.३ | १३८.३ | | १३५.५ | १३४.३ | १३२.३ | १३०.२ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | | १०७ | १०५.० | | | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८१.३ | | | | | | | | |
| | | प्रदेश | ८८.३ | | | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९२.८ | ९३.५ | | ९३.८ | ९४.८ | ९५.८ | ९६.८ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | | ९५.५ | ९९.५ | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १८.२ | | | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | | १५.० | १०.० | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | १.०१ | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९१ | ९१ | | ९२ | ९३ | ९४ | ९५ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | | १०० | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | ९५.५ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८७.३ | ८७.३ | | ८८.३ | ८८.५ | ८९.३ | ९०.५ | IEMIS | IEMIS |
| | | | प्रदेश | ८६.७ | | | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | ९५.० | | | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८१.५ | ८२.७ | | ८३.७ | ८३.५ | ८५ | ९० | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | ९५.० | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९९ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | २.५५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | गणित | स्थानीय | २.५५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको | नेपाली भाषा | स्थानीय | ७१.२ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | | ६०.० | ७०.० | | | | |
| | | गणित | स्थानीय | ३६.५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | | ६०.० | ७०.० | | | | |

| क्र.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या (%) | अङ्ग्रेजी | स्थानीय | ५२.५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६१.५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | | ७२ | ७५ | | | | |
| | | गणित | स्थानीय | ६८.५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | | ६५.० | ७०.० | | | | |
| | | विज्ञान | स्थानीय | ५५.५ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | | ६०.० | ७०.० | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | | ०.५ | ० | | | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | ० | | | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ३३.७ | | | | | | | IEMIS | IEMIS |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | | ५०.० | ५०.० | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३.माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५४.५ | ५५.५ | | ५६.५ | ५६.५ | ५७.५ | ६०.५ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | | ६५.० | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | स्थानीय | ६६.६ | ६७.६ | | ६९.६ | ७०.६ | ७२.६ | ७५.६ | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | | ९९.० | | | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०७ | | | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | | १.०० | १.०० | | | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९४.५ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६०.१ | | | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २२.० | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | २२ | | | | | | | IEMIS | IEMIS |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | | २७.० | ३३.० | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या(%) | स्थानीय | विज्ञान | ५ | | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | | | | |
| | | | प्रा.व्या. | | | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | १५.० | | | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | | ३०.० | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | गणित | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | | | | |
| | | | प्रदेश | | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | | |
| **४.जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | | ९५.० | | | | | |

| क.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर(६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५५ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | | ९५.० | १०० | | | | |
| ४.३ | साक्षरता दर(१५-२४ उमेर समूह) (%) | स्थानीय | | ६१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | | ९९.० | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता(१पाँच वर्ष भन्दा माथि) | स्थानीय | | ०.६१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | | ०.८० | | | | |
| **५.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति(%) | स्थानीय | | ५ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | | ५०.० | ७५.० | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | | | | |
| | | | छात्र | | | | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | | | | |
| | | | छात्र | | | | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | | | | |
| | | | छात्र | | | | | | | | | |
| **६.सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | | | |
| ६.१ | आधारभूत तह(कक्षा १-५) मा | स्थानीय | | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | | ३०:१ | ३०:१ | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २५:१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | | ३०:१ | ३०:१ | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २२:१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | | ३०:१ | ३०:१ | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १५:१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | ३०:१ | ३०:१ | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ३२:१ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | | ३०:१ | ३०:१ | | | | |
| **७.शिक्षामा लगानी** | | | | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ५ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | | १७.० | २०.० | | | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ११ | | | | | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | | २४ | | | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति | स्थानीय | | | | | | | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | | २०८५ | २०८७ | २०८८ | दश वर्षे लक्ष्य (१०) | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | | १७ | | | | | |

# परिच्छेद : ३ शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

शैल्यशिखर नगरपालिकामा हाल जम्मा ५१ बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन । सबै बालविकास केन्द्रहरु विद्यालयमा आधारित भई सञ्चालित रहेका छन । यस नगरपालिका अन्तर्गत हाल बालविकास शिक्षाको खुद भर्नादर ८६.४ प्रतिशत रहेको छ । संस्थागत विद्यालय तथा नीजि क्षेत्रबाट सञ्चालित विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा ३ वर्षेको कार्यक्रम सञ्चालनमा छ भने सामुदायिक विद्यालयहरुमा १ वर्षको प्रारम्भिक बालविकास शिक्षाको कार्यक्रम सञ्चालन छ । यी सबै शैक्षिक संस्थाहरुमा कूल ९८१ जना बालबालिकाहरु अध्ययनरत छन् । यस नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको कूल भर्नादर ९४.१ र खुद भर्नादर ८६.४ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ८८.१ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समता सुचक ०.८२ रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरु ५२ जना रहेका छन । प्रारम्भिक बालविकाश शिक्षामा कार्यरत शिक्षकहरुमध्ये हाल सम्म पनी एस. एल.सी. वा एस.ई.ई. भन्दा कम शैक्षिक योग्यता हाँसिल गरेका शिक्षकहरु रहेका छन् तथा न्यनतम तालिमवाट बन्चित रहेका छन् । सरकारले दिइराखेको सेवा सुविधा न्यून रहेको छ । वर्तमान यस अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्‍याउने ।
२. सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड पूरा गर्ने ।
३. बालविकाह शिक्षकको न्यूनतम पारीश्रमिक कायम गर्ने ।

### ३.१.२ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्न उद्देश्यहरु राखेको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बढाउनु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.३ रणनीतिहरु

प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छनः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरुलाई बालविकास/पूर्वप्राथमिक कक्षामा भर्ना गराउने ।
२. विद्यालयमा आधारित बालविकास केन्द्रहरुको वैज्ञानिक नक्सांकन गर्ने ।

३. सहजकर्ताको स्थायित्वका लागि स्थानीय निकाय तथा अन्य संघसंस्थाबाट प्राप्त स्रोत परिचालन गरि पारिश्रमिकमा वृद्धि गर्ने साथै बालविकास केन्द्र व्यवस्थापन समितिलाई सक्रिय बनाइ आय आर्जनका कार्यक्रम सुरु गरी छुट्टै बालविकास कोषको स्थापना गर्न बालविकास केन्द्रहरुलाई प्रोत्साहित गर्ने ।

४. खुला शिक्षाको माध्यमबाट न्यूनतम योग्यता नपुगेका सहयोगी कार्यकर्तालाई माथिल्लो शिक्षा हासिल गर्नको लागि प्रोत्साहित गर्ने र क्षमता अभिवृद्धि गर्नको लागि तालिम तथा नमुना बालविकास केन्द्रको अवलोकन भ्रमणको व्यवस्था मिलाउने ।

५. समुदायमा आधारित भएर संचालनमा रहेका बालविकास केन्द्रलाई समुदायबाट बालमैत्री सुविधा जनक कक्षाकोठा निर्माण गर्न आवश्यक पहल गर्ने । विद्यालयमा संचालनमा रहेका बालविकास केन्द्रलाई सुविधा जनक कक्षाकोठा उपलब्ध गराइ कक्षा संचालन गर्न पहल गर्ने र अव स्थापना हुने बालविकास केन्द्रको लागि कक्षा कोठा भए नभएको अध्ययन गरेर मात्र कक्षा कोठा भएकालाई मात्र उपलब्ध गराउने ।

६. बालविकास केन्द्रमा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य गर्ने ।

७. नगरपालिका भित्रका सबै बालविकास केन्द्रहरुमा आवश्यक पूर्वाधारसहित बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने ।

८. आन्तरिक तथा वाह्य अनुगमन प्रणालीलाई प्रभावकारी वनाउन मातृ विद्यालयका प्रधानाध्यापकलाई जिम्मेबार बनाउने ।

९. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ सस्था निजीक्षेत्र र समुदायलाई जिम्मेबार बनाउने ।

१०. प्रारम्भिक बालविकास कक्षामा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड प्रतिबेदन प्रयोगमा ल्याउने।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरू १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ ।

२. प्रारम्भिक बालविकास तहको कूल भर्नादर १०० पुगेको हुनेछ ।

३. प्रारम्भिक बालविकास तहमा कार्यरत सहजकर्ताहरुको न्यूनतम योग्यता सत प्रतिशत पुगेको हुनेछ ।

४. कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालवालिका १०० प्रतिशत पुगेको हुनेछ ।

५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी संघ संस्था र विद्यालयहरु जिम्मेवार भइ कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालविकासको अनुभव सहितका हुनेछन् ।

६. सबै बालविकास केन्द्रहरू अनुगमन सूचकहरुका आधारमा सिकाइमैत्री र बालमैत्री भएका हुनेछन् ।

### ३.१.४ योजनाको कार्यान्यनबाट हासिल हुने परिमाणात्मक लक्ष्य

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास संख्या | १० | १० | ५ | ५ | ५ | ५ |
| २ | प्रारम्भिक बालविकास कुल भर्ना संख्या | ९८१ | | | | | |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | मुख्य कृयाकलापहरु | एकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | १० वर्ष | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | विद्यालय | १ | ३ | ३ | ३ | ३ | १३ | २० | |
| २ | बालविकास केन्द्रको सवलीकरण | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | महिला बालबालिका तथा स्वास्थ्य शाखा र जनप्रतिनिधिको सहभागितामा बालविकास शिक्षा उमेर समूहका बालबालिकाहरुको विद्यालय भर्ना कार्यक्रमसञ्चालन | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण | केन्द्र | १ | - | - | - | - | १ | २ | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरुका लागि बालमैत्री सिकाइ तथा शैक्षिक सामग्री निर्माण सम्बन्धी क्षमता अभिवृद्धी तालिम | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | पाठ्यक्रम प्रबोधीकरण | केन्द्र | १ | - | - | - | - | | | |
| ८ | दिवा खाजा कार्यक्रम | केन्द्र | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ९ | अभिभावक शिक्षा | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा विस्तार | केन्द्र | ५१ | - | - | - | - | ५१ | ५१ | |
| ११ | बाल विकास केन्द्र सबलीकरण | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | परिवार ,समुदाय , निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरुको ,सहभागितासंलग्नता र जिम्मेवारीमा वृद्धि | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | घर तथा समुदायमा आधारित बालविकास केन्द्र स्थापना | केन्द्र | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | बाल विकासका लागि परिवार , सरकारी ,समुदाय तथा गैरसरकारी | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघसंस्था र विद्यालयबीच सहकार्य र समन्वय | | | | | | | | | |
| १५ | नगरपालिकामा कार्यक्षेत्र भएका विकास साझेदार निकायसंग बालविकासका क्षेत्रमा सहयोग , सहकार्य ,समन्वय तथा लगानी वृद्धि गर्न प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १६ | बालबालिकाको अभिलेखीकरण | बालबालिका | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १७ | प्रत्येक वडामा कम्तीमा एक नमूना बालविकास केन्द्र निर्माण तथा सञ्चालन | केन्द्र | १ | २ | २ | २ | २ | ९ | ९ | |
| १८ | उत्कृष्ट प्रारम्भिक बाल विकास कक्षालाई प्रोत्साहन अनुदान | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | प्रारम्भिक बालविकास कक्षाका लागि कार्यपुस्तक विकास तथा प्रकाशन | कार्यपुस्तक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | बालविकास सहजकर्ता तलब भत्ता व्यवस्थापन | केन्द्र | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| २१ | अभिभावक शिक्षा | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| २२ | प्ररम्भिक सिकाइ तथा विकास प्रतिबेदन प्रयोगमा ल्याउने | विद्यालय | ५ | ५ | १० | १० | १० | १० | ५१ | |

## ३.२ आधारभूत शिक्षा

नेपालमा विद्यालय शिक्षा प्रणाली नेपालको संविधान २०७२ र विद्यालय शिक्षा ऐन २०७३ अनुसार व्यवस्थापन गरिएको छ। विद्यालय शिक्षालाई दुई भागमा वर्गीकरण गरिएको छः आधारभूत शिक्षा (कक्षा १-८) र माध्यमिक शिक्षा (कक्षा ९-१२)।साविकको प्राथमिक तह कक्षा १र निम्न माध्यमिक तह ५-वर्ष १२वर्ष देखि ५का लागि ८-१लाई समायोजन गरी बनाइएको आधारभूत तह कक्षा ८-६कक्षा ,सम्मको उमेर समूह निर्धारण गरिएको आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकासगुणस्तरीय जीवन र सामाजिक समायोजन तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधारशिला खडा गर्दछ। यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधान २०७२ ले प्रत्येक व्यक्तिको आधारभूत शिक्षामा सहज पहुँच हुने र यो तहको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क हुने व्यवस्था गरेको छ। छ।नेपालमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि ८ सम्मको शिक्षालाई बुझाउँछ। नेपाल सरकारद्वारा यो शिक्षा निःशुल्क र अनिवार्य घोषणा गरिएको छ, जसले सबै बालबालिकालाई समान अवसर प्रदान गर्ने उद्देश्य राख्दछ। एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरियता मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहिलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति रहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी १० वर्ष भित्रका विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

शैल्यशिखर नगरपालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) को शिक्षा प्रदान गर्न १-सम्मका कक्षा संचालित सामुदायिक विद्यालय संख्या ८ ३७ र संस्थागत विद्यालय संख्या ३ रहेको छ। विद्यालय उमेरका ५४१५ विद्यार्थीहरु हाल यी विद्यालयहरुमा अध्ययनरत रहेका छन्। जनसंख्याको असमान वितरण र नगरपालिकाको सामाजिकआर्थिक तथा भौगोलिक अवस्थाका कारण विद्यालयहरुमा , विद्यार्थीहरुको वितरण पनि असमान रहेको छ।। विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु आवश्यक छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको पाइएको छ । भौगोलिक कठिनाइ र छरीएर रहेको मानवीय बसोबासका कारण आधारभूत शिक्षामा पहुँचका लागि बालबालिकाहरुले दैनिक कठीन परिश्रम गर्नु परे तापनी गम्भीर खाले अपाङ्गता भएका बाहेक अधिकांश बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच रहेको छ। साथै दरबन्दी भएका विद्यालयहरुमा पनि विषयगत दरबन्दी उपलब्धताको अवस्था अपर्याप्त छ।पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि

गर्नु अति आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

क. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्नु,

ग. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,

घ. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,

ङ. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

च. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु,

छ. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,

ज. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु र सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु ।

### ३.२.३ रणनीतिहरु

क. विद्यालय नक्साङ्कन ,पुनर्वितरण तथा समायोजन गर्ने,

ख. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

ग. प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,

घ. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइने,

ङ. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,

च. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने,

छ. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,

ज. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,

झ. शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने,

ञ. प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्रबर्द्धन गर्ने,

ट. शिक्षकका लागि आवश्यक तालिमको तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

ठ. मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,

ड. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,

ढ. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास गरी उत्प्रेरित गर्ने,

ण. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

त. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने,

थ. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

द. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

ध. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

न. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

ऩ. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

प. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

फ. अभिभावकहरुलाई आफ्ना बालबालिका अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न आवश्यक नीति अवलम्बन गर्ने,

ब. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

भ. विद्यार्थी र विद्यालयको सिकाइ उपलब्धिमा अभिभावकको सहभागिता सुनिश्चित गर्ने,

म. आवश्यकतानुसार विपन्नद्वन्द्व पीडित तथा सुविधा वन्चित आदिवासी ,सहिद परिवार ,अपाङ्ग ,दलित , वस्था गर्ने। जनजाति विद्यार्थीका लागि छात्रवृत्तिको व्य

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

अनिवार्य तथा निशुल्क शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तरमा वृद्धि हुने।

**प्रमुख नतिजाः**

क. सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता भएको हुनेछ,

ख. सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुनेछ,

ग. आधारभूत तहका विद्यालयहरुको न्यूनतम मापदण्ड पुरा भएको हुनेछ,

घ. शिक्षकले शिक्षण सिकाइमा बिताउने समयावधीमा सुधार भएको हुनेछ,

ङ. आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएको हुनेछ,

च. बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुनेछ,

छ. पौष्टिकयुक्त दिवाखाजाको प्रबन्धबाट बालबालिकाको पोषण तथा स्वास्थ्यको अवस्थामा सुधार भएको हुनेछ,

ज. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ,

झ. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार भएको हुनेछ,

ञ. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ,

ट. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ,

ठ. जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधार वर्ष -२०८१)(८२ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यार्थीहरुको संख्या | २८८६ | २८८६ | २९०० | ३००० | ३१०० | ३१५० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको संख्या | १२० | | | | | |
| ३ . | न्यूनत्तम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयहरुको संख्या | ५ | २ | २ | २ | ११ | १५ |

**३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन , पुर्नवितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | २ | १० | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| ३ | सबै बालबालिकालाई | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय भर्ना | | | | | | | | | |
| ४ | विद्यालयको न्युनतम भौतिक फुर्वाधार विकास | भवन | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | विद्यार्थीको सिकाई उपलब्धि परिक्षण | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ६ | शिक्षकको क्षमता विकास | जना | २५ | २५ | २५ | २५ | २५ | १५० | २०० | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १० | १० | १० | ८ | ५ | ४३ | ४३ | |
| ८ | सूचना प्रविधीको प्रयोगका लागि आवश्यक संरचना , सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसंरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | पटक | निरन्तर | | | | | | | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | संख्या | तथ्याङ्क अनुसार | | | | | | | |
| १२ | पाठ्यपुस्तकको व्यवस्था | सेट | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | थान | ५० | ५० | ५० | ५० | ५० | २२५ | २५० | |
| १४ | विपन्नका लागि ड्रेस , स्टेसनरीका लागि छात्रवृर्ति | जना | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| १६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | निरन्तर | | | | | | | | |
| १७ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४३ | |
| १८ | बिव्यस,शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षाले मानवीय मूल्य का साथै कला, संकृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभुत मूल्य मान्यताको ज्ञान सिप तथा व्यवहार हरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरि तिन प्रकार को हुने शिक्षा ऐन मा उल्लेख छ । कक्षा ११ र १२ मा एकलपथिय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ । मानविय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अबलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सीपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरु यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि तोकिएका छन । नेपाल को संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ ।

### ३.३.१ वर्तमान अवस्था

शैल्याशिखर नगरपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा ० -१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ९ वटा र ०-१० सम्मका ५ र सस्थागत १ गरि जम्मा १५ विद्यालय रहेका छन । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु आवश्यक छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ । संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन । शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु पर्याप्त रूपमा सञ्चालन गर्न सकिएको छैन । विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रधानाध्यापकको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि पर्याप्त छैनन् । उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन ।

- निःशुल्क माध्यमिक तहसम्मको शिक्षालाई पूर्ण रुपमा कार्यन्वयनमा ल्याउने ।
- माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका विपन्न र दलित बालबालिकाहरुको माध्यमिक शिक्षा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- माध्यमिक तहमा खुद भर्ना दर बढाउने ।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।

- डिजीटल दिभाईडलाई कम गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने ।
- सिकाइको गुणस्तर सुधार गरी सिकारुको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
- शिक्षकको पेशागत वृत्ति विकासलाई पारदर्शी र नतिजामा आधारित बनाई व्यवस्थित गर्ने ।
- विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने ।
- भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री बनाउने ।
- संस्थागत क्षमता विकास

### ३.३.२ उद्देश्यहरु

- यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
- माध्यमिक शिक्षामा खुद भर्नादर तथा टीकाउ दर बढाउनु ।
- बिद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी सुरक्षित बनाउनु ।
- माध्यमिक शिक्षा पुरा गरेका सबै बालबालिकालाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाईका लागि तयार बनाउनु ।
- राष्ट्रिय योग्यता प्रारुप अनुसार साधारण र प्राबिधिक शिक्षा बिचको गतिशिलता र सुनिश्चितता गर्नु ।
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।
- उच्च शिक्षा अध्ययनका लागि योग्य तथा र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।

### ३.३.३ रणनीतिहरू

- माध्यमिक शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।
- संघिय मापदण्ड अनुसार स्थानीयतहले आवश्यक समन्वय गरि बिद्यालय नक्सांकन गरि बालबालिको पहुँच सुनिश्चित गर्न बिद्यालयहरुलाई पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- माध्यमिक तहमा खुद भर्नादर तथा टीकाउ दर बढाउनु बैकल्पिक माध्यमको प्रयोग तथा बिद्यार्थी प्रोत्साहन कार्यक्रम संचालन गरिने छ आवश्यकता अनुसार आवासीय बिद्यालयहरुको बिस्तार गरिने छ ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने ।
- हरेक विद्यालयमा सुचना तथा सञ्चार प्रविधि विस्तार गदै डिजीटल डिभाइड कम गरिने र शिक्षण सीकाइमा सुचना तथा सञ्चार प्रविधि बढाइने छ ।
- सबै बिद्यालयमा न्युनतम सक्षमताका अवस्था पुरा गरि बिद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बिद्यालयलाई बालमैत्री बनाईने छ ।
- विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने ।

- सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि नगरपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा स्वयंसेबक शिक्षक छनोट तथा परिचालन गर्ने ।
- राष्ट्रिय योग्यता प्रारूप अनुसार साधारण र प्राविधिक तथा ब्यवसायीक शिक्षा बीच गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित हुने गरि क्षितिजिय तथा लम्बिय योग्यता बिकास गरिने छ ।
- माध्यमिक विद्यालयहरूमा शैक्षिक गुणस्तरमा आधारित अतिरिक्त कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र अ लाई उत्तरदायी बनाउने ।
- प्राविधिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने र सुधारका क्षेत्र पहिचान गरिने छ ।
- बिद्यालय शिक्षा देखि नै बिज्ञान , प्रबिधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाईलाई अन्तरसम्बन्धित् गर्दै लगिने छ ।
- शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनसंरचित गरिने छ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितता भएको हुने छ
- माध्यमिक शिक्षाको सान्दर्भिकता भएको गुणस्तरमा सुधार हुने छ

**ख. नतिजाहरु**

- सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित हुने ।
- खुद भर्ना दर र टिकाउ दर बृद्धि हुने ।
- प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयको संख्यामा वृद्धि भएको हुने ।
- माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन भएको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, समतामुखी भौतिक पूर्वाधार विकास गरिएको हुने ।
- माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग हुने ।
- नगर पालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव, शुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने ।

- ✓ शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता बिकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह ९-१० मा भर्ना भएका विद्यार्थी संख्या | १०७५ | १०७५ | ११०० | १२०० | १३०० | १३५० |
| २ | माध्यमिक तह ११ -१२ मा भर्ना भएका विद्यार्थी संख्या | ६८७ | ६८७ | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संख्या | | | | | | |
| ४ | न्युनतम सिकाई सवालिकरण मापदण्डपुरा गरेका माध्यमिक बिद्यालय संख्या | ८ | ८ | १० | १० | १० | १० |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन , विधि र कार्य निर्देशिकाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय नक्साङ्कन , पुनर्वितरण तथा समायोजन | पटक | | १ | | १ | | २ | ४ | |
| ३ | विज्ञान गणित तथा , कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | शिक्षक | | १० | | १० | ५ | २५ | ३५ | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध | पटक | १ | | १ | | १ | ३ | ८ | |
| ७ | विद्यालयको न्युनतम भौतिक पूर्वाधार विकास | भवन | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | विद्यार्थी संख्या | | १०० | | १०० | | २०० | ४०० | |
| ९ | शिक्षकको क्षमता विकास | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | १५० | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | ० | ० | ५ | ५ | ५ | १५ | ३० | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना , सामग्री तथा क्षमता विकास | विद्यालय | ३ | ५ | ५ | ५ | ५ | २३ | ३० | |
| १२ | शिक्षक सहायता प्राणालीको पुनःसंरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी संख्या | तथ्याङ्क अनुसार | | | | | | | |
| १५ | निशिल्क माध्यमिक ; शिक्षा सुनिश्चितताका ,ठ्यपुस्तकलागि पा ,पोसाक तथा स्टेसनरी छात्रवृत्ति ,दिवाखाजा र सिकाइ सामग्रीको व्यवस्था | विद्यार्थी संख्या | विद्यार्थी संख्याको आधारमा | | | | | | | |
| १६ | कक्षाकोठामा आधारित | पटक | निरन्तर | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन | | | | | | | | | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | | २ | २ | २ | २ | २ | १० | २० | |
| १९ | विव्यसशिअसंका , पदाधिकारीहरुको क्षमता विकास | पटक | १ | २० | २० | ४० | ४० | १६० | २०० | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | लक्षित बालबालिकाहरुका लागि आवासीय प्रबन्ध | विद्यार्थी | १० | १० | १० | १० | १० | ५० | १०० | |

## ३.४ प्राविधिक तथा व्यवसायिक तालिम

विशेष वा विशिष्ट ज्ञान सीप प्राप्त हुने शिक्षा भनेको व्यावसायिक तथा प्राविधिक शिक्षा हो। यो उत्पादनमूखी, रोजगार मूखी र गरीखानको लागि स्वाभलम्बी आत्मनिर्भर भई जीवनोपयोगी सीपमूलक बनाउने शिक्षा हो। औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि. सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय बाट भएको हो। सघन रुपमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिकधारका विद्यालयहरू सञ्चालन गरिरहेका छन् । भविष्यको जीवन सँग सम्बद्ध भई कामको लागि सिकाइ (Learning to do) प्राप्त हुने शिक्षा हो। व्यावसायिक कार्यकुशलता अभिवृधि गर्दै शैक्षिक उत्पादनलाई व्यवहारिक जीवनोपयोगी र श्रम बजारसँग सम्बन्धित शिक्षा हो। व्यावसायिक तथा प्राविधिक शिक्षाले व्यक्तिलाई “बोली खाने भन्दा गरी खाने” बनाउँदछ। शिक्षा विकासको आधार हो भने व्यावसायिक तथा प्राविधिक शिक्षा विकासको मूल आधार हो। व्यावसायिक तथा प्राविधिक शिक्षा व्यक्तिको आवश्यकता, चाहना, उपलब्ध स्रोत साधन र आर्थिक क्षमताको आधारमा प्रदान गर्नु महत्त्वपूर्ण कार्य देखिन्छ। त्यसैले सिपयुक्त नेपाल, समृद्ध जनता र व्यावसायिक तथा प्रविधिक मुखी शिक्षामा विशेष जोड दिनु आजको आवश्यकता हो।

### ३.४.१ वर्तमान अवस्था

नेपालको सुदूरपश्चिम प्रदेश दार्चुला जिल्ला अन्तर्गत शैल्यशिखर नगरपालिका कृषि, पशुपालन तथा व्यापारको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटरीनरी अन्तर्गत प्राविधिक शिक्षालय सञ्चालनमा रहेका र अन्य माध्यमिक विद्यालयहरुमा समेत यस्ता किसिमका स्वरोजगारी दिने प्राविधिक शिक्षालयहरु टेक्स कार्यक्रम अन्तर्गत CTEVT बाट सञ्चालनमा रहेका छन् । यस प्राविधिक धारको शिक्षाबाट स्थानीय स्तरमा स्रोत साधानमा आधारित व्यावसायिक सीप र उद्यमशीलतामा आधारित

आयआर्जनमा संलग्न भई आत्मनिर्भर एवम् स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको बिकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ।

## ३.४.२ उद्देश्यः

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः
१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्ने ।
२. शैल्यशिखरनगरपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्न चाहने विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनको अवसर प्रदान गर्ने ।

## ३.४.३ रणनीतिहरु

प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. नगरपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको लागि पहल गर्ने ।
२ .प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई पढ्दै कमाउदैको अवधारणा अनुरुप नगरपालिका भित्रै रोजगारीको अवसर प्रदान गर्ने ।
३ .विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ अवसर प्रदान गर्न छात्रवृति प्रदान गर्ने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क.उपलब्धि**

१.गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुमा फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षाको पठनपाठनको व्यवस्थाको भएको हुनेछ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको हुनेछ ।
३ .प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।

**ख.नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहनेका लागि पहुँच पुगेको हुने।

२. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच विस्तार गर्न छात्रवृत्तिको व्यवस्था भएको हुने।

**नतिजा तथा परिणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधार वर्ष (८२/२०८१) | २०८१ ८२/ | २०८२ ८३/ | २०८३ ८४/ | २०८४ ८५/ | २०८५ ८६/ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | | |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन | विद्यालय | ० | १ | १ | १ | १ | २ | २ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको भौतिक पूर्वाधार विकास | विद्यालय | १ | १ | १ | १ | १ | १ | २ | |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापनासञ्चालन तथा , नियमन | | १ | १ | १ | १ | १ | १ | २ | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक व्यवस्था | शिक्षक | १ | | | | १ | २ | ४ | |
| ६ | छात्रवृत्ति कार्यक्रम | निरन्तर | ० | २ | २ | २ | २ | १० | २० | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | | १ | | | | १ | २ | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरुको पहिचानप्रमाणीकरण , तथा प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी , प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | आर्थीक रुपमा पिछडिएका प्रतिभा तथा सीमान्कृत ,दलित , ,अपांगता भएका लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने जीवन पर्यन्त अर्थात आजिवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको, प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाई अवसर दिगो विकासको मुल मर्म रहेकोले शैल्यशिखर नगरपालिका शिक्षा क्षेत्रको योजना २०७९-०८३ विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई अवसर उपलव्ध

गराउनुपर्दछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारणगरेको छ। स्थानीय सरकार सञ्चालनऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.५.१ वर्तमान अवस्था

यस शैल्यशिखर नगरपालिकामा ४ हजार ५ सय १ घरधुरी र जनसंख्या २१८०७ रहेको छ। यस पालिकामा २ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन् ।यस नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरीक्षण भै परिचालन गरिएको छ। केन्द्रिय तथ्यांक विभागको २०७८ सालको जनगणना अनुसार शैल्यशिखर नगरपालिकाको साक्षरता दर ७४.९ प्रतिशत रहेको छ। जसमा महिला साक्षरता दर ६६.१ प्रतिशत र पुरूषको साक्षरता दर ८४.४ प्रतिशत रहेको छ।२०७२ साल पुस १५ गते दार्चुला जिल्ला नेपालको तेइसौं साक्षर जिल्ला घोषणा भैसकेको छ ।

साक्षर जिल्ला घोषणा भइसके तापनी २०७८ को जनगणनाले अझै १७ प्रतिशत मानिसहरु निरक्षर रहेको तथ्याङ्क सार्वजनिक गरेको छ भने निरक्षरहरुमा पनि महिला निरक्षरताको अवस्था अझै २५ प्रतिशत रहेको देखिन्छ। साक्षर भइरहेका व्यक्तिहरुका लागि पनि निरन्तर सिकाइ र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने अवस्था देखिएको छ। साथै साक्षरता शिक्षाका माध्यमबाट निरन्तर सिकाइ ,जीवनोपयोगी सिप र तालिम प्रदान गर्नु आवश्यक देखिन्छ।

### ३.५.२ उद्देश्य

क. सबै नागरिकका लागि समावेशीतथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,

ख. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाकाबिच अन्तरसम्बन्ध स्थापित गर्नु,

ग. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।

### ३.५.३ रणनीतिहरु

क. मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्द्धन, आधुनिकीकरण एवम हस्तान्तरण सम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

ख. सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गर्ने

ग. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज,सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा निरन्तर सिकाइ/साक्षरोत्तर कक्षाहरू सञ्चालनगर्ने,

घ. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम,सिकाइ मोडुलहरू र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने,

ङ. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय,वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,

च. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित निरन्तर सिकाइको थलोका रूपमा विकास गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

सबै नागरिकका लागि साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन् ।

**प्रमुख नतिजाः**

क. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त भएको हुनेछ।

ख. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुनेछ।

ग. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन भएको हुनेछ।

घ. सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रूपमा विकास भएको हुनेछ।

ङ. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एव प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ।

च. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष २०८१)/८२( | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८६/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्षभन्दा माथि) * % | ७५ | | | | | |
| २. | भाषिक तथा गणितीय | ७३ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साक्षरता सिप (१५ वर्षभन्दा माथिका महिला) * % | | | | | | |
| ३ . | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ० | | | | | |
| ४ . | सामुदायिक पुस्तकालयको संख्या | ० | | | | | |

## *३.५.५ क्रियाकलाप र परिमाणात्मक लक्ष्य:*

| *क्र.स.* | *सूचक* | *आधार वर्ष (८२/२०८१)* | *२०८१ ८२/* | *२०८२ ८३/* | *२०८३ ८४/* | *२०८४ ८५/* | *२०८५ ८६/* |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेस तयारी | १ | १ | | १ | १ | १ |
| २. | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३. | सामुदायिक सिकाइकेन्द्रको सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४. | घरधुरी सर्वेक्षण र साक्षरता तथ्याङ्क संकलन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि तालिमअनुदान / | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | प्रौढ शिक्षा तथा निरन्तर सिकाइ कक्षा सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७. | प्रौढ शिक्षामा सिप विकास र आयआर्जनका कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८. | कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९. | सिकाइ केन्द्र मार्फत व्यावसायिक तालिम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १०. | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी जीवनपर्यन्त सिकाइ थलो )Learning Hub) | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | का रुपमा विकास गर्ने | | | | | | |
| ११. | विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालन | १ | १ | १ | १ | १ | १ |
| १२. | सामुदायिक सूचना केन्द्रको स्थापना र सञ्चालन | १ | १ | १ | १ | १ | १ |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्थाः

शिक्षा पद्धतिलाई मार्ग निर्देशन गर्ने मुख्य आधार पाठ्यक्रम हो। यसले अपेक्षित ज्ञान, सीप अभिवृत्ति हासिल गर्नरगराउन विद्यार्थीलाई मद्दत गर्दछ । कुन कक्षा र कुन तहमा के सिकाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गरेको र विद्यार्थीले सिकेको वा नसिकेका कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षाको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन , पेसा तथा व्यवसाय छनोट तथा ,रोजगारी प्राप्त गर्न ,सक्रिय र सुसूचित नागरिक जीवन व्यतीत गर्न सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्दछ। यसका साथै पाठ्यक्रमले सामाजिक मूल्यमान्यतातथा व्यवहारलाई सान्दर्भीकरण सहित आत्मसात गर्नआफ्नो पहिचानप्रति गौरव , आफ्नो र अरुको ,समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न ,भाव राख्दै विभेदरहित अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरिएको हो। चालु शैक्षिक सत्र वि.सं. २०८० देखि विद्यालय तहका सबै कक्षा अर्थात् १–१२ मा यो पाठ्यक्रम कार्यान्वयनमा रहेको छ।

विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–३ मा एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको छ।

आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ।

त्यसैगरी, सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा

प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण–सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ। विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषणगरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ।विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिकर बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। कक्षा ८, १० र ११÷१२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने छ। विद्यालयमा आधारितमूल्याँकनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गकोरुपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको प्रमुख समस्याको रुपमा रहिआएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नती गर्ने नीति विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने भन्ने बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन। त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित परीक्षा जस्ता औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिकर बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केहि विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षरांकन मूल्याङ्कन पद्धति अनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको सुरुवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन। तापनि मूल्याङ्नलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षण लगायत मूल्याङ्कनका साधन र विधिहरुलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ। कक्षा ८,१० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउन आवश्यक छ। विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन, जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित छ।कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोधलेशिक्षण

सिकाइ तथा मूल्याङ्कनमा अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको सन्दर्भमा डिजिटलसिकाइ सामग्रीको विकास तथा पहुँच बढाउनु आवश्यक देखिएको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ।

**शैल्यशिखर नगरपालिकाको स्थानीय पाठ्यक्रम**

स्थानीय स्रोत–साधनको उपयोग गरी स्थानीय विज्ञहरूको सहकार्यमा तयार पारि स्थानीय स्तरमै कार्यान्वयन गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। सोही कुरालाई आत्मसात् गरी शैल्यशिखर नगरपालिकाले कक्षा १–८ मा कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम तयार पारेको छ।

स्थानीय पाठ्यक्रमले समग्र शैल्यशिखर नगरपालिकाको संस्कृति, चालचलन, रहनसहन, भेषभूषा, जीवनशैली, जडिबुटी, भूगोल, ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक सम्पदाहरूको पहिचान गरी तिनको संरक्षण र विकासमा टेवा पुऱ्याउने छ।

स्थानीय पाठ्यक्रमको ऐतिहासिक सन्दर्भ नियाल्दा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा कक्षा १–३ सम्म एउटा विषय स्थानीय भाषामा पठनपाठन गर्न सकिने व्यवस्था गरिएको पाइन्छ। त्यसैगरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ ले प्राथमिक तह (कक्षा १–५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठभार ४ र पूर्णाङ्क १०० कायम गरिएको थियो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा स्थानीय पाठ्यक्रमको विषय र विषयवस्तु छनोटको सम्पूर्ण जिम्मा स्थानीय तहमा नै दिने कुरा उल्लेख गरिएको छ।

यसैगरी स्थानीय पाठ्यक्रम प्रारूप, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५, आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम २०७६, तथा पन्ध्रौं योजनाको अवधारणा पत्र २०७६/०७७–२०७९/८० मा पनि स्थानीय पाठ्यक्रमका बारेमा विविध कुराहरू व्यक्त गरिएकाले तिनै सामग्रीलाई आधार बनाएर पाठ्यक्रम विकासका सम्पूर्ण सिद्धान्तको उपयोग गरी शैल्यशिखर नगरपालिकाको स्थानीय पाठ्यक्रम तयार पारिएको छ।

उक्त पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि आधारभूत तहका सबै कक्षामा एकसाथ कार्यान्वयनमा लगिएको छ।

### ४.१.२ उद्देश्य

क. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ख. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
ग. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

ङ. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
च. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीतिहरु

क. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
ग. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च. शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
झ. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने,
ञ. पाठ्यक्रमशिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन पद्धतिकाबीच सहसम्बन् ,ध कायम गर्ने,
ट. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
ठ. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
ड. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ढ. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकास सँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**प्रमुख नतिजाः**

क. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ।
ख. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध भएको हुनेछ,
ग. सिकाइ क्रियाकलाप दैनिक जीवनसँग सम्बन्धित भएको हुनेछ।
घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुनेछ।
ङ. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धति लागु हुनेछ।

च. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ मूल्याङ्कन पद्धतिको विकास भएको हुनेछ।

छ. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.स. | सूचक | आधारवर्ष २०८१)/८२( | २०८१ /८२ | २०८२/८३ | २०८३/ ८४ | २०८४/८५ | २०८६/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत पाठ्यक्रम लागू गरेका विद्यालय संख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| ३ . | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| ४ . | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न् विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| ५ . | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ६. | स्थानीय पाठ्यपुस्तक छपाई तथा विद्यालय वितरण | ५ | ५ | ५ | ५ | ५ | ५ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परमाणात्मक लक्ष्य

| मुख्य कृयाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षाक तालिम सञ्चालन | शिक्षक | १० | १० | १० | १० | १० | १०० | १५० | |
| कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको कार्यान्वयन र अनुगमन र निरीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| कक्षागत र विषयगत शिक्षक निर्देशिका उपयोगको अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधीकरण | पटक | १ | - | - | - | - | १ | २ | |
| पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बन्धी अभिमुखीकरण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| स्थानीय पाठ्यक्रम कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| अभिभावक शिक्षाको पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | २ | निरन्तर |
| आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन , नतिजा प्रकाशन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| परीक्षण तथा मूल्याङ्कन सम्बन्धी नमुना विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| स्थानीय पढाइ सामग्री तथा अन्य शैक्षणिक सामग्री निर्माण र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सबै बालबालिकाका लागि पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको उपलब्धता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| स्थानीय पाठ्यक्रम संसोधन तथा परिमार्जन | पटक | | | | | | | आवश्यकतानुसार | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष,पेसाप्रति उत्प्रेरित,समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्त्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता,

सान्दर्भिकता, सुशासन, प्रवर्द्धन गर्नका लागि विगतमा संचालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरु विभिन्न विश्वविद्यालय तथा विद्यालयहरुले गरेका छन्। शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिको लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक छनोट गरी नियुक्त गर्ने, शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय तहहरुले गर्दै आएका छन् ।शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मावन स्रोत विकास केन्द्रले तथा शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन।सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालय बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन ।देशमा विभिन्न तरीका बाट नियुक्त भएका शिक्षकहरु स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, नगर अनुदानका शिक्षक, निजी स्रोतका शिक्षक आदि छन् ।विभिन्न तरिकाबाट नियुक्त भएका शिक्षकहरुको सेवाको सर्त र सुविधाहरु पनि फरक फरक छन् ।शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाका लागि मात्र भएको तर यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडिएको छैन ।

पेसागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको सिकाइमा सुधार आउन सक्छ।यसका निम्ति शिक्षकहरुलाई पेसागत विकासका अवसरहरु उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तौर तरिकाहरु छन् ।शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन, भ्रमण आदिबाट शिक्षकमा पेसागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरु सञ्चालनमा आए।सरकारले विभिन्न कार्यक्रम मार्फत् शिक्षकहरुका लागि विभिन्न खालका तालिमहरु सञ्चालन गरेको छ। त्यसै गरी स्थानीय सरकारहरुले पनि विद्यालयमा आवश्यकता अनुसार शिक्षकहरुको क्षमता विकासमा सहयोग गर्नै आएको छ।

शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा यस नगरपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ। यस क्रममा आ. व. २०७५/०७६ देखि प्राथमिक तहमा निम्न माध्यमिक तहमा र माध्यमिक तहमा जना शिक्षक नगर अनुदानबाट व्यवस्थाप गरेको छ। यसै गरी प्रारम्भिक बाल शिक्षालाई पूर्व विद्यालय तहमा शिशु कक्षा थपे पछि तथा कक्षा १ मा बाल कक्षाको अनुभव सहित भर्ना हुने व्यवस्था मिलाउन एवं सामुदायिक विद्यालय प्रति आकर्षण बढाउन बाल शिक्षा सहजकर्ताको लागि प्रोत्साहन कार्यको व्यवस्था गरिएको छ। यस नगरपालिकामा ५१ वटा शिशु विकास केन्द्रहरु सञ्चालनमा छन।प्रारम्भिक बाल शिक्षालाई बाल मैत्री बनाउन शिशु विकास केन्द्र सवलीकरणका कार्यहरु निरन्तररुपमा अगाडि बढीरहेको छ।

विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेशागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू विभिन्न संघसंस्था, मानव श्रोत तथा संसाधन केन्द्र, प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुदै आएका छन । शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आँकलन गरिएको छ र सोहि अनुसार मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट माध्यमिक तहका प्रधानाध्यापक तथा विद्यालय कर्मचारीहरूलाई (लेखा) तालिम प्रदान गरिदै आएको छ ।

### ४.२.२ उद्देश्य

१. सिकाइ सुधारका लागि आवश्यक शिक्षकको व्यवस्थापन गर्नु,

२. पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु,

३. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु,

४. विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु,

५. योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु,

६. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नु ।

### ४.२.३ रणनीतिहरु

१. शिक्षकको पेसागत विकासका सम्बन्धमा स्थानीय सरकार, शिक्षा शाखा तथा स्थानीय स्तरका नेतृत्व गर्ने विद्यालयहरुलाई उत्तरदायी बनाउने,

२. विज्ञान, गणित तथा अंग्रेजी जस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम तथा उच्च शिक्षामा विद्यार्थी छात्रवृत्ती कार्यक्रम सञ्चालनमा ल्याउने,

३. शिक्षक विद्यार्थीको अनुपातको आधारमा तहगत,क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण तथा थप गर्ने,

४. विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था मिलाइने,

५. स्थानीय शिक्षक पेसागत सहयोग प्रणाली मार्फत विज्ञ शिक्षकको सहभागितामा शिक्षक पेसालाई निरन्तर सहयोग उपलब्ध गराइने,

६. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मनिटरिङको पद्धति विकास गर्ने,

७. शिक्षकको उपस्थिति,, नियमितिता र कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

८. प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गराइने,

९. शिक्षक नियुक्ति,, सरुवा,, तालिम तथा पेशागत विकासमा सहभागिता गराउँदा एवम्  शिक्षकले १५ दिन भन्दा लामो विदामा बस्दा विद्यार्थीको सिकाइमा कम अवरोध हुने गरी पद्धति विकास गर्ने,

१०. सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकार गर्दै प्रविधि मैत्री, व्यावहारिक र नतिजामूलक बनाउने र साथै IEMIS को सुदृढीकरण गर्ने,

११. विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिने,

१२. शिक्षित बेरोजगार युवाहरुलाइ विद्यालयको आवश्यकता अनुसार छोटो अवधिका लागि स्वयंसेवक शिक्षकका रुपमा परिचालन गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः** सक्षम र स्वअभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

प्रमुख नतिजाः

क. शिक्षण पेसा थप प्रतिस्पर्धी तथा सम्मानित भएको हुनेछ।
ख. पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुनेछ।
ग. शिक्षकको उपस्थितिशिक्षण विधि तथा तौर तरिकाहरु र कार्य , सम्पादनमा सुधार भएको हुनेछ।
घ. शिक्षकक्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान  ,विद्यार्थी अनुपातका आधारमा तहगत , तथा पुनर्वितरण हुने तथा शिक्षकको आपूर्ति नियमित रुपमा भएको हुनेछ।
ङ. लिडर विद्यालयस्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत् शिक्षकले पेसागत सहयोग प्राप्त गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | सूचक | आधारवर्ष २०८१)/८२( | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८६/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ४८ | ४८ | ५० | ५१ | ५१ | ५१ |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षाक (%) | ८० | ८५ | ९० | ९० | ९० | ९५ |
| ३ . | माध्यमिक तह (९-१२) मा कार्यरत न्यूनत्तम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | ३० | ३० | ३५ | ३५ | ४० | ४० |
| ४ . | सूचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षामता भएका शिक्षक (%) | १० | १० | १५ | २० | २५ | ३० |
| ५ . | शिक्षक पेशागत सहयोग प्रणाली लागू भएका विद्यालय | २ | | | | | |

## ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| मुख्य कृयाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| शिक्षक नियुक्ति | संख्या | आवश्यकता अनुसार | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति, महिला, सिमान्तकृत वर्गका व्यक्तिलाई शिक्षणपेशामा सहभागी गराउन क्षमता अभिवृद्धि | संख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | | निरन्तर | | | | | | | |
| विद्यालयमा आधारित शिक्षक पेशागत सहयोग | | आवश्यकता अनुसार | | | | | | | |
| अस्थायी करार तथा नीजिस्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| नव प्रवेशी स्थायी करार शिक्षकहरुलाई तालिम सञ्चालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| असल अभ्यास आदान प्रदानका लागिअन्तर विद्यालय अवलोकन भ्रमण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| प्रधानाध्यपक नेतृत्व विकास तालिम | पटक | १० | १० | १० | १० | १० | ५० | ५१ | |
| शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| सहपाठी कक्षा अवलोकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय सुपरीवेक्षण र पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न नतिजा विश्लेषण | वार्षिक | | | | | | | | |
| शिक्षकको शैक्षिक विकासका लागि इसंजाल - बनाउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षक सहायताका लागि विज्ञ समूह परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षण सिकाइ समूहघुम्ती शिक्षक बैठक/ | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| प्रधानाध्यापक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | |
| शिक्षक पेसागत विकास तालिम सञ्चालन | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| शिक्षक पुनर्ताजगी तालिम सञ्चालन | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यन्वयन | संख्या | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | २ | |
| शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | विद्यालय स्तर |
| कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन एवम् उपचारात्मक शिक्षक पद्धति लागु गर्ने | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| शिक्षकसंग कार्यसम्पादन करार गरी प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। | वार्षिक | १ | १ | १ | १ | १ | ५ | १० | प्रत्येक वर्ष |
| प्रत्येक विद्यालयबाट कम्तीमा एक जना शिक्षकलाइ सूचना प्रविधिको आधारभूत सिप विकास तालिम सञ्चालन गर्ने | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| विद्यार्थीको चापका आधारमा प्रधानाध्यापकको कक्षा व्यवस्थापनका लागि सट्टा शिक्षक व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| आवश्यकता र उपलब्धताका आधारमा विद्यालय शिक्षाका विभिन विषयमा सहजीकरणका लागि उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाइ स्वयंसेवक शिक्षकका रुपमा परिचालन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | आवश्यकतानुसार |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्थाः

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो। नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ। सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ। अपाङ्गता भएका

व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ।
समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घर नजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरणसिर्जना गर्नु नै हो। यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ। बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउनेकार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनिअङ्गीकार गरेको छ। अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ। विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक–सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन्। नेपाल सामाजिक सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ।
शैल्यशिखर नगरपालिकाको वर्तमान अवस्था नियाल्दा विद्यालय तहमा सरकारी दरबन्दीमा कार्यरत शिक्षकहरुमध्ये .1८० प्रतिशत दलित शिक्षकप्रतिशत महिला 32.75 ,प्रतिशत जनजाति शिक्षक २०.२ , शिक्षक रहेका छन्। यसशैल्यशिखर नगरपालिकाको प्राथमिक तहमा महिला शिक्षकहरुको अनुपात ३८ ६७.प्रतिशत रहेको छ भने माथिल्लो तहमा महिला शिक्षकको उपस्थिति अति न्यून रहेको छ। प्राथमिक बाहेकका माथिल्ला तहमा दलित शिक्षकको उपस्थिति शुन्य छ। विद्यालयतहमा अध्ययनरत छात्रछात्रा मध्ये कक्षा ०मा छात्रा अनुपात १२- ०.९० प्रतिशत छ। दलित विद्यार्थीको उपस्थिति १४७०. प्रतिशत र जनजाति विद्यार्थीको उपस्थिति १प्रतिशत छ। विद्यालय तहमा अध्ययनरत ३८. बालबालिकामध्ये०.४ प्रतिशतमा कुनै न कुनै किसिमको अपाङ्गता रहेको छ। अझै पनि हाम्रा विद्यालयहरु पूर्ण रुपमा लैङ्गिकमैत्री र अपाङ्गमैत्री बन्न सकेका छैनन्। विद्यालय संरचना अपाङ्गमैत्री बनेका ठाउँमा पनी भौगोलिक वस्तुस्थितिका कारण विद्यालयसम्म जाने बाटो अपाङगमैत्री बनाउन सकिएको छैन। नगरपालिका भित्रका ३ वटा विद्यालयमा मात्रै अपाङ्गमैत्री शौचालय निर्माण गरिएको छ भने झण्डै ५० प्रतिशत भन्दा बढी विद्यालयमा अझै पनि छात्र र छात्राका लागि छुट्टै व्यवस्थित शौचालयको व्यवस्थापन गर्न सकिएको छैन। यी विविध परिस्थितका बावजुद शिक्षा क्षेत्रमा समता र समावेशीता वृद्धी गरी लक्षित समूहको शिक्षामा सहज पहुँच र गुणस्तरको सुनिश्चितता प्रदान गर्नु आवश्यक छ ।

### ४.३.२ उद्देश्य

क. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

ख. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

ग. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुव्र्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीतिहरू

क. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्रीतथा लैङ्गिकमैत्री बनाउने।यसका लागि बालमैत्री विद्यालय प्रारूप )CFSF) तथा निर्धारित सिकाइकालागि आवश्यक पूर्वाधार पूरा गर्ने ।

ख. अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकताअनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।

ग. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका रअपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।

घ. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

ङ. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

च. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्नप्राथमिकता दिने ।

छ. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथैबृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगीसिपसँग आबद्ध गर्ने।

ज. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधताकायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार र हेपाइ नहुने सुनिश्चिततासहितबालमैत्री वातावरण सिर्जना गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**प्रमुख नतिजाः**

शारीरिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष -२०८१) (८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | ० | ० | ० | ० | ० |
| २. | आधारभूत तहमा लैंगिक समता सूचक | ०९.४ | ०९.६ | ०९.७ | ०९.८ | ०९.९ |
| ३ . | माध्यमिक तहमा लैंगिक समता सुचक | ०.८ | ०९.१ | ०९.४ | ०९.६ | ०९.८ |

**४प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ४.३.**

| मुख्य कृयाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्षे ५) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १० वर्ष | |
| शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरि वैयक्तिकआवश्यकतानुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालबालिकाको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामाग्री तथा अन्य आवश्यक सामाग्री विकास तथा पेशागत विकासका कार्यक्रममा समता | | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | | | | | | | | | |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसकारी संघ संस्थाबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | | निरन्तर | | | | | | | |
| निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण अपाङ्गता ) भएका तथा विभिन्न किसिमका (आवासीय छात्रवृत्तिसमेत | | निरन्तर | | | | | | | |
| अपाङ्गमैत्री विद्यालय संख्या | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालबालिकाहरुको विविधताको अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालबालिकाहरु शिक्षाको अवसरबाट बन्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता र सिकाइ शैली अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता प्रणाली तर्जुमा गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिकवातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयका सबै भौतिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यार्थीहरुमा सामाजिक साँस्कृतिक एकता भाव निर्माण गरी साँस्कृतिक संरक्षण र आदानप्रदानका लागि विद्यालयमा विद्यार्थीहरुको सहभागितामा साँस्कृतिक संग्रहालय निर्माण गर्ने | संख्या | - | - | १ | - | १ | २ | २ | |
| पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउँदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने। | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाइ प्रकृयालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने। | पटक | १ | - | - | - | - | १ | २ | |
| शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबीच जवाफदेहितासहितको कार्यगत समन्वय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण अपाङ्गता ) भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत( | विद्यार्थी संख्या | | | | | | | | निर्देशिकाले तोके अनुसार |
| विपन्न तथा लक्षित वर्गका विद्यार्थीका लागि उनीहरुको नतिजामा आधारित विशेष छात्रवृत्ती तथा प्रोत्साहन | विद्यार्थी संख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| अति विपन्न विद्यार्थीको शैक्षिक अभिभावकत्व ग्रहणका लागि प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि अभिभावक सचेतना कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका लागि सहयोगी सामग्री वितरण | पटक | | | | | | | | आवश्यकता अनुसार |
| अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी क्षमता विकास तालिम | पटक | | | | | | | | आवश्यकता अनुसार |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धी सुधार गर्न प्रोत्साहन गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरु सहज रुपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्यसर ,सफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहजप्रभावकारी र , मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ(Bundy et al., 2018) । बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गरद् हुन आउने ७ ८-घण्टाको समयको करिब मध्यतिर खाजाको प्रब्नध हुनु आवश्यक छ । खासगरी ९वर्षको १०-उमेरदेखि बालबालिकाहरुको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ ।

विद्यालयमा आधारित स्वास्थ्यका लागि पोषण सम्बन्धी कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउननियमित अनुपस्थित हुन तथा बीचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी , सहयोग गर्दछ सिकाइ उपलब्धी सुधार गर्न । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षास्वास्थ्य र , राष्ट्रिय शिक्षा २०७६ ,राष्ट्रिय स्वास्थ्य नीति ,खाद्य सम्प्रभुतासम्बन्धी कानून ,खाद्यसम्बन्धि अधिकारहरु ,नीति२०७६ पोषण तथा खाद्य ,बालबालिकासम्बन्धी कानून इत्यादिले बालबालिकाको स्वास्थ्य , सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

शैल्यशिखर नगरपालिकामा विगतदेखि सामुदायिक विद्यालयमा अध्ययनरत शिशु कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीहरुलाई विश्व खाद्य कार्यक्रमले विद्यालयमा प्रतिविद्यार्थी ८० ग्राम चामलग्राम २० , ,दाल१० ग्राम तेल र २ ग्राम नुन निःशुल्क रुपमा उपलब्ध गराएको छ । यसबाट विद्यालयमा दिवा खाजाको व्यवस्थापन गरिएको छ । खाना पकाउने व्यवस्थापन विद्यालयले नै गरेको छ । यसका साथै प्रति विद्यार्थी ४० ग्रामका दरले तरकारीको व्यवस्था गैरसरकारी संस्था मर्सिक्रप्सले गरेको छ । नेपाल सरकारको सबैका लागि खाद्य सम्प्रभुताको हकगरिबी उन्मुलन तथा भोक उन्मुलन र ,दीगो विकास , सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चिततासम्बन्धमा भएको नीति अनुसार शैल्यशिखर नगरपालिकाले "सामुदायिक विद्यालय ,दिवा खाजा कार्यक्रम संचालन कार्यविधि ,२०७९"जारी गरेको छ , । आगामी आर्थिक वर्षदेखि सो कार्यविधिमा उल्लेखित मेनुको आधारमा विद्यालयमा दिवाखाजाको व्यवस्थापन गरिनेछ ।

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबलिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरेको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधिले उल्लेख गरे २०७४ , ,अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानीसरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी , हरिया ,वरणीय सरसफाइवाता ,र वातावरणमैत्री शौचालय ,अपाङ्गता ,अलग बाललैङ्गिक-अलगली वातावरण , सरसफाइ तथा स्वच्छता प्रवर्द्धन र ,स्वच्छ तथा सफा खाजघर ,महिनावरी स्वच्छता व्यवस्थापन दीगोपनका लागि संस्थागत व्यवस्था रहेकाछन् । विद्यालयहरुमा निःशुल्क सेनटरी प्याड वितरण भइ

रहेकोछ । एउटा विद्यालयमा भण्डिङ मेसिन जडान गरिएको छ । विद्यालयहरुमा खानेपानीको बालमैत्री टिपटप धारा जडान गरिएका छन् ।

### ४.४.२ उदेश्य

- बालबालिकालाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्यपोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको , स्थ्य र सिकाइस्वा ,पोषणउपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा दिवा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रब्नध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानीसाबुन तथा सरसफाइ सामग्रीसहित , किशोरीहरुका ,आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल योग भइसकेकाप्र ,लागि चेन्ज रुम सामग्री व्यवस्थापन ,स्वच्छ खानेपानी ,हात धुने ठाँउ , कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइकव प्रब्नध र घेरवारको व्यवस्था गर्ने ।
- विद्यालयहरुमा प्राथमिक उपचार किटजुकाको ,बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच , मिनऔषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक भिटा'ए' तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकरी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरुसँग साझेदारी विकासनिजी सार्वजनिक साझेदारहरुको सहयोगका लागि आवश्यक , सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधनसंयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने , ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित र रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

- प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वास्थ्यकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त गर्नेछन्।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानीसाबुन तथा सफाइ सामग्रीसहित आवश्यक , किशोरीकाहरुका लागि ,सङख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल स्व ,उँहात धुने ठा ,प्रयोग भइसकेका सामग्री व्यवस्थापन ,चेन्ज रुमच्छ खानेपानीकक्षाकोठा , तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था हुनेछ ।
- विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापनबालबालिकाहरुको आवधिक , भिटामिन ए र आइरन फोलिक जुकाको औषधि तथा सुक्ष्म पोषक तत्व वितरण र ,स्वास्थ्य जाँच शोरीहरुकिका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष -२०८१) (८२ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८-5 ८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९८ | ९८ | १०० | १०० | १०० | १०० |
| २. | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका * (%) | ९९ | ९९ | १०० | १०० | १०० | १०० |
| ३. | दिवा खाजा प्राप्त गर्ने कक्षा | ७ | ७ | ७ | १० | १० | १० |
| ४. | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ५ | ५ | ५ | १० | १० | १० |
| ५ | खानेपानीशौचालय र प्राथमिक , स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | १० | १० | १० | १० | ३ | |
| ६ | नर्सिंग सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | ० | २ | २ | २ | २ |

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क्र | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| स | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | लक्ष्य १० बर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्यपोषण र , सरसफाइ तथा स्वच्छतासम्बन्धी मापडण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | १ | | | | | १ | २ | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा , पोषण र ,स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार , भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | | | १ | | | १ | २ | |
| ४ | स्वस्थ्यकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| ५ | तालिम/ प्रचार/ प्रसार मेनु तयारी र अन्य आवधिक क्षमता अभिवृद्धि क्रियाकलाप | निरन्तर | | | | | | | | |
| ६ | दिवा खजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी , किसान समूहलाइ तालिम तथा सहयोग | पटक | | १ | | | १ | २ | ४ | |
| ७ | कार्यक्रमको प्रभावकारीता कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटिको अध्ययन | पटक | १ | | | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त पानी साबुन तथा , सफाइसामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागी अलग अलग शौचालय तथा युरिनल , किशोरीहरुका लागि प्रयोग , चेनज रुम भइसकेका सामग्री हात धुने ,व्यवस्थापन ,स्वच्छ खानेपानी ,ठाउँ कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यव्‌सथा | निरन्तर | | | | | | | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरुका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | | | |
| १० | आवधिक स्वास्थ्य जाँच , जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरु भिटामिन ए र आइरन फोलिक , एसिड आदि प्रदान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | |
| १२ | विद्यालयमा स्वास्थ्य सरसफाइ तथा स्वच्छता पोषण र किशोररुहरुका लागि महिनावारी स्च्छतासम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.५ विद्यालय सुरक्षा विपद् ,न्यूनीकरण तथा उत्थानशीलता

विद्यालय सुरक्षा विपद न्युनिकरण र उत्थानशिलता भनेको विद्यालयको संरचना, वातावरण र समुदायलाई विपदबाट जोगाउने र कुनै विपदको सामना गर्दा पुनर्निर्माण गर्न सक्षम बनाउने तयारी र उपायहरूको एक प्रक्रिया हो। विपद न्युनिकरण (Disaster Risk Reduction) प्रक्रिया विद्यालयलाई कुनै प्रकारको विपद जस्तै भूकम्प, बाढी, आगलागी, चक्रवात, आदि बाट सुरक्षित राख्नका लागि तयारी र सुरक्षा उपायहरू गर्नमा केन्द्रीत हुन्छ । विपद न्युनिकरणका लागि विद्यालयले विभिन्न सुरक्षा उपायहरू अपनाउँने गर्दछन् । जस्तैः भूकम्पको तयारी, विपदको तालिम र अभ्यास, सुरक्षा उपकरणको व्यवस्था आदि ।नेपालका विद्यालयमा विपद न्युनिकरणका उदाहरणहरू नेपाल सरकारको "विपद सुरक्षा र विपदको तयारी प्रक्षिक्षण", भूकम्प प्रतिरोधी भवन निर्माण: २०१५ को भूकम्पपछि नेपालका विद्यालयहरूमा भूकम्प प्रतिरोधी निर्माणको महत्व बढेको छ। यसमा बागमती प्रदेशका विभिन्न विद्यालयहरू भूकम्प प्रतिरोधी भवन बनाउनका लागि प्रोत्साहित गरिएका छन्। उत्थानशिलता (Resilience) उत्थानशिलता भनेको कुनै विपदको समयमा विद्यालय र विद्यार्थीहरूको मानसिक र शारीरिक सुरक्षा सुनिश्चित गर्नका लागि तयारी र रणनीतिहरूको सेट हो। यसले विद्यालयलाई एक यस्तो समुदाय बनाउँछ, जसले विपदको सामना गर्दा कम क्षति र झटका सँगै छिटो पुनर्निर्माण गर्न सक्छ। नेपालका विद्यालयमा उत्थानशिलता कार्यक्रमका उदाहरणहरू "सहज पहुँच" कार्यक्रम, मानसिक स्वास्थ्य सम्बन्धी प्रशिक्षण, "हाम्रो विद्यालय, हाम्रो सुरक्षा" र "संवेदनशीलता बढाउने कार्यक्रम" समावेश छन्।

### ४.५.१ वर्तमान अवस्था

विद्यालय सुरक्षा, विपत न्यूनीकरण, र उत्थानशीलता एक महत्वपूर्ण विषय हुन्, जसले विद्यार्थीहरूको सुरक्षा र कल्याणलाई सुनिश्चित गर्न मद्दत पुर्याउँछन्। यी तीनवटै पक्षमा ध्यान दिनाले विद्यालयलाई सुरक्षित र सकारात्मक वातावरण प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।शैल्यशिखर नगरपालिकामा विद्यालय सुरक्षा, विपत्त न्यूनीकरण तथा उत्थानशीलताको अवस्था बालमैत्री र विपत्त उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरणको निर्माण गर्नु पर्ने रहेको दिखन्छ। विभिन्न विनाशकारी भू कम्पबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने अवस्थामा रहेका छन् ।कोभिड १९ जस्ता महामारीबाट प्रभावित विद्यालय तथा बालबालिकाको सङ्ख्या र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कामहरु सकारात्मक रुपमा अगाडी बढेका देखिन्छ ।

## ४.५.२ उद्देश्य

१ .सङकटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट प्रदेश र संघीय सरकारसंग समन्वय गरी पूर्व सावधानी  र तयारीको वातावरण निर्माण गर्नु ।

२ .सम्भावित सङकटको सामना गर्न अर्थात उत्थानशील प्रणाली स्थापित गर्नका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्न आवश्यक सहयोग गर्नु  ।

३ .सङकटको प्रतिकार्यको नगरपालिका स्तरीय संयन्त्र बनाउनु  ।

४ .नगरपालिका स्तरीय अल्पकालीन र दीर्घकालीन पुनस्थापना केन्द्रको विकास गर्नु ।

५ .विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्तको रूपमा स्थापित गरी बालबालिकाले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसरको वातावरण सिर्जना गर्नु ।

६ .कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरूको सहभागितालाइ सक्रिय र अर्थपूर्ण बनाउनु ।

७ .विद्यार्थीमा भएका मनोसामाजिक समस्याहरु शिक्षकबाट पहिचान गरी उनीहरुलाई नियमित मनोविमर्श प्रदान गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्नु ।

८. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सनिश्चित गर्नु ।

## ४.५.३ रणनीति

**उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति**

१. नगरपालिका स्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने।

२. संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना निर्माण तथा कार्यान्वयन गर्ने।

३. विपद् तथा संकट व्यवस्थापनसँग सम्बन्धित मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।

४. शिक्षा नीतिमा सुरक्षित विद्यालयका विषयहरूलाई समावेश गरी सुरक्षित विद्यालय रणनीति तयार तथा कार्यान्वयन गर्ने।

५. सबै विद्यालयहरूमा विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक यन्त्र–उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कानुन बनाई कार्यान्वयन गर्ने।

७. विद्यालयहरूमा बालबालिकाका लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी सुरक्षित र संरक्षित वातावरण सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने।

८. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाका रूपमा विकास गर्न विद्यालयहरूसँग समन्वय गर्ने।

९. विद्यालय हाताभित्र खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकसजस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्न विद्यालयहरूलाई सहयोग गर्ने।

१०. विद्यालयमा सुरक्षित विद्यालय तथा विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान प्रदान गरी विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा समावेश गरी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण तथा अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने।

११. सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीहरूका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गर्ने।

१२. मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाउनुका साथै शिक्षण–सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउन सहयोग र सहजीकरण गर्ने।

१३. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रका रूपमा विकास गर्न सहयोग तथा सहकार्य गर्ने।

१४. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गर्ने।

१५. विपद्का समयमा विद्यालय तथा शिक्षालय स्थानान्तरण गर्न स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण तथा स्याहारको उचित व्यवस्थापनसहित शिक्षण–सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

#### उपलब्धि

सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंशा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुने ।

१. भूकम्पको जोखिम भएका क्षेत्रहरूमा विद्यालयको भवन निर्माणका लागि विशेष ध्यान दिइनेछ। विद्यालयलाई भूकम्प प्रतिरोधी बनाउनका लागि इञ्जिनियरहरूद्वारा डिजाइन र निर्माण प्रक्रिया सुदृढ पार्ने काम गरिनेछ।

२. सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

#### प्रमुख नतिजा

१. सामान्य अवस्था र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।

३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने ।

४ .महामारी र संकटको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह सिकाइको निरन्तरता हुने ।

५. युद्ध, सामाजिक द्वन्द्व, हिंशा र बसाइसराइँको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

६. विद्यालयमा शिक्षक विद्यार्थी सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना हुने ।

७. मनोसामाजिक परामर्श सेवा प्राप्त गरी समस्यामा परिरहेका बालबालिकाको शिक्षामा सहभागिता अर्थपूर्ण हुने ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मु ख्य नतिजा

| क.स | सूचक | आधार वर्ष २०८१/८२ | २०८१ /८२ | २०८२/ ८३ | २०८३/ ८४ | २०८४ /८५ | २०८५/ ८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभू त जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखिकरण कार्यक्र म सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| २ | हरित विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरवलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पनुर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ४ | शिक्षक तथा विव्यस तालिम | संख्या | २० | २० | २० | २० | २० | १०० | १५० | |

## ४.६ विद्‌यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागिखेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ० ७५. वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १वर्गमिटर बराबरको ००. को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षानी २०५९क्षेत्रफलकोमापदण्ड शिक्षा नियमावली ति २०७६

ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षानीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षाक्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

शैल्यशिखर नगरपालिकाको वर्तमान अवस्था मूल्याङ्कन गर्दा अझै पनि झण्डै ५० प्रतिशत विद्यालयमा नियमित शैक्षिक कृयाकलाप सञ्चालनका लागि कक्षाकोठाको अभाव रहेको देखिन्छ। ३० प्रतिशत विद्यालयमा शिक्षक तथा विद्यार्थीका लागि प्रयाप्त फर्निचरको उपलब्धता छैन। बालमैत्री धाराछात्र , तथा विद्यालय खेल मैदान र घेर पर्खालको ,अपाङ्गमैत्री विद्यालय पूर्वाधार ,छात्राका लागि अलग्गै शौचालय अभाव छ। विद्यालयमा भौतिक पूर्वाधार अभाव कै कारण विद्यार्थीको भर्ना तथा टिकाउदर कम रहेको पाइन्छ।

### ४.६.२ उद्येश्य

क. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

ख. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रबलीकरण गर्नु ।

### ४.६.३ रणनितिहरु

क. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमामापदण्ड विकास तथा कार्यान्वयन गर्ने।

ख. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकैपटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।

ग. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

घ. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतसम्भार गर्ने।

ङ. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

सबै विद्यालयमा पर्याप्त रुपमा बालमैत्रीअपाङ्गमैत्री र सुरक्षित भौतिक संरचना निर्माण हुने। ,

प्रमुख नतिजाः

१. सबै विद्यालयहरुमा सुविधासम्पन्न बालमैत्रीअपाङ्गमैत्री र सुरक्षित भौतिक पूर्वाधार विकास भएको , हुनेछ।
२. विद्यालयहरुमा बनेका संरचनाहरुको संरक्षणसंवर्द्धन एवम् नियमित मर्मत सम्भार र सबलीकरण , पद्धतिको विकास भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष -२०८१) (८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८६-८६ |
|---|---|---|---|---|---|---|
| १. | भुकम्प प्रतिरोधी विद्यालय | १० | ५ | ५ | ५ | ५ |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० |
| ३ . | सबलीकरण गर्नुपर्ने कक्षाकोठा संख्या | १० | १० | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | ५ | १० | १० | १० | १० |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | ५ | २ | २ | २ | २ |

### ४.६.५ मुख्य कृयाकलापहरुः

| मुख्य कृयाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | १०वर्ष | |
| विद्यालय भवन निर्माण | संख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| विद्यालयभौतिक संरचना सबलीकरण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | | आवश्यकता अनुसार | | | | | | | |
| छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५२ | |
| प्रारम्भिक बालबिकासका लागि पानी तथा सरसफाईका साथै अलग्गै शौचालय | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजु सुची भर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालय भवन निर्माण ४) (कोठे | संख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| विद्यालय भवन मर्मत सम्भार तथा सबलीकरण | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| फर्निचर व्यवस्थापन | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० | |
| छात्रा र छात्रका लागि अलग्गै शौचालय व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५२ | |
| बालमैत्री धारा निर्माण | संख्या | १० | १० | १० | १० | २ | ४२ | ५२ | |
| अपाङ्गतामैत्री संरचना निर्माण | संख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| दिवा खाजाका लागि भान्सा निर्माण तथा व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४२ | |
| विद्यालय घेर पर्खाल निर्माण (हरित घेर पर्खाल सहित) | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| खेलमैदान निर्माण तथा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| एक विद्यालय एक उद्यान निर्माण | संख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| पुस्तकालयविज्ञान प्रयोगशाला , निर्माणतथा मर्मत | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाइ शिक्षण सिकाइका साधनका रूपमा पयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पर्याउन र शिक्षाका व्यवस्थापकीय तथा शासकीय पद्धतिलाइ कुशल र प्रभावकारी बनाइ सुशासनकोप्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिकोप्रयोगलाई सहयोग पुर्याउनु पर्दछ।त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लेसूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचनाप्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षाप्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ। कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रोपरम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना रप्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ । यही असमानतालाईमध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेकोखाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ। शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोगमार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष रप्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ। आधारभूत शिक्षा ६कक्षा )–८मा विज्ञान तथा प्रविधि २०७७को पाठ्यक्रम ( विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने

सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

### ४.७.२ उद्देश्य

क. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
ख. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउनु,
ग. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु।

### ४.७.३ रणनीतिहरु

क. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
ख. सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
ग. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने,
घ. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
ङ. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
च. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
छ. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Centre को स्थापना गर्ने,
ज. IEMIS लाइ थप व्यवस्थित गर्ने,
झ. विद्यालयका कक्षाकोठाहरु प्रविधि तथा सूचनामैत्री बनाइने,

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवद्र्धन हुने ।

प्रमुख नतिजाः

क. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ।
ख. विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच पुगेको हुनेछ।
ग. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुनेछ।
घ. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुनेछ।

ङ. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको हुनेछ।
च. सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।
छ. सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार भएको हुनेछ।
ज. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भएको हुनेछ।

## ४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८६/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको संख्या | ३० | ३५ | ३८ | ४० | ४२ | |
| २. | शिक्षण सिकाइ क्रियाकलाप मा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १० | ११ | १३ | १५ | २० | |
| ३ . | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय संख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | |

## ४.७.६ मुख्य क्रियाकलाप तथा लक्ष्यः

| मुख्य कृयाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५२ | |
| प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ५२ | - | - | - | - | ५२ | ५२ | |
| प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामाग्रीको उपलब्धता | | ५ | ५ | ५ | ५ | ५ | २५ | ५२ | |
| शिक्षकहरुको ICT को प्रयोग सम्बन्धी क्षमता विकास | जना | २० | २० | २० | २० | २० | १०० | २०० | |
| IEMIS व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| विद्यालयमा इ हाजिरी व्यवस्थापन | विद्यालय | ५ | १० | १० | १० | १० | ५२ | ५२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सबै विद्यालयका फोकल शिक्षकका लागि IEMIS व्यवस्थापन तालिम | जना | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| डिजिटल शैक्षिक सामग्री वितरण | विद्यालय | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | |
| प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षाकोठा | १० | १० | १० | १० | १० | ५० | १०० | |
| विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | १२ | १० | १० | १० | १० | ५२ | ५२ | |

# परिच्छेद : ५ अन्य उपक्षेत्र

## ५.१ माध्यमिक शिक्षा र उच्च शिक्षासम्बन्ध

माध्यमिक शिक्षा र उच्च शिक्षा बीचको सम्बन्ध एक महत्त्वपूर्ण शैक्षिक संरचना हो, जसले विद्यार्थीहरूको विकासमा ठूलो भूमिका खेल्दछ। माध्यमिक शिक्षा, जुन सामान्यतया कक्षा ९ देखि १२ सम्मको अध्ययनलाई जनाउँछ, विद्यार्थीहरूलाई आधारभूत ज्ञान र सीप प्रदान गर्ने प्रक्रिया हो। यसले उनीहरूलाई उच्च शिक्षा, जस्तै विश्वविद्यालय वा व्यावसायिक प्रशिक्षणमा प्रवेश गर्न आवश्यक तयारी गराउँछ।माध्यमिक शिक्षा अन्तर्गत विद्यार्थीहरूले विभिन्न विषयहरूको अध्ययन गर्दै आफ्नो रुचि र क्षमताको पहिचान गर्न सक्दछन्। यस प्रक्रियामा उनीहरूले जीवनका विभिन्न चुनौतीहरू सामना गर्न तथा निर्णय लिन आवश्यक सोच्ने क्षमताहरू विकास गर्दछन्।

उच्च शिक्षा विशेष ज्ञान र विशेषज्ञता हासिल गर्न केन्द्रित हुन्छ। यस चरणमा विद्यार्थीहरूले आफ्नो रुचिका विषयमा गहिरो अध्ययन गर्न पाउँछन्, जसले उनीहरूको भविष्यका करियर विकल्पहरूलाई फराकिलो बनाउँछ।यो सम्बन्ध केवल शैक्षिक पक्षमा सीमित नभई सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा पनि महत्त्वपूर्ण छ। माध्यमिक शिक्षा राम्रोसँग प्राप्त गरेका विद्यार्थीहरू उच्च शिक्षामा सफलताका लागि तयार हुन्छन्, जसले समग्र समाजको प्रगति र विकासमा योगदान पुर्‍याउँछ।यसप्रकार, माध्यमिक र उच्च शिक्षा बीचको समन्वय तथा निरन्तरताले विद्यार्थीहरूको शैक्षिक यात्रा र भविष्यका अवसरहरूको दायरा उजागर गर्दछ।

उच्च शिक्षालाई राष्ट्रका विभिन्न क्षेत्रमा योगदान दिन सक्ने उच्चस्तरीय दक्ष, समालोचक, सिर्जनशील, अनुसन्धानमूलक तथा विचारशील जनशक्ति उत्पादन गर्ने शिक्षाका रूपमा लिइन्छ। आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्य हासिल गर्दै “शैल्यशिखर, शैक्षिक नगर” भन्ने नारालाई सार्थक बनाउन योग्य जनशक्ति उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्नु उच्च शिक्षाको मर्म हो।एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु तथा आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवं प्रविधिमा दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षालाई समयसापेक्ष रूपमा विकास र विस्तार गर्नु आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नु पनि उत्तिकै अपरिहार्य छ।

नेपालको संविधानले केन्द्रीय विश्वविद्यालय सम्बन्धी अधिकार सङ्घ र उच्च शिक्षासम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेतापनि संविधानको अनुसूची मा ९-साझा अधिकारको सूचीमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध राखी आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ । नेपालको शिक्षाको संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेको जनशक्तिलाई उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ्य, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी,सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम

सञ्चालन तथा विश्वविद्यालयबाट आयस्रोतको परिचालन जस्ता नमुना विकास गर्न तीनै तहका सरकार, समुदाय तथा निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकासका साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ।

### ५.१ उद्देश्य

नेपालमा १७ वटा विश्वविद्यालय तथा ५ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भएका छन् । विभिन्न विश्वबिधालयका आंगिक र सम्बन्धन प्राप्त कयाम्पसहरुले उच्च शिक्षा प्रदान गर्दै आइरहेका छन् । त्रिभुवन विश्वविधाल अन्तर्गत ६० वटा आंगिक क्याम्पस छन् भने सामुदायिक क्याम्पसहरूको संख्या ५३७ वटा र निजी क्याम्पसहरूको संख्या ७५३ वटा रहेको छ । त्यसैगरी सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत १६ वटा आंगिक क्याम्पस सुदूर पश्चिमका जिल्लाहरूमा रहेका छन् । शैल्यशिखर नगरपालिकामा सुदूरपश्चिम विश्वविद्यालयको एक मात्र आंगिक क्याम्पसमा स्नातक तहमा शिक्षाशास्त्र, व्यवस्थापन, मानविकी, विज्ञान संकाय र शिक्षाशास्त्रमा स्नातकोत्तर तहको अध्यापन गराइन्छ । स्थानीय स्तरमा सबैको पहुच पुग्ने गरि सर्बसुलव ढंगबाट उच्च शिक्षा प्रदान गर्न शैल्यशिखरका जनसमुदाय राजनीतिक दल , नागरिक समाज ,, समाज सेवी आम ,वीवुद्धिजी ,शिक्षा प्रेमी ,शैल्यशिखर वासीको अथक प्रयास बाट २०६४ सालमा यस क्याम्पसको स्थापना भएको हो । क्याम्पसको स्थापना काल देखि नै साविक गा र हालको .स.वि.जि ,हरु.स.वि.शैल्यशिखर नगरपालिकाले क्याम्पसको आर्थिक शैक्षिक कार्यक्रममा सहयोग गर्दै आएको छन ।, भौतिक ,शैल्यशिखरका जनसमुदायलाई घर दैलोमा नै उच्च शिक्षा सर्भसुलभ रुपमा प्रदान गर्न यस , क्याम्पसलाई सुप विश्वविधालयको आंगिक क्याम्पस बनाउने प्रक्रिया २०७५ सालमा पूर्णता पाएको हो ।

### ५.२ रणनितिहरु

१. पाठ्यक्रम र शिक्षण विधिहरूको कार्यान्वयनको समस्या ।
२. शैक्षिक सामग्री, पुस्तकालय, र प्राविधिक उपकरणहरूको कमी ।
३. शैक्षिक शुल्क, साधन, र अन्य खर्चहरूको चाप ।
४. अध्ययनका लागि आवश्यक सुविधाहरू जस्तै प्रयोगशाला, र अन्य प्रविधिजन्य आधारभूत संरचनाको कमी ।
५. आधुनिक प्रविधिको प्रयोगमा कमी र यसको प्रभावको बारेमा ज्ञानको अभाव ।
६. बिद्यार्थीहरूलाई सही करियरको मार्गदर्शन र अवसरहरूको कमी ।
७. आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको लागि छात्रवृत्तिहरूको कमी ।
८. स्थानीय समुदायको शिक्षा र विकासमा सक्रिय सहभागिता कमी ।
९. जातीय र आर्थिक भेदभावका कारण शिक्षामा असमानता ।
१०. स्वास्थ्य सम्बन्धी समस्याहरू र क्याम्पसको सुरक्षाको कमी ।
११. विधार्थीहरुमा सिकाई प्रति जागरुकताको कमि ।
१२. प्राविधिक उच्च शिक्षाको अभाव ।

### ५.३ क्याम्पसका चुनौतिहरु

१. उच्च शिक्षामा नगरपालिकाभित्रका आर्थिक रूपले विपन्न र भौगोलिक रूपमा पिछडिएका माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुको सहभागिता गराउनु ।

२. प्राविधिक उच्च शिक्षामा जेहेन्दार तथा आर्थिक रुपले विपन्न विद्यार्थीहरुको पहुँचमा बृद्धि गर्नु ।
३. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु ।
४. भौगोलिक विकटता हुनु ।
५. कमजोर भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु ।
६. दक्ष र योग्य जनशक्तिको अभावका बाबजुद युग अनुकुलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु ।
७. उच्च शिक्षालाई व्यावसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारीन्यूनिकरण गर्नु ।
८. उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमा नै रोजगार सिर्जना गर्नु ।
९. नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकारक्षेत्रभित्र रहनु ।
१०. समुदायको आर्थिक अवस्था कमजोर हुनु ।

## ५.४ क्याम्पस का अवसरहरु

१. स्थानीय स्रोतको उपयोग, स्थानीय ज्ञान, परम्परा र संस्कृति को समावेश गरेर शिक्षा प्रदान गर्ने अवसर।
२. व्यावसायिक तालिम: स्थानीय उद्योग र व्यवसायका आवश्यकताअनुसार व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने मौका।
३. समुदायको सहभागिता: स्थानीय समुदायको सक्रिय सहभागिताबाट शिक्षा र विकासमा सहयोग पाउने अवसर।
४. अनलाइन शिक्षा: प्रविधिको उपयोग गरेर अनलाइन र दूरीको शिक्षा प्रवर्द्धन गर्ने।
५. संशोधन र नवप्रवर्तन: नयाँ शिक्षण विधि र पाठ्यक्रमको विकासमा प्रयोग गर्ने।
६. शिक्षा र स्वास्थ्य कार्यक्रम: सामुदायिक स्वास्थ्य र शिक्षा सँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने।
७. साझेदारी र सहयोग: विभिन्न संघसंस्था र सरकारी निकायसँग सहकार्य गरेर अनुदान र सहायता प्राप्त गर्ने अवसर।
८. पारिस्थितिकी र दिगो विकास: दिगो विकास र वातावरणीय शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने मौका।
९. सामाजिक र सांस्कृतिक गतिविधिहरू: विभिन्न सामाजिक र सांस्कृतिक गतिविधिहरूको आयोजना गरेर विद्यार्थी र समुदायलाई संलग्न गर्ने।
१०. शैल्यशिखरका महिला छोरी बुहारीहरू लाई अधययन गर्ने थलोको रुपमा विकास हुनु ।
११. अन्तर्राष्ट्रिय सहयोग: अन्तर्राष्ट्रिय शैक्षिक संस्थासँग सहकार्य गरेर ज्ञान र संसाधनको आदानप्रदान गर्ने अवसर।
१२. नगरपालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा यस पालिकाको उच्च शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु,
१३. प्रदेश सरकारले उच्च शिक्षा लाई प्राथमिकतामा राख्नु

## ५.५ क्याम्पस का लक्ष्यहरु

१. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक ,प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न सहयोग गर्नु ।

२. उच्च शिक्षालाई नगरपालिकाको समग्र सामाजिक र आर्थिक रूपान्तरणको लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संशाधन विकास गर्न सहजीकरण गर्नु ।
३. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गर्नु ।
४. प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नु ।
५. उच्च शिक्षा अधययन गर्ने प्रवृति घट्दै गैरहेकोले क्याम्पस भर्नामा बिमुख भैरहेका युवा जमातलाई विस्वस्त पार्दै उच्च शिक्षा प्रति आकर्सण बढाउनु।

## ५.६ क्याम्पसका रणनीतिहरु

१. नगरपालिकाभित्र सञ्चालनमा रहेको उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घ र प्रदेश तहको सरकारसँग समन्वय र सहकार्य गरी आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न सहजीकरण गरिनेछ ।

२. नगरपालिकामा सञ्चालन रहेको उच्च शिक्षा प्रदायक संस्थामा समतामूलक पहुँच र गुणस्तरअभिवृद्धि गरी उच्चशिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजीकरण गरिनेछ ।

३. नगरपालिकामा रहेका उच्च तहको शिक्षा प्रदायक संस्थाहरुको विस्तार, सवलीकरण, गुणस्तर विकास गर्न सहयोग गर्न सहयोग र सहजीकरण गरिनेछ ।

४. नगरपालिकामा बसोबास गर्ने विपन्न महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका वर्ग, क्षेत्र, समुदाय र जनजातिहरूलाई निश्चित मापदण्डका आधारमा उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्न लगानी गरिनेछ ।

५. नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यक पर्ने उच्च तहको जनशक्ति आपूर्ति गर्न सक्ने गरी उच्च शिक्षाका कार्यक्रमहरूलाई अगाडि बढाउन आवश्यक सहयोग गरिनेछ ।

६. ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुर्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोगजार प्रवद्र्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

७. शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि नगरलाई अनुसन्धान हबको रूपमा विकास गर्न एक अनुसन्धान केन्द्रको स्थापना गरी सोमार्फत क्याम्पसहरुलाई अनुसन्धान कार्यमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।

८. विपद्, महामारी र सङ्कटको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना गर्न सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

९. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित गरिनेछ ।

१०. माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गरिनेछ ।

११. शिक्षाको महत्व र आवश्यकताको बारेमा समग्र जनमानसमा जनचेतना जागाइ उल्लेखनीयरुपमा सहभागिता बढाउन प्रोत्साहित गरिने छ ।

१२. उच्च शिक्षामा अध्ययन गर्ने छात्राहरुका लागि स्यानिटेरी प्याडको व्यवस्थाका लागि पहल गरिने छ ।

१३. उच्च शिक्षामा अध्ययन गर्ने विधार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

## ५.७ अपेक्षित उपलब्धि

### क) उपलब्धि

उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित भई समतामूलक सहभागिता, सान्दर्भिकता र गुणस्तरमा सुधार हुने तथा उच्च शिक्षा र विद्यालय शिक्षाबीच राम्रो लम्बीय सम्बन्ध स्थापित हुने ।

### ख) प्रमुख नतिजाहरु

१. नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने उच्च शिक्षाका कार्यक्रमहरूमा समयानुकूल सुधार र स्तरोन्नति भएको हुने ।

२. नगरपालिकामा उपलब्ध जल, जमीन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्वतीय पर्यावरण, मौलिक कला संस्कति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान सुरुवात भएको हुने ।

३. उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई उत्पादन र आर्थिक उपार्जनसँग जोडेर स्वः रोजगारी सिर्जना र आत्मनिर्भर प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन भएका हुने ।

४. उच्च शिक्षालाई उद्यम र व्यवसायसँग जोडेर जनताको आर्थिक समृद्धि र विकासको साधक प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिएको हुने।

५. विपद्, महामारीको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नका लागि आवश्यक पर्ने प्रणाली स्थापना भएको हुने ।

६. क्याम्पसको सञ्चालन तथा व्यवस्थापनलाई नतिजामूलक बनाउनका लागि लगानीमा अभिवृद्धि भएको हुने ।

७. उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित भएको हुने ।

८. उच्च प्राविधिक जनशक्तिको रुपमा समाजका सबै वर्गका नागरिकहरुको प्रतिनिधीमूलक सहभागिता हुने ।

## ५.९ नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्यनबाट हासिल हुने परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी भर्ना | ५०० | ५०० | ६०० | ७०० | ८०० | ९०० |
| २ | क्याम्पस संख्या | १ | १ | १ | १ | १ | २ |

## ५.१० प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. \ | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | क्याम्पसको न्युनतम पूर्वाधार विकास एवं भौतिक सुधारमा सहयोग गर्ने | पटक | १ | २ | ३ | ४ | ५ | जम्मा | | नगरपालिका र क्याम्पस |
| २. | क्याम्पसमा आधारित अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ३. | स्वयम सेवक शिक्षक व्यवस्थापन | जना | | १. | | | | १. | १. | समन्वयमा |
| ४. | उच्च शिक्षा प्रदायक संस्थाहरुलाई प्रविधिमैत्री बनाउने कार्यमा समन्वय सहयोग | पटक | ० | १० | १० | १० | १० | ४० | १०० | नगरपालिका र क्याम्पस |
| ५. | इ-पुस्तकालयको स्थापना | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६. | उच्च शिक्षामा छात्रवृत्ति | जना | ० | १ | ० | १ | १ | ३ | २ | न.पा. र क्याम्पस |
| ७. | आर्थिक अनुदान | रकम हजारमा | ५० | ५० | ५० | ५० | ५० | २५० | ३०० | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०<br>लाख | २०<br>लाख | २०<br>लाख | २०<br>लाख | २०<br>लाख | १<br>करोड | २<br>करोड | |

# परिच्छेद : छ सुशासन तथा व्यवस्थापन

## ६ १.परिचय

अव्यवस्थित व्यवस्थापनले शिक्षाको विकाश सम्भव छैन । राम्रो व्यवस्थापनले नै शिक्षण संस्थाहरुको क्षमतामा विकाश भई सुशासन कायम हुने र शैक्षिक संस्थाहरुको क्षमतामा सुधार हुँने गर्दछ। जब शैक्षिक संस्थाहरुको क्षमतामा सुधार हुन्छ तब मात्र आशातित सिकाई उपलब्धि प्राप्त हुनसक्दछ । शैल्यशिखर नगरपालिकाले पनि शैक्षिक सुधार को साथै सिकाई उपलब्धिमा उच्चतम स्तर हासील गराउने चाहना स्वरूप शैक्षिक संस्थाहरुलाई व्यवस्थित गर्ने र तिनीहरुको क्षमता बिकाश गराउने विषयमा धेरै कसरत गरिरहेको अवस्था छ । त्यसका निम्ति शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधारको विकाशशुल्क दिवा खाजामा :नि ,बिद्यालय निरीक्षण एवं पृष्ठपोषण ,शिक्षकहरुको लागि तालिमको व्यवस्था , खेलकुदका ,शैक्षिक सामग्री ,खानेपानी ,विद्यालयमा शौचालय ,स व्यवस्थाछात्रवृतिको पर्या ,निरन्तरता ,कार्यक्रम एवं खेलकुदका सामानहरुको व्यवस्थाघेरा पर्खालविभिन्न खाले चेतना मुलक ,वृक्षारोपण , सबै बिद्यालयहरुमा ,कार्यक्रमहरुकिशोरीहरूसँग उपमेयर कार्यक्रमविविध विधामा प्रतियोगात्मक , | क्रम तथा अन्तरक्रिया लगायतका अन्य कार्यक्रमहरु पनि संचालन गरेको अवस्थ छकार्य तहगत प्रधानाध्यापकको व्यवस्था शिक्षा ,समितिको गठनस्थानिय पाठ्यक्रम ,नगर शिक्षा कार्यविधिको निर्माण , आधारित व्यवस्थापन आदि सफलताका साथ सम्पन्न गर्नु त्यसका निम्ति सफल कडीहरु हुन् । त्यसैमा बर्षे योजना निर्माण गरिएको छ । यसका साथै स्थानीय तहले राष्ट्रिय स्तरका १०भएर यो कार्यक्रमहरुसंग पनि तादात्म्यता गराउनु पर्ने भएकाले तपशिलको रष्ट्रिय नीतिलाई पनि आत्मसात गर्दै आएको छ । रष्ट्रिय नीति यहाँ प्रस्तुत गरिएको छ।

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध लाई जनाउँद छ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित तीन पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधानअनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्त्व, तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा

अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपुरक वा सम्पुरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ ।

## शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपअनुसार तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तरता दिने उद्देश्यले तत्कालीन समस्याहरू समाधान गर्न कर्मचारी व्यवस्थापन तथा संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुन सक्ने भएकाले संघीय संरचनाअनुसार तीन तहका सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि तथा सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई विचार गरी संस्थागत संरचना तथा क्षमता विकासमार्फत सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ। यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्दै गुणस्तर सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार तथा समता र समावेशिताको प्रवर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना तथा प्रक्रिया स्थापना गर्न खोजिएको छ। साथै, त्यसका लागि आवश्यक क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ।

यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न विद्यमान पद्धतिको समीक्षा गर्दै विद्यालय क्षेत्र योजनाको प्रभावकारी तथा कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा रहेका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्द्धन गर्न आवश्यक संरचना, क्षमता तथा प्रक्रियाको विकास र परिवर्तनका प्रस्तावहरू समेत प्रस्तुत गरिएको छ।

शैल्यशिखर नगरपालिकाले पनि संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा केहि काम गरेको छ। विद्यालयका भौतिक संरचनाहरुप ,शैक्षिक सुधारका कामहरु ,रीक्षा प्रणालीमा सुधारका अभ्यासहरु , शिक्षक विद्यार्थी अनुपात मिलाउने लगायतका कामहरु त्यसैको सिलसिलामा गरिएकासफलताहरु नै थिए । विगतका वर्षहरु भन्दा १ आएर शिक्षा प्रदायक संस्थाहरुको वर्ष यता २/संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा पहलकदमी केहि बढाईएको अवस्था छ ।

### ६.१.१ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु यस मन्त्रालयको प्रमुख दायित्व हो।

मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नहुँदा कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरूको विकासमा बाधा पुग्नुका साथै शैक्षिक गतिविधिहरू व्यवस्थित रूपमा सञ्चालन हुन नसकेको गुनासो सरोकारवालाहरूबाट आइरहेका छन्।सरकारका विभिन्न तहहरूबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नु आवश्यक देखिएको छ भने नतिजाप्रतिको जवाफदेहितामा पनि सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ–आफ्ना विशेषता र क्षमताअनुसार संस्थागत व्यवस्था, क्षमता विकास तथा सोअनुसार कार्यान्वयन गर्ने दिशामा थप कार्य गर्नुपर्ने देखिन्छ।

शैल्यशिखर नगरपालिकामा पनि वर्तमान कानुन (स्थानीय स्वायत्त शासन ऐन, २०७४) ले दिएका कर्तव्य, दायित्व र अधिकारभित्र पर्ने २३ वटा कार्यहरूमा केही मात्र भए पनि अभ्यासहरूको सुरुवात भइरहेको अवस्था छ।

### ६.१.२ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सह-अस्तित्व र सहकार्य, सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ ,प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने,
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने,
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,
५. खासगरी शैल्यशिखरको सिकाई उपलब्धि स्तर उकास्ने र जीवन उपयोगी बनाउने | आदि ,

### ६.१.३ रणनीतिहरू

१. संघप्रदेश र स्थानीय तहको अधिकार तथा दायित्त्व लगायतका पक्षहरूमा स्पष्टता कायम गर्न, आवश्यक कानुनी प्रबन्ध गरिने छ ।

२. संघप्रदेश र स्थानिय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्नुका साथै र कार्यान्वयन समिति ??? पनि गठन गरिने छ ।
३. शिक्षक तालिम केन्द्रहरू विस्तार तथा सुदृढ गरिने छ ।
४. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
५. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ, प्रदेश, स्थानीय तह तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
६. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता सुधार गरिने छ ।
७. प्रत्यक ५/५ वर्षमा बिधालय प्र.अ.हरुलाई आवस्यकता र औचित्यका आधारमा स्तानान्तरण गरिने वातावरण सिर्जना गरिने छ ।
८. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

शैल्यशिखर नगरपालिकाले पनि रास्ट्रिय रणनीति लाई पछ्याउदै आफ्नो अधिकार क्षेत्र भित्र रहेर र स्थानीय परिवेश सुहाँउँदो रणनीति बनाई अगाडी बढ्नेनै छ भिन्न त्यसैका लागि यो लगायत बि। क्रियाकलापहरु अगाडी बढाईरहेको छ ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने । यसका साथसाथै तपसिल बमोजिमका उपलब्धिहरू प्राप्त हुनेछन् ।

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ,
३. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ,
४. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएकोहुने छ ।

**ख) प्रमुख नतिजाहरू**

१. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हने ।
२. तीनै तहका सरकार विद्यालयलगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने ।
३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको
४. क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने ।
५. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रतिजवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १० | १० | १० | १० | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्तप्रधानाध्यापक सङ्ख्या | १० | १० | १० | १० | १० | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ५२ | ५२ | ५२ | ५२ | ५२ | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | ५ | ५ | ५ | ५ | |

## ६.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| सि.न. | प्रमुख क्रियाकलाप | इकाइ | **भौतिक लक्ष्य ५ वर्ष** | | | | | | भौतिक लक्ष १० बर्ष | जिम्मेवार पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | **जम्मा** | | |
| १. | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेशको समन्वय र सहकार्यमा |
| २. | सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना | | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेशको समन्वय र सहकार्यमा |
| ३. | नगरपलिकामा प्राविधिक एकाइ स्थापना | ओटा | १ | १ | १ | २ | २ | ७ | १० | संघ र प्रदेशको समन्वय र सहकार्यमा |
| ४ . | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेशको समन्वय र सहकार्यमा |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश सरकार र नगरपालिका |
| ६. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोज, प्रमाणीकरण र उपयोग गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेशको समन्वय र सहकार्यमा |
| ७. | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश सरकार र नगरपालिका |
| ८. | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | संख्या | १ | १ | २ | २ | २ | ८ | १० | प्रदेश सरकार र नगरपालिका |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम | पटक १ | १ | १ | १ | १ | १ | ५ | १२ | नगरपालिका |
| १०. | सामुदायिक विद्यायमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश सरकार र नगरपालिका |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ । कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति ,कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन् । यस परिच्छेदको अघिल्लो खण्डमा यस योजनाका लागि आवश्यक सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले कार्यान्वयन प्रबन्धको महत्त्वपूर्ण पक्षका रूपमा यसलाई लिई यस खण्डमा कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ । योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति ,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप पूर्ण रूपमा रुपान्तरण गर्ने कार्य पुरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रुपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नु पर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुयाउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु हो । उल्लिखित सन्दर्भमा यस खण्डमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनको प्रबन्ध उल्लेख गरिएको छ । कार्यान्वयन प्रबन्धको समग्र पक्षअन्तर्गत यस परिच्छेदको अघिल्लो खण्डमा उल्लिखित सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू पनि समावेश हुने भएकाले त्यसलाई समेत आधारमा मानेर कार्यान्वयन प्रबन्ध उल्लेख गरिएको छ । यस योजनाको अनुगमन तथा मूल्याङ्कनका विस्तृत रणनीति तथा क्रियाकलापहरू आगामी खण्डमा समावेश गरिएकाले यस खण्डमा कार्यान्वयन प्रबन्धको र जिम्मेवारी मात्र समावेश गरी संघ प्रदेश स्थानीय तह तथा विद्यालय अन्तर्गत कार्यन्वयनको जिम्मेवारी तथा प्रक्रिया इङ्गित गरिएको छ ।

नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप रुपान्तरण गर्न थप कार्य गर्नु पर्ने देखिन्छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने छ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक पद्धित, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय विकायहरू रहेका छन् । शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ र कक्षा १० मा सार्वजनिक परीक्षा सञ्चालन गरिरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एक एक ओटा शिक्षा विकास निर्देशनालय र एक एकओटा तालिम केन्द्रहरू रहेका छन् भने केही प्रदेशहरूले केही डिभिजनल कार्यालयहरू खोल्न थालेका छन् । स्थानीय तहमा शिक्षा महाशाखा तथा शाखा

रहेका छन् । प्रत्येक विद्यालयमा/विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकहरूमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । यसका अतिरिक्त संघीय शिक्षा मन्त्रालय अन्तरगत प्रत्येक जिल्लामा एउटाका दरले ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । संघीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएका सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

शैल्यशिखर नगरपालिकाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धमार्फत नगरभित्रको शिक्षाको गुणस्तर सुधार, पहुँच वृद्धि, र समावेशी शिक्षा प्रवर्द्धनका लागि विशेष पहलहरू गरिरहेको छ। यसले स्थानीय आवश्यकता, स्रोतसाधन, र समुदायको सहभागितालाई प्राथमिकता दिएर योजना तयार पार्छ र कार्यान्वयन गर्छ।.

### ६ .२.३.समस्या तथा चुनौतीहरू

१. स्रोत केन्द्र पद्धति विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको कठिनाइ हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु.।

२. तत्कालमा रहेका २९ शिक्षा तालिम केन्द्रलाई ७ ओटामा खुम्च्याइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु ।

३. एकातिर पर्याप्त कार्यविवरणा विना नै तत्कालिन जिल्ला शिक्षा कार्यालयहरूलाई जनशक्ति केही कम गरी ७७ ओटा जिल्ला शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण गरी संघीय शिक्षा मन्त्रालय अन्तर्गत राखिएको छ भने अर्कोतिर स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्थामा सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।

४. विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने र तदनुकूल कार्यान्वयन संयन्त्र पुनर्संरचित गर्नु ।

५. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।

६. संघ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु ।

### ६.३.३ योजना कार्यान्वयनको प्रबन्ध

यस योजना कार्यान्वयनको अवधिमा संघीय संरचनाअनुसार हालसम्म गरिएका कार्यान्वयन प्रबन्धको अनुभवका आधारमा कार्यान्वयन प्र बन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकार बिच जिम्मेवारी तथा उत्तरदायित्त्वको, स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच ठाडो अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको तेस्रो समन्वय तथा सञ्चार प्रणाली पनि स्थपित हुनुपर्छ । फेरि यस योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै स्थानीय तहले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ । , संघीय तहबाट शिक्षाका लागि प्रदेश तथा स्थानीय तहमा जाने अधिकांश बजेट सशर्त अनुदान हुने भएकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नु पर्ने हुन्छ भने प्रदेश तथा स्थानीय

तहले आफ्नै तथा अन्य स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता र समावेशिता प्रवर्धन गर्ने किसिमले व्यवस्थित गर्नु पर्दछ । प्रदेश तथा स्थानीय तहहरूले संघीय तहबाट प्राप्त सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकार संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ । शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिने छ।

**संघीय तह**

१. संघीय शिक्षा मन्त्रीको अध्यक्षतामा शिक्षा ऐनमा व्यवस्था भएअनुसारको राष्ट्रिय शिक्षा परिषदमा प्रदेश सामजिक विकास मन्त्री तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखको पनि प्रतिनिधित्व हुने व्यवस्था मिलाउनाका साथै यस परिषदको सचिवालय स्थापना गर्ने ।

२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा यस योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरी अन्तर मन्त्रालय तथा विभिन्न तहका सरकारहरू बिचको समन्वय र सहकार्यका लागि राष्ट्रिय विकास समस्या समाधान समितिले सहयोग गर्ने ।

३. शिक्षा सचिवको अध्यक्षतामा गठन हुने योजना कार्यान्वयन समिति शिक्षा मन्त्रालयको योजना महाशाखा प्रमुख, मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायतका प्रतिनिधि र प्रदेश समाजिक मन्त्रालयका सचिवको प्रतिनिधित्व रहने छ । यस समितिको बैठकमा आवश्यकता भएमा विकास साझेदारका प्रतिनिधिलाई पनि आमन्त्रित गर्न सकिने छ।

४. संघीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा मन्त्रालयको योजना महाशाखाले कार्यन्वयनका लागि सम्बन्धित निकायहरूबिच समन्वय गर्ने छन् भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको विकास, शैक्षिक सूचनाप्रणाली व्यवस्थापन र वार्षिक स्थिति प्रतिवेदन तयारी गर्ने छ ।

५. पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निर्धारित कार्यक्रम सञ्चालन गर्ने छन्।

६. शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महशाखाअन्तर्गतको वैदेशिक सहयता समन्वय शाखाले विकास सहायता सञ्चालनका लागि विकास साझेदारहरूबिच समन्वय गर्नेछ ।

**प्रदेश तह**

१. प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले प्रदेश शिक्षा विकास निर्देशनालयमार्फत आवश्यक समन्वय गर्नेछन् भने प्रदेश मातहतमा रहने शिक्षा डिभिजन कार्यालय तथा तालिम केन्द्रहरूले निर्धारित कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

२. प्रदेश शिक्षा डिभिजन कार्यालयमार्फत कार्यक्रम सम्बन्धमा स्थानीय तह तथा संघीय तहसँग आवश्यक समन्वय गर्नेछन् ।

३. योजनाका लागि संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानका अतिरिक्त अन्य अनुदान तथा प्रदेशको आफ्नै स्रोतबाट सञ्चालन हुनेगरी एकीकृत रूपमा वार्षिक योजना तयार प्रदेश सामाजिक विकास मन्त्रालयले तयार गर्ने छ भने कार्यान्वयनको अवस्थाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनेछन् ।

४. प्रदेशमा प्रदेश परीक्षा बोर्ड स्थापना गरी कक्षा १० को सार्वजनिक परीक्षा सञ्चालन गर्नेछन्

**स्थानीय तह**

स्थानीय तहले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्नेछन् ।

१. स्थानीय तहका शिक्षा महशाखाशाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्नेछन् ।

२. स्थानीय तहले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।

३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार स्थानीय तहले कानुन तथा मापदण्ड तथा निर्देशिका विकास गर्ने छ ।

४. स्थानीय तहले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने छन् ।

५. स्थानीय तहले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने छन् ।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी बार्षिक रूपमा अध्यावधिक गर्नेछन् ।

२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।

३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यपकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने छ ।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन्।

५. विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन् ।

६. विद्यालयले स्थानीय सरकारका सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोत व्यक्तिसमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापन समबन्धी सिप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने छन् । विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।

# परिच्छेद : ७ लगानी र श्रोत व्यवस्थापन

ज्ञान बिना प्रगती सम्भव छैन | शिक्षा बिना ज्ञान सम्भव छैन त्यसैले प्रगतिको लागि शिक्षामा लगानी अनिवार्य छ , शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकांक्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकांक्षा तथा आवश्यकता, यससम्बन्धी विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ ।यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन्।

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङक्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्टिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङकन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

## ७.१ वर्तमान अवस्था

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । सङघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको

आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । एकातिर शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

शैल्यशिखर नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा सुदुरपस्चिम प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत समस्या परिरहेको अवस्था छ । सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निःशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन । नगरपालिकाले पनि कुल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको शिक्षक, खेलकुद प्रशिक्षक, कर्मचारी, बालविकास शिक्षकको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन । शैल्यशिखर नगरपालिकाको समग्र शैक्षिक अवस्थामा सरकारको लगानी अप्रयाप्त रहेको छ भने उक्त रित्त परिस्थितिलाई पुरा गर्ने कार्य निजि लगानी बाट प्राप्त भैरहेको छ ।

संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ ।

एकातिर संवैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षामा क्षेत्रको लगानी र निजीको क्षेत्रमा संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ। राज्य संघीय स्वरूपमा व्यवस्थापन हुँदै गर्दा संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ।

शिक्षालाई फलदाई बनाउन यसमा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम हुन्छ र व्यवस्थित हुन्छ । यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

अहिले आएर शिक्षाको क्षेत्रमा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

## तालिका६- सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीको भर्नाको अवस्था

| क्र.स. | विद्यालयको नाम | शै. स. २०८० को विद्यार्थी भर्ना संख्या | | | शै. स. २०८१ को विद्यार्थी भर्ना संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री मालिकार्जुन आधारभुत विद्यालय थला (०-८) | ६१ | ६६ | १२७ | ५५ | ६८ | १२३ |
| २ | श्री मालिकार्जुन आधारभुत विद्यालय सैनिवन (०-५) | १३ | १७ | ३० | १२ | १६ | २८ |
| ३ | श्री गोगाड आधारभुत विद्यालय मल्लाथला | १३ | १८ | ३१ | ९ | ८ | १७ |
| ४ | श्री लटिनाथ आधारभुत विद्यालय वारील | ६६ | ६४ | १३० | ६३ | ६९ | १३२ |
| ५ | श्री कृष्ण मा.वि. बलाच | १५७ | १५३ | ३१० | १७५ | १६६ | ३४१ |
| ६ | श्री जोगेउडा आ.वि. जोगेउडा | २३ | २० | ४३ | २२ | १७ | ३९ |
| ७ | श्री सिवसेटी आ.वि. वारील | २८ | १७ | ४५ | २४ | १४ | ३८ |
| ८ | श्री सत्य प्रकाश मा.वि. देथला | १४५ | १२३ | २६८ | १३५ | १२३ | २५८ |
| ९ | श्री भूमिराज आ.वि. तौकी | १०९ | ९१ | २०० | १०० | ७६ | १७६ |
| १० | श्री सरस्वती आ.वि. थामु | २८ | ३६ | ६४ | ३० | ३१ | ६१ |
| ११ | श्री जलदेवी आ.वि. रत्यौडा | ७३ | ७७ | १५० | ८५ | ७५ | १६० |
| १२ | श्री लटिनाथ आ.वि. छोला | १२ | १२ | २४ | १५ | ११ | २६ |
| १३ | श्री जगन्नाथ आ.वि. लुइटा | ९७ | ८१ | १७८ | ७४ | ६८ | १४२ |
| १४ | श्री लटिनाथ आ.वि. दार्मा | ८८ | ११६ | २०४ | ८४ | ११५ | १९९ |
| १५ | श्री मालिकार्जुन मा.वि. काडापारी | १८७ | १५१ | ३३८ | १९७ | १५१ | ३४८ |
| १६ | श्री भुमिराज मा.वि. तल्लोकाडापारी | १०९ | ९१ | २०० | ११० | ९२ | २०२ |
| १७ | श्री लटिनाथ आ.वि.ओसिल | ३६ | ३५ | ७१ | २० | २८ | ५७ |
| १८ | श्री जनप्रिय आ.वि. रातापानी | ३८ | ३३ | ७१ | ३० | ३० | ६० |
| १९ | श्री भुवनेश्वर आ.वि. सल्लेधार | ७ | १५ | २२ | ७ | १० | १७ |
| २० | श्री नवदेव आ.वि. काडाँपारी | ३५ | ३१ | ६६ | २८ | ३५ | ६३ |
| २१ | श्री लटिनाथ आ.वि.बर्मुडे | ९८ | ९६ | १९४ | ७६ | ७० | १४६ |
| २२ | श्री जगन्नाथ आ.वि. बजानी | ४९ | ३० | ७९ | ३६ | २६ | ६२ |
| २३ | श्री भागिरथी आ.वि. सेतकला | ९१ | ७१ | १६२ | ८४ | ६९ | १५३ |
| २४ | श्री मालिकार्जुन मा.वि. आगर | २१६ | २२२ | २३८ | २०४ | २०१ | ४०५ |
| २५ | श्री कैलासकुट आ.वि. ओखडानी | १० | ६ | १६ | ८ | ५ | १३ |
| २६ | श्री पशुपति भवन मा.वि. ग्वानी | २२१ | २०० | ४२१ | २४१ | २१० | ४५१ |
| २७ | श्री मालिकार्जुन आ.वि. किडेपातल | १५ | २० | ३५ | १६ | १७ | ३३ |
| २८ | श्री शैल्य आ.वि. उल्लानी | ४४ | ३३ | ७७ | ४१ | २८ | ६९ |
| २९ | श्री शैल्यशिखर आ.वि. पनेवाज | २८ | ३७ | ६५ | २४ | २९ | ५३ |
| ३० | श्री मालिकार्जुन मा.वि. मिलमिली | १४४ | १५० | २९४ | १५४ | १५१ | ३०५ |
| ३१ | श्री लटिनाथ आ.वि. खोल्सी | ५७ | ६६ | १२३ | ३४ | ५६ | ९० |
| ३२ | श्री धर्मदेव जगन्नाथ आ.वि. माम्च | २२ | २८ | ५० | १६ | २४ | ४० |
| ३३ | श्री हुनैनाथ मा.वि. देवथली | ८१ | ८० | १६१ | ८२ | ६८ | १५० |
| ३४ | श्री भैरवनाथ आ.वि. दोबाटा | २३ | ११ | ३४ | १९ | ७ | २६ |
| ३५ | श्री लटिनाथ आ.वि. बन्तोली | १५ | १७ | ३२ | १३ | ११ | २६ |
| ३६ | श्री बद्रिनाथ मा.वि. वोहरीगाँउ | ११५ | १०१ | २१६ | ६९ | ६५ | १३४ |
| ३७ | श्री सृजनशिल आ.वि. सुपले | १४ | २१ | ३५ | ५ | १३ | १८ |
| ३८ | श्री मालिकार्जुन आ.वि. रिम्बाटा | २४ | ३३ | ५७ | २० | २३ | ४३ |
| ३९ | श्री सरस्वती आ.वि. अम्तोली | १४ | १७ | ३१ | ९ | १७ | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४० | श्री मालिकार्जुन आ.वि. मल्चोरा | ३९ | ४६ | ८५ | ३४ | ४७ | ८१ |
| ४१ | श्री लटिनाथ मा.वि. तल्चौरा | ७७ | ९३ | १७० | ८१ | ७४ | १५५ |
| ४२ | श्री गलैनाथ मा.वि. झरकाँडा | १४५ | १३० | २७५ | १५१ | १३८ | २८९ |
| ४३ | श्री मसिना आ.वि. अम्तोली पपरथला | २६ | १४ | ४० | १७ | ७ | २४ |
| ४४ | श्री लटिनाथ आ.वि. मट्युल | १९ | २३ | ४२ | | | |
| ४५ | श्री गोकुलेश्वर मा.वि. गोकुले | २४८ | २४६ | ४९४ | २८३ | २९८ | ५८१ |
| ४६ | श्री लटिनाथ आ.वि. धानाखेती | १६ | ११ | २७ | १० | ६ | १६ |
| ४७ | श्री शैल्शिखर आ.वि. ठुल्सैनी | १३ | १७ | ३० | १४ | १३ | २७ |
| ४८ | श्री लटिनाथ मा.वि. बस्कोट | १३२ | १५० | २८२ | १२७ | १२७ | २५४ |
| ४९ | श्री गलैनाथ वेतालेश्वर प्रा.वि. नायल | ३० | ३८ | ६८ | ११ | २३ | ३४ |
| ५० | श्री बेतालेश्वर आ.वि. नायल नक्तड | ७५ | ९१ | १६६ | ६८ | ८५ | १५३ |
| ५१ | श्री मालिकार्जुन आ.वि. रातिसैनी | ३२ | १८ | ५० | २७ | १३ | ४० |

**तालिका-** ***संस्थागत विद्यालयमा विद्यार्थीको भर्नाको अवस्था***

| क.स. | विद्यालयको नाम | शै. स. २०८० को विद्यार्थी भर्ना संख्या | | | शै. स. २०८१ को विद्यार्थी भर्ना संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री चौलिनी बोर्डिङ्ग स्कुल (०-१०) | १२३ | २६४ | ३८७ | १८३ | ३३७ | ५२० |
| २ | श्री माउन्ट शिखर बोर्डिङ्ग स्कुल (०-५) | २३ | ५० | ७३ | ४० | ७५ | ११५ |
| ३ | श्री माउन्ट अपिनाम्पा पब्लिक स्कुल (०-५) | २० | २४ | ४४ | २६ | ६६ | ९२ |
| ४ | श्री न्यु मालिकार्जुन बोर्डिङ्ग स्कुल (०-५) | ४ | ५ | ९ | ९ | २५ | ३४ |

प्रस्तुत तथ्याङ्क केलाउंदा शैल्यशिखरका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्न थालेको प्रष्ट देखिन्छ भने संस्थागत बिधालयमा बढीरहेको देखिन्छ । शिक्षा नीति र लगानीमा राज्यको अदुरदृष्टिले गर्दा विद्यार्थी सङ्ख्या क्रमशः सामुदायिक विद्यालयमा घट्दै गैराखेको अवस्था छ । संस्थागत बिधालयले शिक्षा क्षेत्रमा गरेको लगानीलाई पनि सरकारले सकतात्मक रुपमा हेर्नु पर्दछ । संस्थागत बिधालयलाई पनि राज्यको मुलधारमा समावेश गरि गुणस्तरीय शिक्षाको बिकासमा एकरुपता ल्याउनु पर्छ।

१. शिक्षामा गरेको लगानीको वस्तुपरक रूपमा यति लगानी गरेपछि यति उपलब्धि भयो भन्न गाह्रो छ, किनकि शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिँदैन। फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्न सहज छैन। शिक्षामा गरिने लगानीलाई मानव संसाधन विकासका लागि गरिने लगानीका रूपमा लिइने गरेको पाइन्छ। यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धिलाई हेर्ने गरिन्छ। नेपालमा शिक्षामा लगानीका सम्बन्धमा शिक्षक व्यवस्थापनको स्वरूप र शिक्षामा राज्यको लगानीको विषय सर्वाधिक पेचिलो बनेको छ। तर त्यसो हुनु पर्ने होइन।
२. उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा शैल्यशिखरमा रहेका देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः
३. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु पर्ने,
४. संघ, प्रदेश बाहेक स्थानीय सरकारलाई पनि शिक्षामा थप लगानीको लागि जिम्मेवार बनाईनु पर्ने,

५. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्र अभिभावकको तर्फ/बाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सामाजिक दायित्त्व एवं सेवामूलक भावनालाई प्रोत्साहन गरिनु पर्ने,

६. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु पर्ने,

७. दातृ संस्थाहरु बाट सहायता प्राप्ति, परिचालन, घट्दै गएको ले त्यस प्रकारका सहायताहरु लाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्नु पर्ने,

८. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्नु पर्ने,

९. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु पर्ने,

१०. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु पर्ने,

११. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु पर्ने,

१२. वित्तीय व्यवस्थापनलाई कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु पर्ने,

१३. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु पर्ने ।

१४. शैल्यशिखरमा कार्यरत शिक्षकहरुको कार्य क्षमता वृद्धि गर्न तालिम तथा कार्यशालाहरु संचालन गर्नु पर्ने | आदि ,

## ७.२ उद्येश्यहरु

शैक्षिक सुधारका निम्ति तयार पारिएको नगर दश वर्षे योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरि कार्यन्वयन गर्नु,

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु,

६. उपलब्धिमुलक र औचित्यको आधारमा पारदर्शी एवं दिगो हुनेगरी लगानीका कार्यक्रम बनाई सिघ्र परिणाम दिनेगरी लगानीको श्रोत पहिचान सहित लगानीको प्रवन्ध गर्नु,

७. बिद्यालयहरुमा भौतिक निर्माण तथा खरिदको लागि एउटा छुट्टै नगर स्तरीय *विकास निर्माण विभाग* of *Dipartment* (*DDC-Construction and Development*) खडा गरी नियमित कामगर्ने वातावरण बनाउनु| आदि ,

### ७.३ रणनितिहरु

शैल्यशिखर नगरपालिकाको दश वर्षे शिक्षा योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिएको छ ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।

३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गर्नुको साथै स्थानीय सरकारबाट आवश्यकतामा आधारित विशेष बजेटको व्यवस्था गरिने छ ।

४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

५. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।

६. मापदण्डका आधारमा खर्चनिष्पक्ष अनुगमन एवं , यथार्थ प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।

७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

८. स्थानीय सरकारको तर्फ बाट शिक्षाका नयाँ नयाँ आयाम तथा पद्धतिहरुको प्रयोगगरी शिक्षा लिने दिने प्रक्रियालाई सहज र जीवन्त गर्न निरन्तर बजेटको व्यवस्था गर्नुको साथै नियमित फलोअप गरिने छ ।

### ७.४ प्रमुख उपलब्धि

शैल्यशिखरको आगामी दश वर्षे योजना अवधिको लक्ष प्राप्तिको लागि निम्न अनुसारको लगानीको क्षेत्र र स्रोत व्यवस्थापन अनुमान गरिएको छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएकोहुने छ

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भईयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

क. संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटः

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष/बजेट | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | १५० | २०० | २२० | २०६० | २७० | २९०० | ५८०० |
| २ | आधारभूत शिक्षा | ८०० | १००० | १३०० | १३५० | १४०० | ५८५० | ११७०० |
| ३ | माध्यमिक शिक्षा | ७०० | १२०० | १३०० | १३५० | १४०० | ५९५० | ११९०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | | | | | ० | ० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १५० | १८० | २०० | २५० | २८० | १०६० | २१२० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | ३९०० | ४००० | ४०५० | ४१०० | ४२०० | २०२५० | ४०५०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३५०० | ४०५० | ४१०० | ४१५० | ४२०० | २०००० | ४०००० |
| ८ | शैक्षिक समता र समावेशीकरण | २१०० | २२०० | २२५० | २३०० | २३५० | ११२०० | २२४०० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १३८ | १७० | २०० | २३० | २६० | ९९८ | १९९६ |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | ४५० | ५२० | ५४० | ५६० | ५८० | २६५० | ५३०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | ३०० | ४०० | ५०० | ६०० | १८०० | ३६०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६३४ | ६४० | ६६० | ६९० | ७२० | ३३४४ | ६६८८ |
| १३ | सुशासन तथा व्यवस्थापन | ३५०० | ३७५० | ३८०० | ३८५० | ३९०० | १८८०० | ३७६०० |

ख. प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट:

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | | १५० | १८० | २०० | ३०० | ८३० | १६६० |
| २ | आधारभूत शिक्षा | | १६० | २०० | २५० | ३८० | ९९० | १९८० |
| ३ | माध्यमिक शिक्षा | | १८० | २०० | २५० | ३९० | १०२० | २०४० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | | | | | ० | ० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | ० | ० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | | | | | | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | | | | | ० | ० |
| ८ | शैक्षिक समता र समावेशीकरण | | १५० | २०० | २८० | ३०० | ९३० | १८६० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | ० | ० |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | | | | | | ० | ० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | ० | ० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | १२० | १५० | २०० | २५० | ७२० | १४४० |
| १३ | सुशासन तथा व्यवस्थापन | १५०० | २०५० | २१०० | २१५० | २२०० | १०००० | २०००० |

ग. स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटः

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ५५० | ६०० | ७०० | ८०० | ९०० | ३५५० | ७१०० |
| २ | आधारभूत शिक्षा | ६३०० | ६४५० | ६५०० | ६५५० | ६६०० | ३२४०० | ६४८०० |
| ३ | माध्यमिक शिक्षा | ५३०० | ५३५० | ५४०० | ५४५० | ५६०० | २७१०० | ५४२०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १०० | ११० | १२० | १३० | १४० | ६०० | १२०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | २५० | २७० | २८० | २९० | ३१० | १४०० | २८०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ८०० | ९०० | १०५० | १०६० | ११०० | ४९१० | ९८२० |
| ८ | शैक्षिक समता र समावेशीकरण | १०० | १०२० | १०४० | १०६० | १०८० | ४३०० | ८६०० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | | | | | ० | ० |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | १८०० | १९०० | २००० | २०५० | २१५० | ९९०० | १९८०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | २५०० | २६०० | २७०० | २९५० | ३००० | १३७५० | २७५०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ७०० | १०२० | १०४० | १०६० | १०८० | ४९०० | ९८०० |
| १३ | सुशासन तथा व्यवस्थापन | २५० | ३९० | ४१० | ४४० | ४७० | १९६० | ३९२० |

घ. अन्य संघ संस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानितबजेटःरु१०००

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३००० |
| २ | आधारभूत शिक्षा | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ६००० |
| ३ | माध्यमिक शिक्षा | | | | | | ० | ० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | | | | | | ० | ० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | | | | | | ० | ० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | | | | | | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ६०० | ५५० | ६०० | ६५० | ७०० | ३१०० | ६२०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | | | | | | ० | ० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ८०० | १०५० | ११०० | ११५० | १२०० | ५३०० | १०६०० |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | २५० | २५० | ३०० | ३५० | ४०० | १५५० | ३१०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ९०० | ८५० | ९०० | ९५० | १००० | १२७०० | २५४०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ११० | १२० | १४० | १६० | २०० | ७३० | १४६० |
| १३ | सुशासन तथा व्यवस्थापन | ५५० | ५५० | ६०० | ६५० | ७५० | ३१०० | ६२०० |

योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रियाः

| क्र.सं. | अनुदान प्राप्त हुने | आर्थिक वर्ष | ५ | १० |
|---|---|---|---|---|

| | उपक्षेत्र/विषय | २०८१/ ८२ | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | वर्षको जम्मा | वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ९०० | १२०० | १४०० | ३४१० | १८७० | ८७८० | १७५६० |
| २ | आधारभूत शिक्षा | ७६०० | ८१६० | ८६०० | ८८०० | ९०८० | ४२२४० | ८४४८० |
| ३ | माध्यमिक शिक्षा | ६००० | ६७३० | ६९०० | ७०५० | ७३९० | ३४०७० | ६८१४० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ० | १०० | १५० | २०० | ३०० | ७५० | १५०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २५० | २९० | ३२० | ३८० | ४२० | १६६० | ३३२० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मूल्याङ्कन | ४१५० | ४२७० | ४३३० | ४३९० | ४५१० | २१६५० | ४३३०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ४९०० | ५५०० | ५७५० | ५८६० | ६००० | २८०१० | ५६०२० |
| ८ | शैक्षिक समता र समावेशीकरण | २२०० | ३३७० | ३४९० | ३६४० | ३७३० | १६४३० | ३२८६० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ९३८ | १२२० | १३०० | १३८० | १४६० | ६२९८ | १२५९६ |
| १० | विद्यालय सुरक्षा विपद् न्यूनीकरण र उत्थानशिलता | २५०० | २६७० | २८४० | २९६० | ३१३० | १४१०० | २८२०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३४०० | ३७५० | ४००० | १२५०० | ४६०० | २८२५० | ५६५०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १४४४ | १९०० | १९९० | २११० | २२५० | ९६९४ | १९३८८ |
| १३ | सुशासन तथा व्यवस्थापन | ५८०० | ६७४० | ६९१० | ७०९० | ७३२० | ३३८६० | ६७७२० |

# परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवं उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपछि पनि गरिन्छ।

अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकिएका पाठहरूको आधार तथा संघीय संरचनाको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्र योजनामा संघीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सबै निकाय र सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन ढाँचा, साधन, विषय र प्रतिवेदनसम्बन्धी विषयहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ८.१ वर्तमान अवस्था

शैक्षिक कार्यक्रमहरूमा स्रोत–साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा सुनिश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवं जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान अवस्थाको बारेमा जानकारी गराउँछ।

नेपालमा आठौं योजनादेखि नै अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा समेटेको पाइन्छ। राष्ट्रिय स्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समीक्षा गर्ने गरिन्छ।

राष्ट्रिय शिक्षा प्रणाली योजनाको अवधिमा शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा रहेकोमा २०४९ पछि यसलाई अनुगमन शाखाका रूपमा विकास गरियो भने २०६३ पछि अनुगमन महाशाखाका रूपमा विकास गरिएको थियो। संघीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास

निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ। विद्यालय निरीक्षक तथा स्रोत केन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवं शिक्षण–सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकोमा हाल स्रोत केन्द्र खारेज भएका कारण सुपरिवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन। दिगो विकास लक्ष्यको शिक्षा सम्बन्धी लक्ष्य नं. ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना तथा नेपाल सरकारका नीति, कार्यक्रम र बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ।

१. वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र कमजोर पक्षहरूको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वयनको अवस्थाबीचको अन्तर पत्ता लगाउन नतिजा तालिकाअनुसार सूचना सङ्कलन गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारका रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतका विषयमा पनि तथ्याङ्क सङ्कलन कार्य सुरु गरिएको छ। बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न भएको छ। विद्यालय तह, स्थानीय तह, प्रदेश तथा संघीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहयोगको कतिपय अंश लक्ष्यित नतिजामा आधारित गरी बाह्य संस्था वा विज्ञद्वारा भुक्तानी सूचकहरू रुजु गरेर मात्र उपलब्धिअनुसार सरकारले भुक्तानी पाउने व्यवस्था पनि गरिएको छ।
२. उल्लिखित प्रबन्ध भए तापनि संघीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी आवश्यक नतिजाहरू सबै तहका सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु आवश्यक छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीमार्फत तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने व्यवस्था गर्नु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

३. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवं राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकहरूको निर्माण तथा सूचकसँग परिचित सीप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्तिको विकास गर्नु।

४. अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपन हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु तथा पर्याप्त साधन–स्रोतको प्रबन्ध गर्नु।

५. अनुगमन प्रतिवेदनलाई व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु तथा संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण र सुपरिवेक्षणको कार्य पुनर्संगठित गर्नु।

६. सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु।

७. तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु तथा सहभागितामूलक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु।

८. अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगलाई व्यापक बनाउनु।

९. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु।

## ८.२ उद्देश्य

१. प्रभावकारीसहयोगी ,सुधारात्मक , तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

## ८.३ रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।
२. अनुगमन पूर्णतया सहयोगात्मक एवं सुधारात्मक पद्धतिमा आधारित हुनेछ र सबै प्रकारका अनुगमनहरु शिक्षकको पेशागत विकासमा सहयोगी सिद्ध हुनेछन |
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारीबनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिने छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ ।
४. सूचक विकासका लागि प्रमुख नतिजा सूचक तथा नतिजा खाका लाई मुख्य आधार बनाइने छ ।
५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गरिने छ ।

६. विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइने छ ।

७. योजनाका आगत प्रक्रिया, परिणाम उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ र कुन तहले कुन कुन स्तर कुन कुन विषयको अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिने छ ।

८. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गरिने छ ।

९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिने छ ।

१०. अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइने छ ।

११. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमनतथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ ।

१२. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।

१३. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित आवधिक मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।

१४. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिने छ ।

१५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, परिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ ।

## ८.४ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

### उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

सञ्चालन गरिने छन:

१. गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना कार्यक्रमको कार्यान्वयनमा समन्वय, अनुगमन र मूल्याङ्कन भएको हुनेछ ।
२. गाउँ शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमनका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा समूह परिचाललन गरेको हुनेछ ।
३. शिक्षा,युवा तथा खेलकुद शाखाद्वारा योजना अनुगमन तथा मूल्याङ्कनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलगायत अन्य सरोकारवलाहरुलाई प्रविधिक सहयोग उपलब्ध गरिएको हुनेछ ।
४. प्रत्येक विद्यालयले मासिक रूपमा विद्यालय प्रगति प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने व्यवस्था मिलाईएको हुनेछ ।
५. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र मुद्दा हेर्न गाउँपालिकामा विशेष समिति रहने छ जुन समितिले विद्यालयको अनुगमन निरीक्षण गरी विद्यालयका समस्या तथा चुनौति मूल्याङ्कन गरी गाउँ शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाईएको हुनेछ
६. सुशासन र पारदर्शिता कायम राख्न सामाजिक र आर्थिक लेखा परीक्षणका कार्यक्रम प्रभावकारी ढङ्गले परिचालन गरिएको हुनेछ ।
७. विद्यालयमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई शैक्षिक व्यवस्थापनको अभिन्न अङ्गका रूपमा विकास गरी अनुगमन मूल्याङ्कनबाट प्रभावकारी कार्यन्वयनमा गरिएको हुनेछ ।
८. विद्यार्थी मूल्याङ्कन र प्रमाणिकरणमा गाउँपालिका भरी एकरूपता कायम गरिएको हुनेछ ।

### प्रमुख नतिजाहरू

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने ।
२. सहयोगात्मक एवं सुधारात्मक अनुगामन पद्धति लागु गरिने ।
३. अनुगमनका आधारमा नतिजा सुधार हुने ।
४. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने ।
६. विभन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

## ८.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | क्रियाकलाप | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | लक्ष्य १० बर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनको जिम्मेवारी सहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास | संघ, प्रदेस , न.पा. | | | | | | | | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अध्यावधिक गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफुले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | संघ , नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको मासिक तथा बार्षिक समीक्षा तथा प्रतिवेदन | नगरपालिका | प्रत्यक महिना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ५ | शैक्षिक सूचना व्यवस्थापन । सुधार–पटक पद्धतिमा सुधार गरी तीनै तहका सरकारले आवश्यक कार्यान्वयन–पटक सूचना लिन सक्ने गरी एकीकृत तथा | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थित गर्ने | | | | | | | | | |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | शिक्षा शाखा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ७ | विभिन्न कार्यक्रमको आवधिक। कार्यक्रम मूल्याङ्कन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ८ | शिक्षा क्षेत्रको योजना। पटक कार्यान्वयनको समग्र मूल्याङ्कन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि। परीक्षण गर्ने | शिक्षा शखा र सम्बन्धित बिधालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | विस र .व्य. लिकानगरपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ११ | स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन गर्ने | नगरपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| १२ | मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गर्ने | संघ , नगरपालिका र विधालय | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | नगरपालिका |
| १३ | विद्यालयहरूमा गरिने। विद्यालय सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | सम्बन्धित विधालय | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विधालय |
| १४ | विद्यालयहरूको लेखा परीक्षण | सम्बन्धित | १ | १ | १ | १ | १ | ५ | १० | सम्बन्धित विधालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विधालय | | | | | | | | |
| १५ | विभिन्न विषय तथा मुद्दामा । अध्ययन तथा अनुसन्धान | विषय शिक्षक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | निरन्तर तथा आवधिक | विधालय तथा शिक्षक |

अनुसूचीहरु

**अनुसूची — १ : शिक्षा योजना तर्जुमाका लागि गठित कार्यदलका सदस्यहरूको नामावली**

नगरप्रमुख श्री विजय सिंह धामी –संयोजक

वडा नं. १ अध्यक्ष श्री भरत बहादुर खडायत – सदस्य

कार्यपालिका सदस्य पार्वती जोशी – सदस्य

स्वास्थ्य शाखा प्रमुख श्री शिवदत्त जोशी – सदस्य

शिक्षा समति सदस्य श्री गणेश राज विष्ट – सदस्य

प्रधानाध्यापक इस्वर सिह धामी - सदस्य

सुरेन्द्र बहादुर विष्ट - सदस्य सचिव

## अनुसूची — २ : मस्यौदा लेखन उप–समिति

| |
|---|
| श्री मनोरथ जोशी — संयोजक |
| श्री रमेश चन्द्र जोशी — सदस्य |
| श्री परमानन्द जोशी — सदस्य |
| श्री तीर्थराज पन्त — सदस्य |
| श्री दान बहादुर विष्ट — सदस्य |
| श्री गंगादत्त जोशी — सदस्य |
| श्री बलदेब भट्ट — सदस्य |
| श्री विष्णु दत्त जोशी — सदस्य |
| श्री केशब दत्त मिश्र— सदस्य |

## अनुसूची ३ विद्यालयगतरुपमा विद्यार्थी विवरण

| क्र.सं | विद्यालयको नाम | वडा न. | छात्र | छात्रा | जम्मा | दलित | | | जनजाती | | | अपाङ्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री मालिकार्जुन आधारभुत विद्यालय थला | १ | ६८ | ५५ | १२३ | १५ | १८ | ३३ | | | ० | ० | २ | २ |
| २ | श्री मालिकार्जुन आधारभुत विद्यालय सैनिवन | १ | १६ | १२ | २८ | | | ० | | | ० | | | ० |
| ३ | श्री गोगाड आधारभुत विद्यालय मल्लाथला | १ | ८ | ९ | १७ | | | ० | | | ० | | | ० |
| ४ | श्री लटिनाथ आधारभुत विद्यालय वारील | १ | ६८ | ६२ | १३० | ८ | १० | १८ | | | ० | | | ० |
| ५ | श्री कृष्ण मा.वि. बलाच | १ | १६७ | १७७ | ३४४ | २९ | ३३ | ६२ | १ | | १ | २ | | २ |
| ६ | श्री जोगेउडा आ.वि. जोगेउडा | १ | १७ | २२ | ३९ | ५ | १२ | १७ | | | ० | १ | १ | २ |
| ७ | श्री सिवसेटी आ.वि. वारील | १ | १४ | २४ | ३८ | ११ | १८ | २९ | | | ० | | १ | १ |
| ८ | श्री सत्य प्रकाश मा.वि.देथला | २ | १२२ | १३५ | २५७ | ४२ | ४५ | ८७ | | १ | १ | | | ० |
| ९ | श्री भूमिराज आ.वि. तौकी | २ | ७६ | १०१ | १७७ | २ | ३ | ५ | | | ० | | | ० |
| १० | श्री सरस्वती आ.वि. थामु | २ | ३१ | ३० | ६१ | १ | ३ | ४ | | | ० | २ | ० | २ |
| ११ | श्री जलदेवी आ.वि. रत्यौडा | २ | ७५ | ८५ | १६० | ६२ | ६८ | १३० | ३ | | ३ | २ | २ | ४ |
| १२ | श्री लटिनाथ आ.वि. छोला | २ | ११ | १५ | २६ | ९ | १२ | २१ | | | ० | | | ० |
| १३ | श्री जगन्नाथ आ.वि. लुइटा | ३ | ६८ | ७४ | १४२ | ४६ | ४९ | ९५ | | | ० | १ | १ | २ |
| १४ | श्री लटिनाथ आ.वि. दार्मा | ३ | ११५ | ८४ | १९९ | ३८ | ३७ | ७५ | | | ० | | | ० |
| १५ | श्री मालिकार्जुन मा.वि. काडापारी | ४ | १५१ | १९८ | ३४९ | १४ | २१ | ३५ | | | ० | | २ | २ |
| १६ | श्री भुमिराज मा.वि. तल्लोकाडापारी | ४ | ९२ | ११० | २०२ | २३ | २२ | ४५ | | | ० | १ | ० | १ |
| १७ | श्री लटिनाथ आ.वि.ओसिल | ४ | २८ | २९ | ५७ | | | ० | | | ० | | | ० |
| १८ | श्री जनप्रिय आ.वि. रातापानी | ४ | ३० | ३० | ६० | १ | ० | १ | | | ० | १ | ० | १ |
| १९ | श्री भुवनेश्वर आ.वि. सल्लेधार | ४ | १० | ७ | १७ | ० | २ | २ | | | ० | ५ | ४ | ९ |
| २० | श्री नवदेव आ.वि. काडाँपारी | ४ | ३५ | २८ | ६३ | | | ० | | | ० | ३ | | ३ |
| २१ | श्री लटिनाथ आ.वि.बर्मुडे | ५ | ७० | ७६ | १४६ | | | ० | | | ० | | | ० |
| २२ | श्री जगन्नाथ आ.वि. बजानी | ५ | २६ | ३६ | ६२ | ४ | ११ | १५ | | | ० | १ | २ | ३ |
| २३ | श्री भागिरथी आ.वि. सेतकला | ५ | ६७ | ८५ | १५२ | | | ० | | | ० | | | ० |
| २४ | श्री मालिकार्जुन मा.वि. आगर | ५ | २०२ | २०४ | ४०६ | ६ | १२ | १८ | | १ | १ | ० | १ | १ |
| २५ | श्री कैलासकुट आ.वि. ओखडानी | ५ | ५ | ८ | १३ | | | ० | | | ० | | | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | श्री पशुपति भवन मा.वि. ग्वानी | ६ | २१० | २४१ | ४५१ | २२ | २४ | ४६ | | | ० | १ | ० | १ |
| २७ | श्री मालिकार्जुन आ.वि. किडेपातल | ६ | १७ | १६ | ३३ | ८ | ७ | १५ | | | ० | | | ० |
| २८ | श्री शैल्य आ.वि. उल्लानी | ६ | २८ | ४१ | ६९ | | | ० | | | ० | | | ० |
| २९ | श्री शैल्यशिखर आ.वि. पनेवाज | ६ | २९ | २४ | ५३ | | | ० | | | ० | | | ० |
| ३० | श्री मालिकार्जुन मा.वि. मिलमिली | ६ | १५१ | १५४ | ३०५ | १९ | १० | २९ | | | ० | २ | १ | ३ |
| ३१ | श्री लटिनाथ आ.वि. खोल्सी | ७ | ५६ | ३४ | ९० | ४ | २ | ६ | | | ० | १८ | ७ | २५ |
| ३२ | श्री धर्मदेव जगन्नाथ आ.वि. माम्च | ७ | २५ | १६ | ४१ | ३ | २ | ५ | | | ० | | | ० |
| ३३ | श्री हुनैनाथ मा.वि. देवथली | ७ | ६८ | ८१ | १४९ | १ | ० | १ | | | ० | | | ० |
| ३४ | श्री भैरवनाथ आ.वि. दोबाटा | ७ | ७ | १९ | २६ | ० | १ | १ | | | ० | | | ० |
| ३५ | श्री लटिनाथ आ.वि. बन्तोली | ७ | १३ | १३ | २६ | ० | २ | २ | | | ० | | | ० |
| ३६ | श्री बद्रिनाथ मा.वि. वोहरीगाँउ | ७ | ६५ | ६९ | १३४ | ६ | १ | ७ | | | ० | | | ० |
| ३७ | श्री सृजनशिल आ.वि. सुपले | ८ | १३ | ५ | १८ | | | ० | | | ० | | | ० |
| ३८ | श्री मालिकार्जुन आ.वि. रिम्बाटा | ८ | ३१ | २३ | ५४ | | १ | १ | | | ० | ० | १ | १ |
| ३९ | श्री सरस्वती आ.वि. अम्तोली | ८ | १७ | ९ | २६ | २ | १ | ३ | | | ० | | | ० |
| ४० | श्री मालिकार्जुन आ.वि. मल्चोरा | ८ | ४७ | ३४ | ८१ | २२ | २० | ४२ | | | ० | | | ० |
| ४१ | श्री लटिनाथ मा.वि. तल्चौरा | ८ | ७५ | ८२ | १५७ | ३ | १ | ४ | | | ० | २१ | २८ | ४९ |
| ४२ | श्री गलैनाथ मा.वि. झरकाँडा | ८ | १५३ | १६३ | ३१६ | ९ | १७ | २६ | | | ० | | | ० |
| ४३ | श्री मसिना आ.वि. अम्तोली पपरथला | ८ | ७ | १७ | २४ | | | ० | | | ० | | | ० |
| ४४ | श्री लटिनाथ आ.वि. मट्युल | ८ | | | ० | | | ० | | | ० | | | ० |
| ४५ | श्री गोकुलेश्वर मा.वि. गोकुले | ९ | ३०० | २८५ | ५८५ | ११६ | १११ | २२७ | १ | | १ | २ | २ | ४ |
| ४६ | श्री लटिनाथ आ.वि. धानाखेती | ९ | ६ | १० | १६ | ० | १ | १ | | | ० | | १ | १ |
| ४७ | श्री शैल्शिखर आ.वि. ठुल्सैनी | ९ | १३ | १४ | २७ | १ | १ | २ | | | ० | | | ० |
| ४८ | श्री लटिनाथ मा.वि. बस्कोट | ९ | १३० | १२९ | २५९ | ४१ | ३० | ७१ | | | ० | | | ० |
| ४९ | श्री गलैनाथ वेतालेश्वर प्रा.वि. नायल | ९ | २३ | ११ | ३४ | २० | ९ | २९ | | | ० | | | ० |
| ५० | श्री बेतालेश्वर आ.वि. नायल नक्तड | ९ | ८५ | ६७ | १५२ | ४६ | ३६ | ८२ | ६ | ३ | ९ | १ | | १ |
| ५१ | श्री मालिकार्जुन आ.वि. रातिसैनी | ९ | १३ | २७ | ४० | ११ | २६ | ३७ | | | ० | | | ० |

## अनुसूची ४ तहगत शिक्षक तथा कर्मचारी विवरण (संघीय अनुदान प्राप्त)

| क्र.सं | विद्यालयको नाम | बालविकास शिक्षक | प्राथमिक तह दरबन्दी | | निम्नमाध्यमिक तह दरबन्दी | | माध्यमिक तह दरबन्दी | | साविकको उच्च माध्यमिक | संघीय अनुदान प्राप्त | विद्यालय कर्मचारी | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | स्थायी | राहत | स्थायी | राहत | | | | |
| १ | श्री मालिकार्जुन आधारभुत विद्यालय थला | १ | ३ | ० | | | | | | | | १ |
| २ | श्री मालिकार्जुन आधारभुत विद्यालय सैनिवन | १ | १ | १ | | | | | | | | १ |
| ३ | श्री गोगाड आधारभुत विद्यालय मल्लाथला | ० | ० | | | | | | | | | १ |
| ४ | श्री लटिनाथ आधारभुत विद्यालय वारील | १ | ३ | | | | | | | | | १ |
| ५ | श्री कृष्ण मा.वि. बलाच | १ | ३ | | ४ | | ३ | १ | ३ | | १ | १ |
| ६ | श्री जोगेउडा आ.वि. जोगेउडा | ० | १ | १ | | | | | | | | १ |
| ७ | श्री सिवसेटी आ.वि. वारील | १ | | २ | | | | | | | | १ |
| ८ | श्री सत्य प्रकाश मा.वि. देथला | १ | ३ | | २ | २ | १ | २ | २ | | १ | १ |
| ९ | श्री भूमिराज आ.वि. तौकी | ० | ३ | | | २ | | | | | | १ |
| १० | श्री सरस्वती आ.वि. थामु | १ | २ | १ | | | | | | | | १ |
| ११ | श्री जलदेवी आ.वि. रत्यौडा | १ | ३ | | | १ | | | | | | १ |
| १२ | श्री लटिनाथ आ.वि. छोला | १ | १ | १ | | | | | | | | १ |
| १३ | श्री जगन्नाथ आ.वि. लुइटा | १ | ३ | | | | | | | | | १ |
| १४ | श्री लटिनाथ आ.वि. दार्मा | २ | ३ | १ | | | | | | | | १ |
| १५ | श्री मालिकार्जुन मा.वि. काडापारी | १ | ५ | | ३ | | | २ | २ | | १ | १ |
| १६ | श्री भुमिराज मा.वि. तल्लोकाडापारी | २ | ३ | | | | | | | | | १ |
| १७ | श्री लटिनाथ आ.वि.ओसिल | ० | १ | १ | | | | | | | | १ |
| १८ | श्री जनप्रिय आ.वि. रातापानी | | १ | १ | | | | | | | | १ |
| १९ | श्री भुवनेश्वर आ.वि. सल्लेधार | १ | | २ | | | | | | | | १ |
| २० | श्री नवदेव आ.वि. काडाँपारी | १ | | | | | | | | | | १ |
| २१ | श्री लटिनाथ आ.वि.बर्मुडे | ० | ३ | | | | | | | | | १ |
| २२ | श्री जगन्नाथ आ.वि. बजानी | १ | २ | १ | | | | | | | | १ |
| २३ | श्री भागिरथी आ.वि. सेतकला | १ | ४ | | | | | | | | | १ |
| २४ | श्री मालिकार्जुन मा.वि. आगर | ० | ५ | | १ | २ | | १ | | | १ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | श्री कैलासकुट आ.वि. ओखडानी | १ | | १ | | | | | | | | १ |
| २६ | श्री पशुपति भवन मा.वि. ग्वानी | २ | ५ | | | १ | | | | | १ | १ |
| २७ | श्री मालिकार्जुन आ.वि. किडेपातल | ० | | २ | | | | | | | | १ |
| २८ | श्री शैल्य आ.वि. उल्लानी | १ | ३ | | | | | | | | | १ |
| २९ | श्री शैल्यशिखर आ.वि. पनेवाज | १ | १ | १ | | | | | | | | १ |
| ३० | श्री मालिकार्जुन मा.वि. मिलमिली | ० | ५ | | ४ | | | ३ | २ | | १ | १ |
| ३१ | श्री लटिनाथ आ.वि. खोल्सी | १ | २ | १ | | | | | | | | १ |
| ३२ | श्री धर्मदेव जगन्नाथ आ.वि. माम्च | ० | | २ | | | | | | | | १ |
| ३३ | श्री हुनैनाथ मा.वि. देवथली | १ | ३ | | १ | | | | | | १ | १ |
| ३४ | श्री भैरवनाथ आ.वि. दोबाटा | १ | | | | | | | | | | १ |
| ३५ | श्री लटिनाथ आ.वि. बन्तोली | ० | | | | | | | | | | १ |
| ३६ | श्री बद्रिनाथ मा.वि. वोहरीगाँउ | ० | ५ | | | ३ | | १ | | | १ | १ |
| ३७ | श्री सृजनशिल आ.वि. सुपले | १ | | | | | | | | | | १ |
| ३८ | श्री मालिकार्जुन आ.वि. रिम्बाटा | १ | | २ | | | | | | | | १ |
| ३९ | श्री सरस्वती आ.वि. अम्तोली | १ | | १ | | | | | | | | १ |
| ४० | श्री मालिकार्जुन आ.वि. मल्चोरा | १ | | | | | | | | | | १ |
| ४१ | श्री लटिनाथ मा.वि. तल्चौरा | १ | ३ | | | | | | | | | १ |
| ४२ | श्री गलैनाथ मा.वि. झरकाँडा | १ | ४ | | २ | १ | २ | १ | २ | | १ | १ |
| ४३ | श्री मसिना आ.वि. अम्तोली पपरथला | ० | ३ | | | | | | | | | १ |
| ४४ | श्री लटिनाथ आ.वि. मट्युल | १ | | १ | | | | | | | | १ |
| ४५ | श्री गोकुलेश्वर मा.वि. गोकुले | २ | ४ | | ३ | | ९ | | ३ | | १ | १ |
| ४६ | श्री लटिनाथ आ.वि. धानाखेती | ० | २ | | | | | | | | | १ |
| ४७ | श्री शैल्शिखर आ.वि. ठुल्सैनी | १ | १ | १ | | | | | | | | १ |
| ४८ | श्री लटिनाथ मा.वि. बस्कोट | १ | ५ | | | ३ | | १ | | | १ | १ |
| ४९ | श्री गलैनाथ वेतालेश्वर प्रा.वि. नायल | २ | ३ | १ | | | | | | | | १ |
| ५० | श्री बेतालेश्वर आ.वि. नायल नक्तड | १ | ५ | | | १ | | | | | | १ |
| ५१ | श्री मालिकार्जुन आ.वि. रातिसैनी | १ | | | | | | | | | | १ |

## अनुसूची ५ तहगत शिक्षक तथा कर्मचारी विवरण (पालिकाबाट अनुदान प्राप्त)

| क.सं . | विद्यालयको नाम | बालविकास शिक्षक अनुदान | प्राथमिक तह अनुदान | नि.मा. तह अनुदान | माध्यमिक तह अनुदान | साविकको उच्च माध्यमिक तह अनुदान | विद्यालय कर्मचारी अनुदान | विद्यालय सहयोगी अनुदान |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मालिकार्जुन आधारभुत विद्यालय थला | | | ३ | | | | |
| २ | श्री मालिकार्जुन आधारभुत विद्यालय सैनिवन | | १ | | | | | |
| ३ | श्री गोगाड आधारभुत विद्यालय मल्लाथला | १ | १ | | | | | |
| ४ | श्री लटिनाथ आधारभुत विद्यालय वारील | | १ | ४ | | | | |
| ५ | श्री कृष्ण मा.वि. बलाच | | | | | | | १ |
| ६ | श्री जोगेउडा आ.वि. जोगेउडा | १ | | | | | | |
| ७ | श्री सिवसेटी आ.वि. वारील | | | | | | | |
| ८ | श्री सत्य प्रकाश मा.वि. देथला | | | | १ | १ | | १ |
| ९ | श्री भूमिराज आ.वि. तौकी | | | १ | २ | | | |
| १० | श्री सरस्वती आ.वि. थामु | | | | | | | |
| ११ | श्री जलदेवी आ.वि. रत्यौडा | | | २ | | | | |
| १२ | श्री लटिनाथ आ.वि. छोला | | | | | | | |
| १३ | श्री जगन्नाथ आ.वि. लुइटा | | १ | ३ | | | | |
| १४ | श्री लटिनाथ आ.वि. दार्मा | | | ३ | | | | |
| १५ | श्री मालिकार्जुन मा.वि. काडापारी | | | | २ | १ | | २ |
| १६ | श्री भुमिराज मा.वि. तल्लोकाडापारी | | १ | ३ | | | | |
| १७ | श्री लटिनाथ आ.वि.ओसिल | १ | १ | | | | | |
| १८ | श्री जनप्रिय आ.वि. रातापानी | १ | १ | | | | | |
| १९ | श्री भुवनेश्वर आ.वि. सल्लेधार | | | | | | | |
| २० | श्री नवदेव आ.वि. काडाँपारी | | | | | | | |
| २१ | श्री लटिनाथ आ.वि.बर्मुडे | १ | | ३ | | | | |
| २२ | श्री जगन्नाथ आ.वि. बजानी | | १ | | | | | |
| २३ | श्री भागिरथी आ.वि. सेतकला | | | ३ | | | | |
| २४ | श्री मालिकार्जुन मा.वि. आगर | १ | | १ | १ | ३ | | १ |
| २५ | श्री कैलासकुट आ.वि. ओखडानी | | १ | | | | | |
| २६ | श्री पशुपति भवन मा.वि. ग्वानी | | २ | ३ | २ | | | १ |
| २७ | श्री मालिकार्जुन आ.वि. किडेपातल | १ | | | | | | |
| २८ | श्री शैल्य आ.वि. उल्लानी | १ | | | | | | |
| २९ | श्री शैल्यशिखर आ.वि. पनेवाज | | २ | | | | | |
| ३० | श्री मालिकार्जुन मा.वि. मिलमिली | १ | | | १ | | | १ |
| ३१ | श्री लटिनाथ आ.वि. खोल्सी | | | ४ | | | | |
| ३२ | श्री धर्मदेव जगन्नाथ आ.वि. माम्च | | २ | | | | | |
| ३३ | श्री हुनैनाथ मा.वि. देवथली | | १ | २ | | ३ | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | श्री भैरवनाथ आ.वि. दोबाटा | | २ | | | | | |
| ३५ | श्री लटिनाथ आ.वि. बन्तोली | | २ | | | | | |
| ३६ | श्री बद्रिनाथ मा.वि. वोहरीगाँउ | १ | | १ | ३ | | | १ |
| ३७ | श्री सृजनशिल आ.वि. सुपले | | २ | | | | | |
| ३८ | श्री मालिकार्जुन आ.वि. रिम्बाटा | | २ | | | | | |
| ३९ | श्री सरस्वती आ.वि. अम्तोली | | | | | | | |
| ४० | श्री मालिकार्जुन आ.वि. मल्चोरा | | | | | | | |
| ४१ | श्री लटिनाथ मा.वि. तल्चौरा | १ | | ३ | ३ | | | |
| ४२ | श्री गलैनाथ मा.वि. झरकाँडा | | १ | १ | १ | १ | १ | १ |
| ४३ | श्री मसिना आ.वि. अम्तोली पपरथला | १ | | | | | | |
| ४४ | श्री लटिनाथ आ.वि. मट्युल | | १ | | | | | |
| ४५ | श्री गोकुलेश्वर मा.वि. गोकुले | | | | १ | | १ | १ |
| ४६ | श्री लटिनाथ आ.वि. धानाखेती | | १ | | | | | |
| ४७ | श्री शैल्शिखर आ.वि. ठुल्सैनी | १ | | | | | | |
| ४८ | श्री लटिनाथ मा.वि. बस्कोट | | | १ | २ | | | १ |
| ४९ | श्री गलैनाथ वेतालेश्वर प्रा.वि. नायल | | | | | | | |
| ५० | श्री बेतालेश्वर आ.वि. नायल नक्तड | | | ३ | | | | |
| ५१ | श्री मालिकार्जुन आ.वि. रातिसैनी | | | | | | | |

## अनुसूची ६ शिक्षा योजना कार्यान्वयनका लागि सम्भावित साझेदार निकायहरु

नेपाल सरकार

सुदुरपश्चिम प्रदेश सरकार

नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरु

सामुदायिक ग्रामीण विकास समाज

विश्व खाद्य कार्यक्रम

विश्व शिक्षा नेपाल

गुड नेवर्स इन्टरनेशनल

सिटिईभिटी

सामुदायिक विकास केन्द्र डोटी

युनिसेफ

European Union